नेपाल सरकार

# गृह मन्त्रालय

# वार्षिक प्रगति प्रतिवेदन

## २०७६/०७७












"राष्ट्रिय एकता र जनसेवाको लागि गृह प्रशासन"

# वार्षिक प्रगति प्रतिवेदन

## २०७६/०७७

सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ४१ तथा सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ को प्रयोजन समेतका लागि)

नेपाल सरकार

**गृह मन्त्रालय**

सिंहदरबार, काठमाडौं

# सम्पादन मण्डल

**संयोजक**

दुण्डीप्रसाद निरौला
सह-सचिव

**सह-संयोजक**

विजया कुमारी प्रसाई
उप-सचिव

**सदस्यहरू**

शाखा अधिकृत अनिलराज कोईराला
शाखा अधिकृत कृष्ण पौडेल
कम्प्युटर अधिकृत भवानी थपलिया जोशी


**प्रकाशक**

नेपाल सरकार
गृह मन्त्रालय
**योजना अनुगमन तथा मूल्याङ्कन शाखा**
फोनः ०१-४२११२७७, ४२११२६२
इमेलः mohaplanning@yahoo.com
वेवसाईट : www.moha.gov.np

प्रकाशित मिति : २०७७ साल श्रावण

प्रकाशन : ५०० प्रति



सर्वाधिकार
नेपाल सरकार
गृह मन्त्रालय
योजना अनुगमन तथा मूल्याङ्कन शाखा


---


मुद्रण : एम.एस. प्रिन्टिङ्ग सोलुसन, काठमाडौं, फोनः ०१-४१०८११०, msprintingsolution@gmail.com

नेपाल सरकार

# गृह मन्त्रालय

पत्र संख्याः-
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:-

सिंहदरबार,
काठमाडौं, नेपाल ।

## मन्तव्य



आर्थिक वर्ष २०७६/७७ मा गृह मन्त्रालय र मातहत निकायबाट भए गरेका महत्वपूर्ण कार्यप्रगति, मन्त्रालय तथा मातहत निकायको नीतिगत सुधार, मन्त्रालयसँग सम्बन्धित वार्षिक भौतिक तथा वित्तीय प्रगति, चालु तथा पुँजीगत खर्चको प्रगति लगायत अन्य विषयको मुलभूत जानकारी सहितको वार्षिक प्रगति प्रतिवेदन प्रकाशन हुन लागेकोमा मलाई खुसी लागेको छ ।

नेपाल सरकारको नीति तथा कार्यक्रम र बजेट एवं गृह प्रशासन सुधार कार्ययोजनाको कार्यान्वयन मार्फत मुलुकको शान्ति सु-व्यवस्था कायम भई विकासको लागि बलियो आधार तयार गर्ने कार्य भएको छ । यसैवीच विश्वव्यापी महामारीका रुपमा देखा परेको कोभिड-१९ को प्रकोपले सिर्जना गरेको चुनौतीहरुको सामना गरी रोकथाम एव नियन्त्रण गर्न गृह मन्त्रालय तथा मातहतका निकायहरु परिचालित भएका छन् ।

विकास र शान्तिको मूलवाहकको रुपमा रहेको गृह प्रशासनले भ्रष्टाचार प्रतिको शून्य सहनशीलताको नीतिलाई पूर्ण रुपमा अंगिकार गरेको छ । संघीयता कार्यान्वयनको महत्वपूर्ण पक्षको रुपमा रहेको नेपाल प्रहरीको सवलीकरणसंगै सुरक्षा व्यवस्थालाई प्रभावकारी बनाउन प्रहरी समायोजनको कार्य अन्तिम चरणमा रहेको छ। सीमा सुरक्षा एवं सीमा अपराध र तस्करी नियन्त्रणलाई प्रभावकारी वनाउन यस आ.ब.मा ३६ स्थानमा थप गरी कूल BOP को संख्या १४३ पुगेको छ । यसलाई ५०० संख्यामा पुऱ्याउने ध्येयका साथ काम भैरहेको छ। विपद्को पूर्वतयारी, खोज, उद्धार, राहत र पुनःर्स्थापनामा सवै संयन्त्रहरु परिचालन गरिएको छ । यसै आर्थिक वर्षदेखि यस मन्त्रालय मातहत राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको स्थापना भई विपद् व्यवस्थापनको कार्य थप प्रभावकारी रुपमा अगाडि बढेको छ । नीतिगत तथा कानूनी सुधारका क्रममा विभिन्न १९ भन्दा वढी विषयमा कानून तर्जुमा तथा संशोधनका कार्य भएका छन् । मन्त्रालय र मातहत निकायको कार्य पद्धतिलाई उत्तरदायी, अनुमानयोग्य र पारदर्शी तुल्याउने क्रममा विभिन्न कार्यविधि र निर्देशिकाहरु जारी भई कार्यान्वयनमा ल्याइएको छ ।

सामाजिक सुरक्षाका कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्न घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन प्रणालीको कार्य शुरुवात गरिएको छ। अध्यागमन प्रणालीलाई प्रविधिमैत्री बनाउने कार्यक्रम मार्फत वायोमेट्रिक पहिचान सहितको नेपाली सफ्टवेयर कार्यान्वयनमा आएको छ। तथ्य र वैज्ञानिक प्रणालीमा आधारित अपराध अनुसन्धान र अभियोजन प्रणालीको विकास र प्रविधिमैत्री अनुसन्धानको लागि Cyber Digital Lab स्थापना र CCTV Camera जडान लगायतका कार्य भएका छन्। यसै वर्ष लागू औषध सम्वन्धी सर्वेक्षण भई प्रतिवेदन समेत सार्वजनिकीकरण भएको छ। कारागारको भौतिक व्यवस्थामा सुधार र सुरक्षा व्यवस्थालाई प्रविधिमैत्री तुल्याउदै लगिएको छ।

वार्षिक प्रगति प्रतिवेदन प्रकाशनको माध्यमबाट मन्त्रालयले सम्पादन गरेका कार्यहरु सरोकारवालाबीच पुऱ्याउने र कार्यसम्पादनको व्यवस्थित अभिलेख समेत रहने हुँदा यस किसिमको प्रकाशन महत्वपूर्ण रहने ठानेको छु। आर्थिक वर्ष २०७६/७७ का उपलब्धि हासिल गर्न योगदान गर्नु हुने सबै कर्मचारी, पदाधिकारी तथा निकायलाई आभार प्रकट गर्दै आगामी दिनमा अझ सशक्त र जनमुखी ढंगले देश र नागरिकको सेवामा दत्तचित्त भई लाग्न सम्बद्ध सबैलाई आग्रह गर्दछु। यस प्रकाशनको सफलता र निरन्तरताको लागि शुभकामना व्यक्त गर्दछु।

धन्यवाद !

मा.राम बहादुर थापा 'बादल'
गृहमन्त्री

नेपाल सरकार

# गृह मन्त्रालय

पत्र संख्याः-
प्राप्त पत्र संख्या र मितिः-
च.नं.ः-

सिंहदरबार,
काठमाडौं, नेपाल ।



## मन्तव्य

नेपालको संविधानले स्वतन्त्रता, सार्वभौमसत्ता भौगोलिक अखण्डता र स्वाधीनतालाई संरक्षण गर्दै नागरिकको जीउ धन र स्वतन्त्रता र समानताको संरक्षण गर्ने विषय उल्लेख गरेको छ। मुलुकमा शान्ति, सुव्यवस्था र सुरक्षा कायम गरी जनताको जीउ धन र स्वतन्त्रताको संरक्षण गर्नु गृह प्रशासनको मुख्य उद्धेश्य हो। नेपाल सरकारको नीति तथा कार्यक्रम र वार्षिक बजेटको कार्यान्वयन मार्फत गृह प्रशासनलाई सवल र सक्षम बनाई जनतामा सुरक्षाको अनुभूति दिलाउन र सेवा प्रवाहलाई प्रभावकारी बनाई सुशासन कायम गर्न गृह मन्त्रालय र अन्तर्गतका निकायहरु क्रियाशील रहेका छन् ।

आर्थिक वर्ष २०७६/७७ मा विशेष गरी वर्षको अन्तिमतिर कोभिड १९ रोकथाम तथा नियन्त्रणमा मन्त्रालय देखि अन्तर्गतका निकाय केन्द्रित हुनु परेका कारण नियमित कार्यसम्पादनमा केही असर पर्न गयो। विभिन्न समस्याका वावजुद पनि उपलव्ध श्रोत साधन तथा जनशक्तिको परिचालन मार्फत गृह मन्त्रालय र अन्तर्गतका निकायको कार्य प्रगति भने सन्तोषजनक नै रहेको देखिन्छ। नेपाल सरकाको नीति तथा कार्यक्रम अनुसारका क्रियाकलाप र माइलस्टोनको एकिकृत प्रगति ८७.९ प्रतिशत, पुँजीगत खर्चको प्रगति ५९.९० प्रतिशत र वेरुजु फर्छ्यौट प्रतिशत ७५.३२ प्रतिशत रहेको छ । सार्वजनिक सेवालाई सक्षम, सुदृढ, सेवामुलक र उत्तरदायी वनाउन सबै विभागीय प्रमुख, महाशाखा प्रमुख, शाखा प्रमुख, र प्रमुख जिल्ला अधिकारीसँग कार्यसम्पादन सम्झौता तथा मुल्याङ्कनको काम समेत सम्पन्न भएको छ । मन्त्रालय र अन्तर्गतका निकायहरुको संगठन संरचनाको अध्ययन गरी समयानुकूल परिमार्जन गरी कार्यान्वयनमा ल्याईएको छ। नेपाल प्रहरी समायोजनको कार्य अन्तिम चरणमा पुगेको छ। नीतिगत तथा कानुनी सुधार तर्फ विभिन्न १९ वटा विषयमा कानुन तर्जूमा तथा संशोधनका कार्य भएका छन्। सामाजिक सुरक्षाका कार्यक्रमहरुलाई प्रभावकारी रुपमा संचालन गर्न घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन सुरक्षा प्रणालीको कार्य शुरुवात गरिएको छ। अध्यागमन प्रणालीलाई प्रविधीमैत्री बनाउने कार्यक्रम मार्फत वायोमेट्रिक पहिचान सहितको नेपाली सफ्टवेयर कार्यान्वयनमा आएको छ। तथ्य र वैज्ञानिक प्रमाणमा आधारित अपराध अनुसन्धान र अभियोजन प्रणालीको विकास

र प्रविधीमैत्री अनुसन्धानको लागि Cyber Digital Lab, ६५१० वटा CCTV Camera जडान का कार्य भएका छन् । सीमा सुरक्षा एंव सीमा अपराध र तस्करी नियन्त्रणलाई प्रभावकारी वनाउन थप ३६ स्थानमा BOP स्थापना भएको छ । विपदको पूर्वतयारी, खोज, उद्धार, राहत र पुर्नस्थापनामा सवै सयन्त्रहरु परिचालन गरिएको छ । लागु औषध सम्वन्धी सर्वेक्षण २०७६ सम्पन्न भई सार्वजनिकीकरण समेत सम्पन्न भएको छ ।

आर्थिक वर्ष २०७६/७७ मा हासिल प्रगति र महसुस भएका कमजोरीबाट पाठ सिक्दै चालु आर्थिक वर्षको नीति कार्यक्रम तथा बजेटको कार्यान्वयनलाई थप प्रभावकारी वनाई तोकिएका लक्ष्य तोकिएकै समयमा हासिल गर्नुपर्ने हुन्छ । यसका अतिरिक्त गृह प्रशासन सुधारको क्रमलाई गुणात्मक रुपमा विकास गर्दै शान्ति सुरक्षाको माध्यमबाट समृद्धि र सुखको राष्ट्रिय आकांक्षा पूरा गर्न अझ व्यवसायिक र आधुनिक तवरले क्रियाशील हुनु पर्ने आवश्यकतालाई महशुस गरी क्रियाशील हुन म सवै मातहत निकाय र राष्ट्रसेवकहरुमा हार्दिक आग्रह गर्दछु ।

वार्षिक प्रगति प्रतिवेदन पुस्तिका मन्त्रालयवाट एक आर्थिक वर्षमा सम्पादित कार्य तथा अन्य विवरणहरुको एकिकृत अभिलेख भएको हुँदा सरोकारवालाहरुलाई महत्वपूर्ण दस्तावेज हुने विश्वास लिएको छु । आर्थिक वर्ष २०७६/७७ को उपलब्धि हासिल गर्न योगदान गर्नु हुने सबै पदाधिकारी, निकायलाई आभार प्रकट गर्दै आगामी दिनमा अझ सशक्त र जनमुखी ढंगले देश र नागरिकको सेवामा दत्तचित्त भई लाग्न सम्बद्ध सबैलाई आग्रह गर्दछु ।

धन्यवाद !

महेश्वर न्यौपाने
सचिव

# विषय सूची


**परिचछेद - १ : परिचय** १

१.१ गृह मन्त्रालय १

१.२ नेपाल प्रहरी ९

१.३ सशस्त्र प्रहरी बल, नेपाल १२

१.४ राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण १४

१.५ अध्यागमन विभाग १८

१.६ कारागार व्यवस्थापन विभाग २२

१.७ राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग २७

**परिचछेद - २ : आ.व. २०७६/२०७७ को कार्यप्रगति** ३२

२.१ गृह मन्त्रालय ३२

२.२ नेपाल प्रहरी ४६

२.३ सशस्त्र प्रहरी बल, नेपाल ६०

२.४ राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण ७८

२.५ अध्यागमन विभाग ७९

२.६ कारागार व्यवस्थापन विभाग ८३

२.७ राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग ८६

**परिचछेद - ३ : आ.व. २०७७/२०७८ को नीति, कार्यक्रम, बजेट र माईलस्टोन** ९४

३.१. नीति तथा कार्यक्रम सँग सम्बन्धित बुँदाहरु ९४

३.२ बजेट वक्तव्य सँग सम्बन्धित बुँदाहरु ९६

३.३. माईलस्टोन ९७

**परिच्छेद - ४ : विविध** ११४

४.१ कोभिड-१९ रोकथाम तथा नियन्त्रण सम्बन्धी कार्यहरु ११४

४.२ आ.व. २०७६।०७७ को विपद्का घटनाबाट भएको क्षतिको विवरण ११७

४.३ लागु औषध प्रयोगकर्ता सर्वेक्षण, २०७६ को कार्यकारी सारांश ११९

**अनुसूची** १२१

अनुसूची - १ : आ.व.२०७६/७७ मा सम्माननीय प्रधानमन्त्री र माननीय गृहमन्त्रीज्यू बीच भएको कार्यसम्पादन सम्झौताको कार्यान्वयन प्रगति १२३

अनुसूची - २ : आ.व.२०७६/७७ मा माननीय गृहमन्त्री र गृह सचिवबीच भएको कार्यसम्पादन सम्झौताको कार्यान्वयन प्रगति १२५

अनुसूची - ३ : आ.व.२०७६/७७ मा कार्यसम्पादन सम्झौताको कार्यान्वयन स्थिति १३९

अनुसूची - ४ : वि.सं. २०४६ देखि हालसम्मका गृह मन्त्रीज्यूहरुको नामावली र कार्यकाल १४१

अनुसूची - ५ : वि.सं. २००७ देखि हालसम्मका गृह सचिवज्यूहरुको नामावली र कार्यकाल १४२

अनुसूची - ६ : विविध क्रियाकलापको फोटो ग्यालरी १४५

# परिचय

## १.१ गृह मन्त्रालय

### १.१.१: परिचय

नेपालमा २००७ सालको राजनैतिक परिवर्तन पश्चात देशको आन्तरिक कार्यको व्यवस्थापन हेर्ने गरी गृह मन्त्रालय (गृ.म.) को स्थापना भयो । वि.सं. २०१७ सालमा पञ्चायती व्यवस्थाको स्थापना पश्चात् गृह मन्त्रालयको नाम परिवर्तन गरी गृह पञ्चायत मन्त्रालय बनाईयो । वि.सं. २०१८ सालमा नेपाललाई १४ अञ्चल ७५ जिल्लामा विभाजन गरी अञ्चलाधीश र प्रमुख जिल्ला अधिकारीको व्यवस्था भयो । स्थानीय प्रशासन ऐन, २०२८ लागू भएपछि अञ्चलाधीश र प्र.जि.अ.को काम, कर्तव्य र अधिकार कानुनी रुपमा व्यवस्थित गरियो । वि.सं. २०३७ सालमा गृह मन्त्रालयबाट पञ्चायत सम्वन्धी काम छुट्टयाई सो सम्बन्धी काम हेर्ने छुट्टै स्थानीय विकास मन्त्रालयको गठन भएपछि गृह मन्त्रालयको मुख्य कार्यभार शान्ति सुव्यवस्था र स्थानीय प्रशासन रहन गयो ।

"मुलुकमा शान्ति सुव्यवस्था र सुरक्षा कायम गरी जनताको जीउ धन र स्वतन्त्रताको संरक्षण गर्नु" गृह प्रशासनको मुख्य उद्देश्य हो । गृह प्रशासनलाई सबल र सक्षम बनाई जनतामा सुरक्षाको अनुभूति दिलाउन र सेवा प्रवाहलाई प्रभावकारी बनाइ सुशासन कायम गर्न गृह मन्त्रालय मातहत नेपाल प्रहरी, सशस्त्र प्रहरी वल, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, कारागार व्यवस्थापन विभाग, अध्यागमन विभाग र राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण विभाग रहेका छन् । स्थानीय स्तरमा ७७ वटै जिल्लामा  जिल्ला प्रशासन कार्यालय, ७३ इलाका प्रशासन कार्यालय तथा ७ वटा सीमा प्रशासन कार्यालय  क्रियाशील रहेका छन् ।

### दृष्टिकोण

नेपालको प्रचलित संविधान तथा कानुनद्वारा प्रत्याभूत नागरिक स्वतन्त्रता, विधिको शासन, मानव अधिकार लगायत लोकतान्त्रिक मूल्य र मान्यतालाई सम्मान गर्ने गरी कार्य गर्नु गृह प्रशासनको दृष्टिकोण रहेको छ ।

## लक्ष्य:

गृह प्रशासनलाई जनताको माग र आधारभूत आवश्यकता अनुरूप सञ्चालन गरी देशमा भरपर्दो शान्ति सुरक्षा प्रदान गर्नु गृह प्रशासनको लक्ष्य रहेको छ ।

## उद्देश्य:

शान्ति सुव्यवस्था र सुरक्षा कायम गरी जनताको जीउ, धन र स्वतन्त्रताको संरक्षण गर्नु गृह मन्त्रालयको मूलभूत उद्देश्य रहेको छ ।

## १.१.२ कार्यहरु:

नेपाल सरकार (कार्य-विभाजन) नियमावली, २०७४ अनुसार गृह मन्त्रालयबाट सम्पादन गरिने कार्यहरु देहाय अनुसार रहेका छन् :

१. आन्तरिक सुरक्षा तथा शान्ति सुव्यवस्था सम्वन्धी नीति, कानून, मापदण्ड, योजना कार्यान्वयन र नियमन,

२. विशिष्ट व्यक्ति, महत्वपूर्ण स्थल, भवन, संरचना, कूटनीतिक नियोग र लोकमार्गको सुरक्षा सम्बन्धी सूचना सङ्कलन, विश्लेषण, उपयोग, समन्वय र सुरक्षा प्रवन्ध,

३. संघ र प्रदेश प्रहरी प्रशासन सम्बन्धी कार्य, सुपरीवेक्षण र समन्वय,

४. अपराध रोकथाम तथा नियन्त्रण सम्बन्धी नीति, कानून, मापदण्ड र नियमन,

५. अपराध अनुसन्धान र अपराध अनुसन्धानको अभिलेख,

६. अपराध नियन्त्रण सम्वन्धी अन्तर्राष्ट्रिय, क्षेत्रीय समन्वय तथा सहयोग,

७. सपुर्दगी सम्बन्धी कानून, सन्धि, सम्झौता र कार्यान्वयन,

८. नागरिकता सम्बन्धी नीति, कानून, कार्यान्वयन र नियमन,

९. पारिवारिक मामिला (विवाह, सम्पत्ति हस्तान्तरण, सम्वन्ध विच्छेद, लोपोन्मुख, टुहुरा, धर्मपुत्र, धर्मपुत्री उत्तराधिकार र संयुक्त परिवार) सम्वन्धी कानून,

१०. उमेर, नाम र जात सच्याउने सम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वय र नियमन,

११. हातहतियार, खरखजाना तथा बिस्फोटक पदार्थको प्रयोग सम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन, नियन्त्रण र नियमन,

१२. यातना पीडित सम्वन्धी नीति, कानून, मापदण्ड, समन्वय र नियमन,

१३. निवारक नजरबन्द, कारागार तथा हिरासत व्यवस्थापन सम्वन्धी नीति, कानून र मापदण्ड,

१४. अभियुक्त, थुनुवा र कैदी अन्तर प्रदेश स्थानान्तरण सम्बन्धी कार्य,

१५. शरणार्थी मामिला सम्वन्धी नीति, कानून र व्यवस्थापन सम्बनधी कार्य,

१६. सम्पत्ति प्राप्ति, जग्गा प्राप्ति, अधिग्रहण र मुआब्जा सम्बन्धी नीति, कानून, मापदण्ड र नियमन,

१७. चिठ्ठा तथा जुवा नियन्त्रण सम्बन्धी नीति, कानून, मापदण्ड र नियमन,

१८. विपद् व्यवस्थापन सम्वन्धी राष्ट्रिय नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन,

१९. राष्ट्रिय विपद् कोष स्थापना सञ्चालन तथा प्रादेशिक विपद् कोषमा सहयोग र समन्वय,

२०. सजाय, माफी, मुल्तबी र परिवर्तन,

२१. निर्वाचन तथा जनमत सङ्ग्रह,

२२. सार्वजनिक विदा, उत्सव, उर्दी आदिको व्यवस्थापन,

२३. इन्टरपोल तथा अन्तर्राष्ट्रिय प्रहरी संगठनहरुसँगको सम्पर्क र समन्वय,

२४. मानव अधिकार र नागरिक स्वतन्त्रताको संरक्षण तथा प्रवर्द्धन,

२५. अन्तर्राष्ट्रिय शान्ति स्थापना कार्यमा सहयोग र समन्वय,

२६. अन्तर्राष्ट्रिय सीमा, सीमा स्तम्भको सुरक्षा, सीमा प्रशासन तथा अन्तर्राष्ट्रिय सीमानाको सुरक्षा,

२७. सशस्त्र विद्रोह, आर्थिक तथा सङ्गठित अपराध, आतङ्ककारी क्रियाकलाप एवं अवैध संघसंस्थाहरुको गतिविधि नियन्त्रण र वारुदी सुरुङ्गको निवारण,

२८. सार्वजनिक चासो र महत्वका सूचना सङ्कलन, आदानप्रदान, विश्लेषण, उपयोग र संरक्षण,

२९. राष्ट्रिय परिचयपत्र व्यवस्थापन सम्वन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन,

३०. विदेशी नागरिकको प्रवेश, उपस्थिति, गतिविधि तथा प्रस्थानको व्यवस्थापन, नियमन, नियन्त्रण र अभिलेखीकरण,

३१. अध्यागमन सम्बन्धी कार्य,

३२. अत्यावश्यक वस्तु वा सेवाको आपूर्ति समन्वय,

३३. उपाधि, सम्मान तथा विभूषण र सुशोभन,

३४. द्वन्द्व पीडित तथा विस्थापित व्यक्तिहरुको राहत तथा पुनर्स्थापना,

३५. आर्थिक सहायता,

३६. लागू औषध नियन्त्रण,

३७. धार्मिक विषय, तीर्थस्थान र तीर्थयात्री,

३८. कल्याणधन र बेवारिसी धन,

३९. सार्वजनिक स्थानमा अवाञ्छनीय व्यवहारको रोकथाम, मादक पदार्थ, सार्वजनिक अपराधको नियन्त्रण,

४०. सार्वजनिक चन्दा सङ्कलन नियमन र नियन्त्रण,

४१. गृह प्रशासन (कारागार, शान्ति सुव्यवस्था, लागू औषध, प्रकोप व्यवस्थापन, सपुर्दगी लगायत) विषयक राष्ट्रिय अन्तर्राष्ट्रिय समन्वय र सम्पर्क,

४२. निर्वाचन आयोग,

४३. नेपाल पहरी,

४४. सशस्त्र प्रहरी बल, नेपाल,

४५. प्रहरी कल्याण,

४६. सार्वजनिक बिषयसँग सम्बन्धित विवाद, घटनाको जाँचबुझ र अनुसन्धान,

४७. सवारी नियन्त्रण तथा सरकारी सवारी साधनको व्यवस्थापन र समन्वय,

४८. मन्त्रालय सम्बन्धी राष्ट्रिय अन्तर्राष्ट्रिय संघ संस्थासँग सन्धि, सम्झौता, सम्पर्क र समन्वय,

४९. मन्त्रालय सम्बन्धी सार्वजनिक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान आदिको सञ्चालन र नियमन,

५०. अन्य मन्त्रालयको कार्यविभाजनमा नपरेका विषय आदि ।

### १.१.३ गृह मन्त्रालयको कार्यक्षेत्र



### १.१.४ गृह प्रशासन सम्बद्ध प्रत्यक्ष परोपक्ष ऐन नियमहरु देहाय अनुसार रहेका छन् :

१. अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८

१. अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९

२. उमेर, नाम र जात सच्याउने नियमहरु, २०१७

३. उपभोक्ता संरक्षण ऐन, २०७५

४. कारागार ऐन, २०१९

५. कारागार नियमावली, २०२०

१. कालोबजार तथा केही सामाजिक अपराध तथा सजाय ऐन, २०३२

२. खाद्य ऐन, २०२३

९. खाद्य नियमावली, २०२७

१०. छापाखाना र प्रकाशन ऐन, २०४८

११. छापाखाना र प्रकाशन सम्वन्धी नियमावली, २०४९

१२. जलश्रोत ऐन, २०४९

१३. जलश्रोत नियमावली, २०५०

१४. जग्गा प्राप्ति ऐन, २०३४

१५. जन्म मृत्यु तथा व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३

१६. प्रहरी ऐन, २०१२

१७. प्रहरी नियमावली, २०७१

१८. बिष्फोटक पदार्थ ऐन, २०१८

१९. विवाह दर्ता ऐन, २०२८

२०. विवाह दर्ता नियमावली, २०२८

२१. बालबालिका सम्वन्धी ऐन, २०४८

२२. बालबालिका सम्वन्धी नियमावली, २०५१

२३. भ्रष्टाचार निवारण ऐन, २०५९

२४. राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८

२५. यातना सम्बन्धी क्षतिपुर्ति ऐन, २०५३

२६. राज्य विरुद्धको अपराध र सजाय ऐन, २०४६

२७. राहदानी ऐन, २०२४

२८. राहदानी नियमावली, २०६७

२९. लागू औषध (नियन्त्रण) ऐन, २०३३

३०. स्थानीय प्रशासन ऐन, २०२८

३१. सशस्त्र प्रहरी ऐन, २०५८

३२. सशस्त्र प्रहरी नियमावली, २०७२

३३. सार्वजनिक सुरक्षा ऐन, २०४६

३४. संस्था दर्ता ऐन, २०३४

३५. संस्था दर्ता नियमावली, २०३४

३६. सरकारी जग्गाको भोगाधिकार गराउने सम्वन्धी कार्यनीति, २०६२

३७. सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४

३८. सुशासन (व्यवस्थापन तथा संचालन) नियमावली, २०६५

३९. संक्षिप्त कार्यविधि ऐन, २०२८

४०. सवारी तथा यातायात व्यवस्था ऐन, २०४९

४१. सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४

४२. संक्षिप्त कार्यर्विधि ऐन, २०२८

४३. हातहतियार खरखजना ऐन, २०१९

४४. हातहतियार खरखजना नियमावली, २०२८

४५. होटेल व्यवस्था तथा मदिराको बिक्री वितरण (नियन्त्रण) ऐन, २०२३

४६. होटेल व्यवस्था तथा मदिराको बिक्री वितरण (अधिकारी तोक्ने) नियमहरु, २०२४

४७. प्रधानमन्त्री दैवी प्रकोप उद्दार कोष संचालन नियमावली, २०६३

४८. विभूषण ऐन, २०६४

४९. विभूषण नियमावली, २०७६

५०. विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४

५१. विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६

५२. विष्फोटक पदार्थ ऐन, २०१८

५३. विष्फोटक पदार्थ नियम, २०२०

५४. नेपाल नागरिकता ऐन, २०६३

५५. नेपाल नागरिकता नियमावली, २०६३

५६. निजामती सेवा ऐन, २०४९

५७. निजामती सेवा नियमावली, २०२५

५८. अध्यागमन ऐन, २०४९

५९. अध्यागमन नयमावली, २०५१

६०. कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१

६१. पशु वधशाला र मासु जाँच ऐन, २०५५

६२. पशु बधशाला र मासु जाँच नियमावली, २०५७

६३. पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५

६४. पशु स्वास्थ्य तथा पशु सेवा नियमावली, २०५६

६५. प्राचिन स्मारक संरक्षण ऐन, २०१३

६६. मुलुकी अपराध संहिता, २०७४

६७. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४

६८. मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५

६९. सूचनाको हक सम्बन्धी ऐन, २०६४

७०. सूचनाको हक सम्बन्धी नियमावली, २०६५

# गृह मन्त्रालयको संगठन संरचना



## १.२ नेपाल प्रहरी

### १.२.१ पृष्ठभूमि

लोक कल्याणकारी राज्यको अवधारणा अनुरूप नागरिकको जीउ धनको सुरक्षा गर्न, शान्ति सुव्यवस्था कायम गर्न, मानव अधिकारको संरक्षण गर्न एवं जनकल्याणकारी सेवाहरू प्रदान गर्दै अपराध नियन्त्रण तथा अनुसन्धान गरी समाजमा शान्ति सुरक्षा र अमनचयन कायम राख्ने महत्वपुर्ण जिम्मेवारी नेपाल प्रहरीको हो । देशव्यापी सञ्जालका साथ राज्यको सबैभन्दा तल्लो निकयासम्म उपस्थिति भएको संगठन नेपाल प्रहरी हो ।

"कानुनी राज्यको मूल अवधारणाबाट निर्दिष्ट रही प्रभावकारी अपराध नियन्त्रण र अनुसन्धानद्वारा समाजमा शान्ति स्थापना गरी मानव अधिकारको संरक्षणमा प्रतिबद्ध राष्ट्रप्रति समर्पित स्वच्छ प्रहरी सेवा" नेपाल प्रहरीको प्रमूख लक्ष्य हो ।

शान्ति-सुरक्षा कार्यमा प्रहरीलाई व्यवस्थित रूपमा परिचालन गर्ने कार्य सन् १९१४ देखि शुरू भएको थियो । यसै साल चन्द्र शमशेरले पहिलो पुलिस सवाल जारी गरी वीरगञ्जको शान्ति-सुरक्षा कायम गर्ने जिम्मा प्रहरीलाई सुम्पेका थिए । अगष्ट १९१४ मा चन्द्र शमशेरले अङ्गेज सरकारलाई ८००० फौज तत्कालै सहयोग पठाउन स्वीकार गरे । चन्द्र शमशेरकै शासनकालमा सन् १९२८ सम्ममा तराईका अन्य जिल्लाहरूमा पुलिस गोश्वारा, थाना तथा चौकीहरू स्थापना गर्न चन्द्र शमशेरले विभिन्न सवालहरू जारी गराए । सन् १९१९ (बि.सं. १९७६ पौष) को अन्त्यतिर चन्द्र शमशेरले काठमाडौं उपत्यकाको शान्ति-सुरक्षाको व्यवस्था प्रहरीलाई सुम्पिने गरी जिल्ला-पुलिस इन्स्पेक्टर सवाल जारी गरे। यस सवालले काठमाडौं उपत्यकामा शान्ति-सुरक्षाका निमित्त एउटा सदर पुलिस गोश्वारा, ६ थाना र १७ चौकी खडा गरी सदर पुलिस गोश्वारा हनुमान ढोकामा स्थापना गरियो भने ६ थाना मध्ये चार थानाहरू क्षेत्रपाटी, असन, कालभैरव र जैसीदेवलमा तथा बाँकी २ थाना ललितपुर र भक्तपुरमा एक एक खडा गरिए । बाँकी चौकीहरू उपत्यकाको शहरी क्षेत्र वरिपरि स्थापना गरिए ।

२००७ सालको क्रान्ति पश्चात नेपालका विभिन्न भागमा छरिएर रहेका प्रहरी इकाईहरूलाई सँगठित रूपमा परिचालन गर्न सन् १९५१ मा प्रहरी प्रधान कार्यालयको स्थापना गरी प्रहरी प्रशासनको सम्पूर्ण जिम्मा प्रहरी महानिरीक्षकलाई लगाईएको थियो । तोरण शमशेर ज.ब.रा. पहिलो प्रहरी महानिरिक्षकका (IGP) रूपमा नियुक्त भएका थिए । सन १९५५ मा प्रहरी व्यवस्थाका बिद्यमान कमजोरीलाई हटाइ यसलाई सङ्गठनात्मक रूपमा सुदृढ बढाउन तत्कालिन राजा महेन्द्रबाट प्रहरी सुधार आयोगको गठन भयो । यसको सुझावको आधारमा सन् १९५५ (बि.सं. २०१२) मा प्रहरी सङ्गठनलाई नेपाल पुलिस फोर्सको रूपमा बैधानिक स्वरूप प्रदान गरियो ।

### १.२.२ नेपाल प्रहरीको कार्यादेश (Mandate)

#### संवैधानिक व्यवस्था:

नेपालको संविधानको धारा २६८ मा नेपाल प्रहरी सम्बन्धी निम्न व्यवस्था गरिएको छ:

१. संघमा नेपाल प्रहरी र प्रत्येक प्रदेशमा प्रदेश प्रहरी संगठन रहनेछ ।

२. नेपाल प्रहरी र प्रदेश प्रहरीले सम्पादन गर्ने कार्यको सञ्चालन, सुपरिवेक्षण र समन्वय सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुनेछ ।

#### नेपाल प्रहरी ऐन, २०१२,

प्रहरी ऐन, २०१२ को प्रस्तावनामा **"नेपाल भर मुलुकको प्रहरी फोर्सको पुनर्गठन गर्न र त्यसलाई अपराध रोक्ने र पत्ता लगाउने सुयोग्य साधन बनाई शान्ति र व्यवस्था कायम राख्न आवश्यक देखिएकोले"** भनि अपराध रोकथाम, नियन्त्रण र अनुसन्धानलाई नेपाल प्रहरीको प्रमुख कार्यादेशको रुपमा तोकिएको छ । समग्रमा प्रहरी ऐनले निम्नलिखित जिम्मेवारीहरु निर्दिष्ट गरेको छ:

१) अपराध रोकथाम, नियन्त्रण र अनुसन्धान,

२) शान्ति सुव्यवस्था,

३) जीउधनको संरक्षण,

४) आन्तरिक सुरक्षा,

५) सवारी आवागमन व्यवस्थापन,

६) विपद् व्यवस्थापन,

७) मानव अधिकारको संरक्षण र सम्बर्द्धन,

८) प्रचलित कानुन अन्तर्गत गर्नुपर्ने अन्य कार्यहरु ।

यसका अतिरिक्त अन्य कानूनहरुमा उल्लेख भएका धेरै प्रकारका जिम्मेवारीहरु नेपाल प्रहरीको कार्यादेशको रुपमा रहेका छन् ।

# नेपाल प्रहरीको संगठन संरचना

**प्रहरी प्रधान कार्यालय**
**प्रहरी महानिरीक्षक**

- प्रमनिको सचिवालय प्रनामनि
  - अ.यो. तथा विकास नि.
  - प्रहरी निरीक्षणालय
  - विशेष ब्यूरो
  - के.अ. ब्यूरो
  - यू.एन. महाशाखा
  - सवारी महाशाखा
  - मानव अधिकार उ.अ.इ.
  - कानून शाखा
  - इन्टरपोल शाखा
  - ने.प्र.संगीत विद्यालय
  - जनसम्पर्क शाखा
  - प्रशासन शाखा
  - के.प्र. समाचार कक्ष
  - जाहेरी शाखा
  - फोटोग्राफी शाखा
  - श्रव्यदृष्य शाखा
- कार्य एवं अपराध अनुसन्धान विभाग प्रअमनि
  - रा.सु.तथा ट्रा.निर्देशनालय
  - मु.से.व्यवस्थापन निर्देशनालय
    - वि.स.प्र.महाशाखा
    - प्र.म.वि.सु.इकाइ
  - सूचना प्रविधि निर्देशनालय
  - संचार निर्देशनालय
  - कार्य महाशाखा
  - आ.नि. महाशाखा
  - विपद् व्य.महाशाखा
  - स.प्र.गण न.. १
  - स.प्र.गण न.. १
  - हा.ह. मर्मत शाखा
  - क.प्र.विशेष कार्यदल
  - के.प्र. परिचालन कक्ष
  - प्रहरी स्मारक गुठी
- ने.प्र. अस्पताल प्रअमनि (प्रा.)
  - क्षेत्रीय प्रहरी अस्पताल
  - मबाबासे निर्देशनालय
  - अ.अ. विद्यालय
  - आ.औ.नि.ब्यूरो
  - साईबर ब्यूरो
  - मा.बे.बि.अ. ब्यूरो
  - अ.नि.महाशाखा
  - केनाइन महाशाखा
  - के.प्र.वि.वि.प्रयोगशाला
  - सामुदायिक शाखा
- प्रदेश प्रहरी कार्यालय-७ प्रनामनि
  - प्रदेश प्र.ता.के.-७
  - प्रदेश द.नि.प्र.गण-७
  - प्रदेश स.प्र.गण-७
  - प्रदेश ट्रा.प्र.का.-७
  - जि.ट्रा.प्र.का.-६०
  - ट्रा.प्र.का.-२२
  - प्रदेश प्र.आ.मा.वि.-७
  - विपद् व्यवस्थापन गुल्म
  - जि.प्र.का.-७४
    - ई.प्र.का.-४८०
    - व.प्र.का.-२८
    - न.प्र.का.-८
    - सि.प्र.चौ.-६४
    - प्रहरी चौकी-१११६
- मानवश्रोत एवं प्रशासन विभाग प्रअमनि
  - प्रबन्ध निर्देशनालय
  - वृत्ति विकास निर्देशनालय
    - तालिम महाशाखा
    - भर्ना छनौट महाशाखा
  - भौतिक पूर्वाधार निर्देशनालय
    - आ.त.भौ.प. महाशाखा
    - प्राविधिक गुल्म
  - जगेडापुन (मानवश्रोत/यू.एन.)
  - कल्याण महाशाखा
  - आ.प्र. महाशाखा
  - कर्मचारी प्र. शाखा
  - बजेट शाखा
  - आ.ले.प. शाखा
  - भण्डार शाखा
  - लेखा शाखा
  - ने.प्र.आ.उ.मा.वि.
- संघीय प्रहरी इकाइ कार्यालय-७ प्र.व.उ
  - अपराध अनुसन्धान नियन्त्रण शाखा
    - केन्द्रय अनुसन्धान सेल
    - लागु औ. नियन्त्रन सेल
    - विशेष सेल
    - साइवर सेल
    - मावेवि अनुसन्धान सेल
  - प्रहरी सहायता समन्वय शाखा
    - संचार तथा सूचना प्रविधि
    - अपराध अनुसन्धान सहायता
  - प्रहरी कार्य शाखा
    - ट्राफिक व्यवस्थापन शाखा
    - सशस्त्र प्रहरी गुल्म
  - प्रशासन शाखा
    - आर्थिक प्र.शाखा
    - प्रबन्ध शाखा
- महानगरीय प्रहरी कार्यालय प्रनामनि
  - अ.वि.मु.का. काठमाडौं
  - अपराध महाशाखा
  - म.न.प्रहरी शिक्षालय
  - म.न. दंगानि प्र. गण
  - म.न. पहरा गण
  - म.न.स.प्र.पहरा गण २
  - म.न.ट्रा. महाशाखा
    - म.न.ट्रा.प्र.प. ३
    - म.न.ट्रा.प्र.वृत्त-१०
    - म.न.ट्रा.प्र.प्रभाग-६
    - पशुपति विकास क्षे. ट्रा.प्र.
  - अनाश्रित स.प्र.गुल्म-३
  - नारायणहिटी सुरक्षा गुल्म
  - सुरक्षा प्रहरी गण सिंहदरबार
  - म.न.प्रहरी परिसर-३
- राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान पअमनि
  - जु.प्र.अ. शिक्षालय
  - प्र.यु.ता. महाविद्यालय
  - केन्द्रीय प्र. पुस्तकालय
  - प्रहरी संग्रहालय

| | | | | | |
|---|---|---|---|---|---|
| म.नगर प्रहरी | -३ | स.अ.स.स.इ. | -१ | म.न.प्रहरी वृत्त | -१८ |
| वि.अ.स.स.इ. | -१ | म.न.प्रहरी प्रभाग | -६० | स.प्र.से. | -२ |
| व.प्र.का.(ख) | -१ | पु.वे.अ.स.स.इ | -१ | ई.प्र.का.(क) | -२ |
| पंजि.अ.नि.गार्ड | -३ | ई.प्र.का.(ग) | -१ | भन्सार गार्ड | -१ |
| प्रहरी चौकी | -२३ | | | | |

जम्मा प्रहरी इकाइ संख्या-२५६०

| | | |
|---|---|---|
| सीप्रनौ-६४ | सप्रसे-७२ | कासु.गार्ड-७३ |
| भसुगार्ड-१७ | वप्रका-२१ | ईप्रका-४८३ |
| जिल्ला गुल्म-२ | नप्रका-८ | प्रहरी चौकी-११३१ |
| मकागार्ड-२७ | क.ब.स.गार्ड-१ | कालिका दरबार गार्ड-१ |
| प्रहरी पोष्ट सुस्ता-१ | विसुगार्ड-३९ | प्रजिअनिगार्ड-७७ |
| पुनेअगार्ड-१५ | क्षे.प्रशा.गार्ड-५ | सर्वोच्च अ.स.तथा मु.प्र.इ.-१ |
| विशेषअ.म. तथा मु.प्र.इ-१ | | पुनरावेदन अ.स.तथा सु.प्र.इ-१६ |
| जिल्ला अ.स.तथा सु.प्र.इ.-७७ | | |

श्री अखितयार दुरुपयोग अनुसन्धान आयोगको प्रहरी महाशाखा तथा अन्य कार्यालयहरुमा रहेका प्रहरी इकाइहरुसँग प्रशासनिक काम, कारवाहीको समन्वय:

| आयोग तथा कार्यालय | समन्वय गर्ने कार्यालय |
|---|---|
| • श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोग, प्रहरी महाशाखा<br>• श्री राष्ट्रिय सुरक्षा परिषद्को सचिवालय | प्रहरी महानिरीक्षकको सचिवालय |
| • नेपाल राजदुतावास, नयाँ दिल्ली (काउन्सुलर) | मानवश्रोत एवं प्रशासन विभाग |
| • श्री सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, प्रहरी शाखा<br>• पर्यटक प्रहरी शाखा | कार्य एवं अपराध अनुसन्धान विभाग |

## १.३ सशस्त्र प्रहरी बल, नेपाल

### १.३.१ पृष्ठभूमि

नेपालको संविधानमा उल्लेख भए बमोजिम आन्तरिक सुरक्षाको विशेष जिम्मेवारी प्राप्त सशस्त्र प्रहरी बल, नेपालमा शान्ति र सुव्यवस्था कायम गरी जनताको जीउ, धन र स्वतन्त्रताको संरक्षण गर्नको लागि सशस्त्र प्रहरी ऐन, २०५८ बमोजिम स्थापना भएको हो । आफ्नो स्थापनाकाल देखि नै नेपाल सरकारद्धारा प्रदान गरिएको कार्यादेश तथा सशस्त्र प्रहरी ऐनद्धारा प्रदत्त जिम्मेवारी एवं संगठनको लक्ष्यलाई पूरा गराउन राष्ट्र, राष्ट्रियता, राष्ट्रिय अखण्डताको रक्षा गर्न र जनताको जीउधनको सुरक्षा गर्न सशस्त्र प्रहरी बल, नेपाल सदैव परिचालित रहिआएको छ ।

### १.३.२ कार्यादेश

सशस्त्र प्रहरी बल ऐन २०५८ को परिच्छेद २, दफा (६) को उपदफा (१) बमोजिम देहायका कार्य गर्ने प्रयोजनको लागि सशस्त्र प्रहरी बल परिचालित हुने व्यवस्था रहेको छ :

१. नेपाल राज्यको कुनै भागमा भएको वा हुन सक्ने सशस्त्र संघर्ष नियन्त्रण गर्न,

२. नेपाल राज्यको कुनै भागमा भएको वा हुन सक्ने सशस्त्र विद्रोह वा पृथकतावादी गतिविधि नियन्त्रण गर्न,

३. नेपाल राज्यको कुनै भागमा भएको वा हुन सक्ने आतंककारी गतिविधि नियन्त्रण गर्न,

४. नेपाल राज्यको कुनै भागमा भएको वा हुन सक्ने दंगा नियन्त्रण गर्न,

५. नेपाल राज्यको कुनै भागमा भएको वा हुन सक्ने दैवी प्रकोप र महामारीबाट पीडितको उद्धारमा सहयोग पुऱ्याउन,

६. नेपाल राज्यको कुनै नागरिक वा अरु कसैलाई अपहरण गरिएमा अपहरित व्यक्तिको उद्धार गर्न वा अन्य कुनै किसिमको जघन्य तथा गम्भीर अपराध घटेमा वा गम्भीर प्रकृतिको अशान्ति भएमा वा हुने आशंका भएमा त्यसलाई नियन्त्रण गर्न,

७. नेपाल राज्यको सीमा सुरक्षा गर्न,

८. वाह्य आक्रमणको अवस्थामा नेपाली सेनाको मातहतमा रही सहयोग गर्न,

९. नेपाल सरकारले तोकेको सार्वजनिक महत्वका भवन: संरचना र अन्य स्थल आदिको सुरक्षा गर्न,

१०. नेपाल सरकारले सुरक्षा दिनु पर्ने ठहऱ्याएका व्यक्ति र तोकेको संस्था आदिको सुरक्षा गर्न,

११. यो ऐन र यस ऐन अन्तर्गत बनेको नियममा उल्लेख भएका वा अन्य प्रचलित कानून बमोजिम तोकिएका कार्यहरु गर्न,

१२. नेपाल सरकारले समय समयमा तोके बमोजिमका अन्य कार्यहरु गर्न,

१३. नेपाल सरकार मन्त्रिपरिषद्को २०६९ असोज ११ गतेको निर्णयानुसार राजश्व, भन्सार तथा औद्योगिक सुरक्षा गर्ने ।

सशस्त्र प्रहरी बल, नेपालले सरकार र नागरिकको चाहना अनुरुप कार्यशैली अपनाई परिचालनका क्षेत्रहरुमा साहसिक ढंगले दायित्व निर्वाह गर्दै आईरहेको छ । कार्यक्षेत्रमा भएका काम कारवाही तथा गरिएका प्रयासहरुले नागरिकको मन जित्न सफल भएको परिप्रेक्ष्यमा सशस्त्र प्रहरी बल, नेपालले जनतालाई छिटो छरितो सेवा र सुरक्षा प्रदान गरी आफ्ना सम्पूर्ण काम कारवाही पारदर्शी ढंगले सञ्चालन गर्दै आईरहेको छ । समय सापेक्ष नागरिक र राष्ट्रको सेवा तथा सुरक्षाको खातिर नेपालका ५८ जिल्लामा मात्र परिचालित सशस्त्र प्रहरी बल, नेपाल हाल ७७ जिल्लामै परिचालित भई सकेको छ ।

## सशस्त्र प्रहरी बल, नेपालको संरचना



## १.४ राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

### १.४.१ पृष्ठभूमिः

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १० बमोजिम राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको स्थापना भएको हो । प्राधिकरण स्थापना भई कार्यसञ्चालन भएको ६ महिना वितेको छ । सम्माननीय प्रधानमन्त्रीज्यूको अध्यक्षतामा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद् रहेको छ भने माननीय गृहमन्त्रीज्यूको अध्यक्षतामा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समिति रहेको छ। परिषद् र समितिको सदस्य-सचिवका रुपमा प्राधिकरणका कार्यकारी प्रमुख रहने व्यवस्था ऐनले गरेको छ। प्राधिकरणलाई विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी केन्द्रीय स्रोत निकायको रूपमा काम गर्ने अधिकार रहेको छ। हाल यसको कार्यालय बबरमहल, काठमाण्डौमा रहेको छ। प्राधिकरणको स्थापनासँगै विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी कार्यहरु तदारुकताका साथ अघि बढेको छ ।

### उद्देश्यः

विपद् व्यवस्थापनका सम्पूर्ण क्रियाकलापको समन्वयात्मक र प्रभावकारी व्यवस्थापन गरी प्राकृतिक तथा गैर प्राकृतिक विपदबाट सर्वसाधारणको जीउ ज्यान, सार्वजनिक, निजी तथा व्यक्तिगत सम्पत्ति, प्राकृतिक एवम् सांस्कृतिक सम्पदा र भौतिक संरचनाको संरक्षण गर्ने प्राधिकरणको मूल उदेश्य रहेको छ ।

### १.४.२ प्राधिकरणको काम, कर्तव्य र अधिकार

प्राधिकरणले आफ्नो कार्यक्षेत्र भित्र रही देहाय अनुसार कार्य सम्पादन गर्दछ :

(क) परिषद् तथा कार्यकारी समितिबाट स्वीकृत योजना, कार्यक्रम तथा निर्णय कार्यान्वय गर्ने, गराउने,

(ख) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी केन्द्रीय स्रोत निकायको रूपमा कार्य गर्ने,

(ग) नदी नियन्त्रण, बाढी, पहिरो, भकूम्प, भू-मण्डलीय तापमान वृद्धि, जलवायु परिवर्तन, भू-उपयोग र विभिन्न प्रकोप तथा विपद्का सम्भावित कारक र न्यूनीकरणका उपायको विषयमा अध्ययन, अनसुन्धान गर्ने गराउने,

(घ) प्रदेश तथा स्थानीय तहलाई विपद् व्यस्थापन सम्बन्धी आवधिक योजना निर्माण गर्न आवश्यकता अनुसार आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराउने,

(ङ) विपद् व्यस्थापन सम्बन्धी कार्यमा गैरसरकारी संस्था, निजी क्षेत्र एवं स्थानीय समुदायलाई संलग्न गर्ने, गराउने तथा तिनीहरुको कार्यमा समन्वय एवं सहजीकरण गर्ने,

(च) संघ, प्रदेश तथा स्थानीय तहमा खोज तथा उद्धार समूहको गठन तथा क्षमता विकास गरी प्रभावकारी खोज, उद्धार तथा राहत प्रदान गर्ने गराउने,

(छ) विपद्को घटना हुनासाथ त्यस्ता घटनाबाट असर पर्न सक्ने क्षेत्रमा रहेका व्यक्तिलाई उद्धार गर्ने, गराउने र विपद् प्रभावित बासिन्दाको जीउधनको भरपर्दो सुरक्षा व्यवस्था मिलाउन सम्बन्धित निकायसँग समन्वय गर्ने,

(ज) विपद् प्रभावितको खोज तथा उद्धारका लागि सुरक्षा निकाय, खोज तथा उद्धार समूह, फ्लाइङ्ग स्क्वाड, स्थानीय समुदाय, नेपाल रेडक्रस सोसाइटी, नेपाल स्काउट, स्वयंसेवक, प्राविधिज्ञ लगायतका सरोकावाला संस्थालाई परिचालन गर्ने गराउने,

(झ) विपद्का घटना पश्चात मानवीय सहायताका लागि आउने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खोज, उद्धार समूह एवं प्राप्त हुने नगद तथा राहत सामग्रीको व्यस्थापन गर्ने गराउने,

(ञ) विपद् व्यस्थापनको क्षेत्रमा प्राप्त हुने अन्तर्राष्ट्रिय, द्विपक्षीय एवं बहुक्षीय सहायताको एकीकृत अभिलेख राख्ने,

(ट) राष्ट्रिय विपद् व्यस्थापन सूचना प्रणालीको विकास तथा सञ्चालन गरी विपद् व्यवस्थापन सम्बन्धी सूचना तथा तथ्याङ्कको सङ्कलन, विश्लषेण, भण्डारण तथा सम्प्रेषण गर्ने गराउने,

(ठ) नेपाल सरकारका विभिन्न निकाय लगायत अन्य संस्थालाई विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनसँग सम्बन्धित विषयमा सल्लाह सुझाव दिने,

(ड) सार्वजनिक संस्था तथा व्यावसायिक प्रतिष्ठानले आफ्ना कर्मचारी तथा कामदारलाई दिनु पर्ने विपद् व्यवस्थापन सम्बन्धी आधारभतू अभिमुखीकरण तालिमको विषय र मापदण्ड तोक्ने,

(ढ) विपद् व्यवस्थापनका सम्बन्धमा संघ, प्रदेश र स्थानीय स्तरका प्रशासनिक तथा सुरक्षा संयन्त्र तत्काल परिचालन हुने गरी दुरुस्त राख्न लगाउने,

(ण) विपद् जोखिम न्यूनीकरण सम्बन्धमा जनचेतना अभिवृद्धि गर्ने गराउने,

(त) विपद् जोखिम न्यूनीकरणको लागि भू-विज्ञान, भूकम्प विज्ञान, जल तथा मौसम विज्ञान, भौगोलिक सूचना प्रणाली, दूर संवेदन (रिमोट सेन्सिङ) प्रणाली, पूर्वचेतावनी प्रणाली लगायतका आधुनिक तथा परम्परागत प्रविधिहरुको अध्ययन, अनसुन्धान गर्ने, गराउने र उपयुक्त प्रविधिको उपयोग गर्ने गराउने,

(थ) विपद्का सम्भावित घटनाको बारेमा सम्बन्धित सबैलाई पूर्वजानकारी गराउन, तत्काल सूचना सङ्कलन, विश्लषेण तथा सम्प्रेषण गर्ने र खोज, उद्धार तथा राहत सम्बन्धी कार्यको

समन्वय तथा परिचालन गर्न राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्रको सञ्चालन तथा व्यवस्थापन गर्ने,

(द) विपद्को समयमा तत्काल परिचालन हुने गरी फ्लाइङ्ग स्क्वाड गठन गर्ने,

(ध) विपद्को समयमा खोज, उद्धार तथा राहत कार्यका लागि तत्काल परिचालन गर्ने स्वयंसेवक ब्यूरो गठन गर्ने,

(न) विपद् प्रभावित क्षेत्रका नागरिकहरुलाई अस्थायी पुनर्स्थापना तथा सिकाइ केन्द्रको निर्माणमा स्थानीय समदुाय एवं स्वयं सेवकहरू परिचालन गर्ने गराउने,

(प) विपद् प्रतिकार्यमा निजी तथा गैरसरकारी संस्था, स्थानीय समुदाय तथा अन्य सरोकारवालालाई समन्वयात्मक रूपमा परिचालन गर्ने गराउने,

(फ) विपद्का लागि आपत्कालीन गोदाम घर सञ्चालन गर्ने तथा प्राप्त राहत सामग्रीको व्यवस्थापन गर्ने,

(ब) विपद् बाट प्रभावित व्यक्तिका लागि मनोसामाजिक परामर्श सेवा उपलब्ध गर्ने गराउने,

(भ) विपद् व्यवस्थापनका सम्बन्धमा नेपाल सरकारका मन्त्रालय, विभाग तथा अन्य निकायले कार्यकारी समितिले निर्धारण गरेको भूमिका तथा जिम्मेवारी निर्वाह गरे नगरेको विषयमा अनुगमन गरी कार्यकारी समिति समक्ष प्रतिवेदन पेश गर्ने,

(म) विपद् व्यवस्थापन सम्बन्धी तोकिए बमोजिमका अन्य कार्य गर्ने गराउने ।

**प्राधिकरणको कार्यक्षेत्र सम्वद्ध नीति ऐन नियमावली देहाय अनुसार छन् :**

क) विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति, २०७५

ख) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४

ग) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६

**विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि प्राधिकरणले आफ्नो भूमिका निर्वाह गर्ने क्रममा देहायका निकायहरुसँग प्रत्यक्ष/परोक्ष समन्वय र सम्पर्कमा रही कार्यसम्पादन गर्दछः**

क) संघीय मन्त्रालयहरु, विभागहरु एवम् तीन वटै सुरक्षा निकायहरु

ख) प्रदेश मन्त्रालयहरु, कार्यालयहरु

ग) जिल्ला विपद् व्यवस्थापन समितिहरु

घ) स्थानीय विपद् व्यवस्थापन समितिहरु

ङ) गैर सरकारी तथा अन्तर्राष्ट्रिय गैर सरकारी निकायहरु

च) निजी क्षेत्र ।

### १.४.३ भावी कार्ययोजना

क) विपद् जोखिम न्यूनीकरण सम्बन्धी रणनीतिक योजना तर्जुमा गर्ने,

ख) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन र रणनीतिक कार्ययोजना तयारी तथा कार्यान्वयन गर्ने,

ग) प्रदेश र स्थानीय तहहरुमा विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति तथा रणनीतिक कार्ययोजना तर्जुमा गर्नका लागि समन्वय तथा सहजीकरण गर्ने,

घ) बाढी तथा पहिरो जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धमा अन्तरनिकायहरुसँग समन्वय गर्ने,

ङ) आगलागीबाट उच्च जोखिममा रहेको तराइको एक र पहाडको एक स्थानीय तहको आगलागी सम्बन्धी अध्ययन सर्वेक्षण गरी नमूना कार्य योजना तयार पार्ने,

च) चट्याङ्गबाट उच्च जोखिममा रहेको तराइको एक र पहाडको एक स्थानीय तहको आगलागी सम्बन्धी अध्ययन सर्वेक्षण गरी नमूना कार्य योजना तयार पार्ने,

छ) स्थानीय सरकार विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापन सम्बन्धी क्षमता अभिवृद्धि गर्न तालिम निर्देशिका र मोड्युलहरु तयार पार्ने,

ज) असरमा आधारित बहुप्रकोपीय पूर्व सूचना प्रणाली स्थापना तथा सञ्चालन सम्बन्धी निर्देशिका तयार गर्ने । (Common Alert Protocol) को लागि चाहिने Alert Message हरु न्यूनतम दुइ वटा भाषामा तयार पार्ने),

झ) विपद् सम्बन्धी सूचना प्रणाली (Disaster Information Management System) लाई कम्तीमा २० वटा जिल्लामा विस्तार गर्ने,

ञ) विपद् जोखिम न्यूनीकरण एवम् व्यवस्थापन ऐन, २०७४ र नियमावलीमा व्यवस्था भए बमोजिमका कार्यविधि, निर्देशिका एवम् मापदण्ड तयार गरी र कार्यकारी समितिबाट स्वीकृत गराई कार्यान्वयनमा ल्याउने ।

## १.५ अध्यागमन विभाग

### १.५.१ परिचय

नेपाल सरकारको अध्यागमन सम्बन्धी नीति एवम् कानुनको कार्यान्वयन गरी अध्यागमन व्यवस्थापन गर्ने प्रमुख जिम्मेवार निकायको रुपमा अध्यागमन विभागको स्थापना भएको हो । अध्यागमन विभागले अध्यागमन ऐन २०४९, अध्यागमन नियमावली २०५१ र अध्यागमन कार्यविधि, २०६५ बमोजिम आफ्नो कार्यलाई व्यवस्थित गर्दै आएको छ । यस विभाग अन्तर्गत प्रवेश तथा प्रस्थान विन्दुमा स्थापित भएका १२ र नेपालको प्रमुख पर्यटकीय गन्तव्य मध्येको एक पोखरामा गरी जम्मा १३ वटा अध्यागमन कार्यलयहरुबाट देशको अध्यागमन सम्बन्धी कार्यहरु भइरहेको छ । साथै अध्यागमन सम्बन्धी केही कार्यहरु परराष्ट्र मन्त्रालय, बिदेशस्थित दुतावासहरु तथा महावाणिज्य दुतावासहरुबाट समेत सम्पादन हुने गर्दछ ।

बिदेशीलाई नेपाल प्रवेशको लागि भिसा उपलब्ध गराउने वा प्रवेशको स्वीकृति दिने, भिसाको म्याद थप गर्ने, बिदेशीलाई निषेधित क्षेत्रमा पदयात्रा अनुमति दिने, बिदेशीको नेपालमा हुने उपस्थितिको व्यवस्थापन, अनुगमन र नियन्त्रण गर्ने, नेपालीहरुको बिदेश प्रस्थान र आगमनलाई ब्यवस्थित गर्ने, अध्यागमन सम्बन्धी अपराधको अनुसन्धान तथा तहकिकात गरी मुद्धा दायर गर्ने लगायतका कार्यहरु अध्यागमन विभागले सम्पादन गर्दै आएको छ ।

नेपाल भित्र विदेशीको प्रवेश, उपस्थिति र प्रस्थानलाई नियमित एवं नियन्त्रण गर्न तथा नेपाली नागरिकहरुको आगमन र प्रस्थानलाई व्यवस्थित गर्ने कार्य अध्यागमन विभागको मुख्य कार्य हो । बढ्दो अन्तर्राष्ट्रिय आप्रवासन, दुई ठूला शक्ति राष्ट्रहरुको बीचको भूराजनीतिक परिवेश, दक्षिण तर्फको खुला सीमाना, एक चीन नीति, मानव बेचविखन तथा ओसार पसार तथा विश्व अर्थतन्त्रमा नेपाललाई श्रम बजारको रुपमा हेरिनु एवं विश्वमा बढ्दै गइरहेको आतंकवादको कारण अध्यागमन व्यवस्थापन चुनौतिपूर्ण बन्दै गइरहेको छ ।

### १.५.२ अध्यागमन विभागको मूख्य उद्देश्य तथा कार्यसूची :

(क) मुख्य उद्देश्य :

१. अध्यागमन नियमन प्रक्रियाद्वारा राज्यको सुरक्षा प्रणालीलाई सहयोग पुऱ्याउने,

२. विभागलाई Centre for Excellence का रुपमा स्थापित गरी निष्पक्ष र प्रभावकारी रुपमा सेवा प्रवाह गर्ने,

३. सेवाग्राहीलाई उच्चतम सन्तुष्टि प्रत्याभूत गर्न पारदर्शी र प्रभावकारी कागजविहीन अध्यागमन (Paperless Immigration) स्थापना गर्ने,

प्रभावकारी अध्यागमन सेवा मार्फत देशको पर्यटन विकास र वैदेशिक लगानी प्रवर्द्धन गर्ने ।

**(ख) अध्यागमन विभागको कार्यक्षेत्र :**

१. भिसा जारी गर्ने, आगमन र प्रस्थान अभिलेखन गर्ने,
२. नियन्त्रित क्षेत्रमा पदयात्रा अनुमति प्रदान गर्ने,
३. विदेशीहरुको नेपाल उपस्थितिको अनुगमन, व्यवस्थापन र नियन्त्रण गर्ने,
४. अध्यागमन अपराध नियन्त्रण गर्ने ।

### १.५.३ अध्यागमन कार्यालयहरुको सूची :

अध्यागमन विभाग मातहत देहाय अनुसार कार्यालय रहेका छन् :

अध्यागमन कार्यालय, त्रिभुवन अन्तराष्ट्रिय विमान स्थल

| | |
|---|---|
| अध्यागमन कार्यालय, पशुपतिनगर | अध्यागमन कार्यालय, वीराटनगर |
| अध्यागमन कार्यालय, काकडभिट्टा | अध्यागमन कार्यालय, बीरगंज |
| अध्यागमन कार्यालय, तातोपानी | अध्यागमन कार्यालय, रसुवागढी |
| अध्यागमन कार्यालय, पोखरा | अध्यागमन कार्यालय, धनगढी |
| अध्यागमन कार्यालय, हिल्सा | अध्यागमन कार्यालय, भैरहवा |
| अध्यागमन कार्यालय, नेपालगंज | अध्यागमन कार्यालय, कंचनपुर |

### १.५.४ अध्यागमन प्रशासनका लागि मौजूदा कानूनी व्यवस्था :

अध्यागमन प्रशासन सम्बद्ध कानून देहाय अनुसार रहेका छन् :

१. नेपालको संबिधानको अनुसूची ५,

२. अध्यागमन ऐन, २०४९,

३. अध्यागमन नियमावली, २०५१,

४. अध्यागमन कार्यविधि, २०६५,

५. विदेशी नागरिक अनुगमन निर्देशिका, २०७५,

६. गैर आवासीय नेपाली सम्वन्धी ऐन २०६५ र नियमावली, २०६६,

७. अन्तराष्ट्रिय कानून र सयुक्त राष्ट्रसंघका सम्बद्ध प्रस्तावहरु आदि ।

### १.५.५ रणनीतिक योजना :

अध्यागमन व्यवस्थित र प्रभावकारी बनाउन देहाय अनुसार रणनीतिक योजना रहेको छः

१. अध्यागमन प्रणालीलाई सेवाग्राहीमैत्री, वैज्ञानिक, भरपर्दो, सरल र पारदर्शी तुल्याउने,

२. विद्युतीय सेवा (Digital Service) प्रवाहलाई सेवा प्रवाहको मुख्य माध्यमको रुपमा अपनाउने,

३. सरोकारवाला र साझेदार बीच सहकार्य र समन्वय बढाउने,

४. कानूनी र संगठनात्मक संरचना समसामयिक तुल्याउने ,

५. कार्यरत कर्मचारीहरुको क्षमता विकास गर्ने,

## १.५.६. अध्यागमन विभागको संगठन संरचना

नेपाल सरकार

**गृह मन्त्रालय**

**अध्यागमन विभाग, कालिकास्थान, काठमाडौंको संगठन संरचना**



## १.६ कारागार व्यवस्थापन विभाग

### १.६.१ परिचय

नेपालमा कारागारको स्थापना वि.सं. १९७१ मा सदरजेल (हालको कारागार कार्यालय जगन्नाथदेवल) बाट भएको हो । शुरुका दिनहरुमा कारागार कार्यालय मुख्तियारको अधीनमा रहने र कार्यालय प्रमुख राणा जनरल हुने व्यवस्था रहेकोमा वि.सं. २००७ बाट कारागार प्रशासन गृह मन्त्रालय अर्न्तगत संचालनमा रहेको छ। कारागार संचालन तथा व्यवस्थापनको कार्यलाई व्यवस्थित, मर्यादित र नियमित बनाउन कारागार ऐन, २०१९ र नियमावली २०२० तर्जुमा भै लागू भएको छ । मुलुकभर कारागार व्यवस्थापन तथा प्रशासन सम्बन्धी कार्यलाई सवल, प्रभावकारी बनाउन तथा नीति निर्माणका कार्यमा मन्त्रालयलाई सहयोग गर्ने उद्देश्यले वि.सं २०५० श्रावण १ गते कारागार व्यवस्थापन विभागको स्थापना भै संचालनमा रहेको छ । हाल मुलुकमा काठमाडौ र दाङ्ग जिल्लामा २/२ वटा तथा धनुषा, बारा, पूर्वी रुकुम, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) र भक्तपुर बाहेकका अन्य ७० जिल्लामा १/१ वटा गरी कुल ७२ जिल्लामा ७४ वटा कारागार कार्यालयहरु रहेका छन् । स्थापना काल देखि कारागार कार्यालयहरुले कैदीबन्दीहरुलाई उनीहरुले पाएको सजायको आधारमा कैदमा राख्दै आएका छन् । विगतको तुलनामा भन्दा कैदीबन्दीहरुको संख्या बढ्दै जानुले हाल कारागार कार्यालयहरुको भौतिक क्षमता कम भएकोले नुवाकोट र बाँकेमा केन्द्रीय कारागारको निर्माण तथा विस्तार भै रहेको छ । कारागारका कैदीबन्दीहरुको लागि आधारभूत सेवा सुविधाको सुनिश्चितता गर्न जगन्नाथदेवल कारागार र नख्खु कारागार परिसरमा कारागार अस्पताल संचालनमा रहेका छन् । कारागारलाई समयसापेक्ष रुपमा निरन्तर सुधार गर्न नेपालको संविधान, सरकारका नीति तथा प्रचलित कानुनहरुमा भएका व्यवस्थाहरुको रणनीतिक योजना बनाई कार्यान्वयन गर्नु पर्ने हुन्छ ।

### कारागार व्यवस्था विभागको दीर्घकालीन ध्येय, लक्ष्य र उद्देश्यहरु:

**दीर्घकालीन दृष्टिकोण:**

अपराधीलाई सभ्य, सुसंस्कृत, उत्पादनशील र कानूनको पालना गर्ने बनाउदै समाजमा पुर्नस्थापित गरी सुरक्षित र समुन्नत समाज निर्माण गर्ने ।

**लक्ष्य:**

कैदीबन्दीहरुलाई अनुशासित र कानुनको पालना गर्न प्रेरित गराउदै कारागार पश्चातको जीवनमा सामाजिकीकरण तथा पुर्नस्थापित गर्ने ।

**उद्देश्यः**

१. कारागारको भौतिक तथा व्यवस्थापकीय पक्षको निरन्तर सुधार गरी आधारभूत आवश्यकता परिपूर्ति तथा मानवोचित वातावरणको सुनिश्चित गर्नु,

२ कैदीबन्दीहरुको आचरण र व्यवहारगत सुधार गरी सामाजिकीकरणको प्रक्रियालाई सहज र सरल बनाई । अनुशासित एवम् सुरक्षित समाज निर्माण गर्नु,

३. सबै बन्दीहरुको न्यायमा सहज पहुँच सुनिश्चित गर्नु ।

## १.६.२. कारागार व्यवस्थापन तथा संचालन सम्बन्धी मौजुदा कानूनी तथा नीतिगत व्यवस्था !

नेपालको संविधान, कारागार ऐन तथा नियमावली आदि समेत गरी देहाय वमोजिम विभिन्न कानूनी दस्तावेजबाट कारागार व्यवस्थापन सम्वन्धी  कानूनी तथा नीतिगत व्यवस्थापनको आधार तयार भएको छः

१. नेपालको संविधान,

२. कारागार ऐन २०१९,

३. मुलुकी देवानी संहिता २०७४, मुलुकी देवानी संहिता कार्यविधि संहिता ऐन २०७४,

४. निजामती सेवा २०४९,

५. प्रहरी ऐन २०१२,

६. भ्रष्टाचार निवारण ऐन २०५८,

७. स्थानीय प्रशासन ऐन २०२८,

८. कारागार नियमावली २०२०,

९. निजामती सेवा नियमावली २०६४ संशोधन,

१०. सजाय माफी मुलतवी कम गर्ने सम्वन्धी कार्यविधि २०७१,

११. प्रशासकीय कार्य फछ्र्यौट नियमहरु २०२६,

१२. अन्य ऐन नियमहरु,

१३. सर्वोच्च अदालतबाट सम्बन्धित विषयमा भएका आदेश र फैसलाहरु,

१४. नेपाल सरकारको सम्वन्धित विषयका नीति निर्देशन र निर्णयहरु,

१५. नेपाल पक्ष राष्ट्र भएका कारागार सम्बद्ध सन्धि सम्झौता सहमतिहरु,

१६. बन्दीहरुको वडापत्र,२०६०,

१७. सम्बद्ध विषयका नीतिगत निर्णयहरु ।

### १.६.३ कारागार व्यवस्थापन विभागका प्रमुख कार्यहरुः

मुलकुमा भएको राजनीतिक परिवर्तनसँगै कारागार क्षेत्रमा समेत सुधार गर्नु पर्ने मान्यता विकास भएको छ । कारागार सुधारका लागि समय समयमा गठित विभिन्न आयोग, समिति, कार्यदलको प्रतिवेदनले औंल्याएका सुझावहरुको आधारमा कारागार कार्यालयहरुको निरन्तर नियमन, सुपरिवेक्षण तथा सुधार गर्न र कारागार सम्बन्धी नीति तथा कानुनहरुको अगुवाई लिई गृह मन्त्रालयलाई आवश्यक सहयोग गर्न केन्द्रीय निकायको रुपमा कारागार व्यवस्थापन विभागको स्थापना भएको हो ।

कारागार व्यवस्थापन विभागले देहाय अनुसार नीतिगत प्रशासनिक समन्वयात्मक तथा प्रतिवेदन सम्वन्धी काम गर्दछः

१. गृह मन्त्रालयलाई कारागार सम्बन्धी नीति तथा कानुन निर्माणका लागि सूचना, तथ्यांक उपलब्ध गराउने

२. विभाग र मातहतका कार्यालयहरुको लागि आवश्यक पर्ने बार्षिक बजेट तयार गरी मन्त्रालयमा पठाउने, विनियोजन रकमको निकासा दिने, खर्चको लेखाङ्कन गर्ने, लेखा परिक्षण तथा बेरुजु फच्र्छ्यौट गने,

३. विभाग तथा मातहतका कार्यालयहरुको भौतिक सुदृढीकरण तथा आधुनिकीकरण, बन्दीहरुको व्यक्तित्व, सीप तथा आचरणगत सुधारका लागि योजना, कार्यक्रम तर्जुमा गर्ने, स्वीकृत बजेटको परिधीमा रहेर कार्यान्वयन गर्ने,

४. विभाग र मातहतका कारागार कार्यालयहरुमा राजपत्र अनंकित कर्मचारीहरुको आवश्यकता अनुसार विभाग र कार्यालयहरुमा सरुवा वा  काज सरुवा गर्ने तथा कर्मचारीहरुको अभिलेख राख्ने,

५. राष्ट्रिय पर्वहरुको समयमा कैदीबन्दीहरुको माफी मिनाहाका लागि आवश्यक कानुनी कार्य गर्ने र मन्त्रालयमा सिफारिस गरी पठाउने,

६. मातहत कार्यालयहरुको नियमित सुपरिवेक्षण, निरीक्षण र अनुगमन गर्ने र आवश्यक निर्देशन दिने,

७. मातहतका कार्यालयहरुको मासिक प्रतिवेदन तयार गर्ने साथै PMIS बाट कैदीबन्दीहरुको केन्द्रिय अभिलेख तयार गर्ने,

८. बन्दीका आश्रित बालबालिकाहरु, कैद वा थुनामा परेका बालबालिकाहरुको सुधार तथा संरक्षणमा कार्यरत निकायहरुसँग आवश्यक समन्वय गर्ने, एकमुष्ठ विवरण तयार पार्ने,

९. विभाग तथा मातहतका कार्यालयहरुका सम्बन्धमा परेका उजुरी तथा गुनासाहरुको छानवीन

गरी आवश्यकता अनुसार कारवाही गर्ने वा सम्बन्धित निकायमा सिफारिस गरी पठाउने,

१०. मन्त्रालयले प्रत्यायोजन गरेका कारागार सम्बन्धी सम्पूर्ण कार्य गर्ने ।

### १.६.४ भावी कार्यदिशाः

नेपालको संविधानले कारागार कार्यालयहरुको व्यवस्थापन र संचालन कार्यलाई अनूसुची ७ मा उल्लेख गरी संघ र प्रदेश सरकारको साझा अधिकारमा राखेको छ । यस अवस्थामा कारागारको संचालन तथा व्यवस्थापन गर्न तहगत कार्य जिम्मेवारी बाँडफाँड, कारागार कार्यालयहरुको वर्गीकरण, तहगत समन्वय, कारागारको भौतिक तथा व्यवस्थापकीय पक्षहरुको सुधार गर्न देहाय बमोजिमको भावी कार्यदिशा रहेको छः

१. **कानूनी तथा नीतिगत सुधारः** कारागार कानुनलाई एकिकृत गरी कसुरदारको कारवाहीका सम्बन्धमा प्रचलनमा रहेका अन्य कानूनहरुसँग सामञ्जस्यता कायम गर्दै कारागार ऐन, नियमावली, फौजदारी कसुर ( नियन्त्रण तथा कार्यान्वयन) नियमावली, फौजदारी कसुर (कैद कट्टा) नियमावली र कारागार व्यवस्थापन कार्यविधिको संशोधन गर्ने ।

२. **भौतिक सुधारः** अघिल्ला आ.व. देखि निर्माण भै आएका बाँकेको नौवस्ता र नुवाकोटको त्रिशुली कारागारलाई यस चालु आर्थिक बर्षमा सम्पन्न गर्ने । चालु आ.ब. २०७७/०७८ बाट पाँचथर, धनकुटा र मोरङ्गमा नयाँ कारागार भवन निर्माण कार्य अगाडि बढाउने । केन्द्रीय कारागार अस्पताल जगन्नाथ देवलमा नयाँ भवन निर्माणका लागि बजेट विनियोजन भएकोले निर्माण प्रक्रिया अगाडि बढाउने । हाल जीर्ण भौतिक संरचनामा संचालित डिल्लीबजार, रसुवा, बाँके, महोत्तरी, मुस्ताङ्ग, कपिलवस्तु, भोजपुर र डोटी कारागारको अवस्था बढी जोखिमपूर्ण रहेकोले यी कारागारहरुको उत्थानशिल र सघन भौतिक संरचना निर्माण कार्यलाई प्राथमिकतामा राखी जिर्णोद्धार र आधुनिक बनाउने ।

४. **व्यवस्थापकीय सुधारः** कारागार कार्यालयहरुको आवश्यकता अनुसार संगठन तथा व्यवस्थापपन सर्वेक्षण गर्ने, कारागारमा कर्मचारी तथा सुरक्षकर्मीहरुको दरबन्दी अनुसार पदपूर्तिको व्यवस्था मिलाउने, सबै कारागार कार्यालयलाई इ-हाजिरी, PMIS मा आवद्ध गर्ने र Walk Through Gate, E-attendance जस्ता उपकरणको प्रयोगमा प्राथमिकता दिने, मनोसामाजिक अपाङ्गबन्दी अस्पतालको अन्तरंग र बहिरंग सेवा संचालन गर्ने, केन्द्रीय कारागार लगायत अन्य कारागारमा समेत Video Conference का लागि पूर्वाधार निर्माण गरी संचालन गर्ने ।

५. **अन्यः** कैदीबन्दीहरुका लागि सीपमूलक तालिम संचालन, स्थानीय कच्चा पदार्थको उपयोग गरी घरेलु सामाग्री उत्पादनको वातावरण मिलाउने, उत्पादित वस्तुहरुको बजारीकरणमा समन्वय गर्ने ।

## १.६.५. कारागार व्यवस्थापन विभागको संगठन संरचना:



## १.७ राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागः

### १.७.१ परिचय

मिति २०७५/०६/२८ मा स्थापित राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागले पहिलो कानुनी अधिकार स्थापना गर्ने "व्यक्तिगत घटनादर्ता" कार्य साथै नेपाल सरकारका अत्यन्त लोकप्रिय दुई ठूला कार्यक्रमहरुस सामाजिक सुरक्षा अन्तर्गत "नगद प्रवाह" र व्यक्तिहरुको डिजिटल पहिचान (Digital Identity) स्थापना गर्ने बहुउपयोगी "राष्ट्रिय परिचयपत्र" वितरण कार्यको जिम्मेवारी सम्हाल्दै आएको छ। देशका नागरिकहरुको पहिचान र हितमा सञ्चालित यी कार्यक्रमहरु कुनै न कुनै रुपमा अन्तरसम्बन्धित प्रविधिमा पनि आधारित छन्। यसकारण विभिन्न समयमा लागू भई आ-आफ्नै किसिमले सञ्चालन भईआएका ति कार्यक्रमहरु विभिन्न समयमा कार्यालयहरु एकीकरण हुने कार्य भई हाल बृहत क्षेत्र ओगटेको प्रविधिमा आधारित विभागको रुपमा सञ्चालित छ।

#### क) व्यक्तिगत  घटना दर्ताः

राज्यमा बसोबास गर्ने प्रत्येक व्यक्तिका महत्वपूर्ण व्यक्तिगत घटनाहरुलाई आधिकारिक रुपमा रेकर्ड राख्नुलाई व्यक्तिगत घटना दर्ता भनिन्छ। सबैजसो देशहरुले घटना दर्ताको सर्वमान्य सिद्धान्त अनुसार यसलाई  स्थायी, अविच्छिन्न तथा अनिवार्य कार्यको रुपमा निरन्तरता दिइरहेका हुन्छन्। यद्यपि कस्ता कार्यलाई घटना मान्ने भन्ने विषयमा देशको आवश्यकता अनुसार फरक पर्ने सन्दर्भमा हाम्रो देशमा भने जन्म, मृत्यु, विवाह, बसाईंसराई र सम्बन्धविच्छेद गरी पाँच किसिमका घटनाहरुलाई लिइन्छ। यस अन्तर्गत सम्बन्धित कार्यालयहरुले रेकर्ड राख्ने, भण्डारण गर्ने, उपयोग तथा वितरण सम्बन्धी कार्यहरु गर्दछन्।

नेपालमा व्यक्तिगत घटना दर्ता सम्बन्धमा "जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३" आएपछि २०३४ बैशाख १ गते देखि १० जिल्लाबाट शुरु गरी १७ चरणमा विस्तार गरिंदै २०४७ बैशाख १ बाट नेपालभर लागू भएको हो। शुरुमा गृहपञ्चायत मन्त्रालय अन्तर्गत रही जिल्ला प्रशासन कार्यलय मार्फत यस कार्य गरिंदै आएकोमा २०५० श्रावणबाट स्थानीय विकास मन्त्रालयको पञ्जीकरण शाखाबाट सञ्चालन भएको थियो। मिति २०७५ आश्विनमा राष्ट्रिय परिचयपत्र व्यवस्थापन केन्द्र र केन्द्रीय पञ्जीकरण विभागको एकीकरण पश्चात् पुनः गृह मन्त्रालय अन्तर्गत रहेको छ। हाल राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन २०७६ अनुसार कार्य भैरहेको छ।

विश्वव्यापीकरण तीव्र रुपमा भैरहेको आजको युगमा व्यक्तिगत घटनाले सम्बन्धित देशमा मात्र नभई अन्तराष्ट्रिय रुपमा समेत प्रभाव पारेको छ। त्यसैले घटना दर्ता अन्तराष्ट्रिय स्तरमा महत्व पाएको विषय पनि हो। UNESCAP सँग नेपालले गरेको प्रतिबद्धता अनुसार सन् २०२४ सम्म सम्पूर्ण नेपाली नागरिकहरुको जन्मदर्ता शतप्रतिशत पुऱ्याउनु पर्ने र अन्य व्यक्तिगत घटनादर्तामा समेत उल्लेख्य बृद्धि गर्नुपर्ने भएकोले सोहि लक्ष्य हासिल गर्ने तर्फ विभाग क्रियाशील छ। घटनादर्ता कार्यक्रम

विभागको सक्रियतामा स्थानीय तहहरु मार्फत MIS Online मा आधारित गर्ने कार्यक्रम विस्तारित छ जसले चालिस प्रतिशत भन्दा बढी जनसंख्या ओगटेको छ । माथि उल्लेखित ऐनको साथसाथै “जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) नियमावली, २०३४” कार्यान्वयनमा छ । नयाँ राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन २०७६ अनुसार सोको नियमावली २०७७ को मस्यौदा तयार गरी स्विकृतिको क्रममा रहेको छ ।

## ख) सामाजिक सुरक्षा:

मानिस सक्रिय जीवन यापन गरिरहेका बेलामा होस् या असक्त अवस्थामा होस उसका आधारभूत मानवीय आवश्यकताहरु पूरा हुने सुनिश्चितता हुनु नै सामाजिक सुरक्षा हो । त्यसैले सामाजिक सुरक्षा अत्यन्त बृहत अवधारणा हो । राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागबाट वितरण भैरहेको सामाजिक सुरक्षा भत्ता “सामाजिक सहयोग” अन्तर्गत “नगद प्रवाह” कार्यक्रम हो । लाभग्राहीले यस्तो भत्ता रकम बुझ्केकोमा कुनै पनि दायित्व बहन गर्नु नपर्ने भएकाले यो निःशर्त अनुदानको रुपमा रहेको छ । यस किसिमबाट प्रदान गरिंदै आएको सामाजिक सुरक्षा भत्ता देशैभरिका विभिन्न वर्गका लाभग्राही समूहहरुलाई धनी-गरीब, विशेष क्षेत्र आदिमा लक्षित नगरी समान रुपमा लागू गरिएकोले यो बढी सर्वव्यापी (Universal) प्रकृतिको छ । तर बालपोषण भत्ता भने आंशिक रुपमा गरिबी लक्षित (Poverty Target) गर्न खोजिएको छ । हाल नेपाल सरकारले देशभर मुख्य सात वटा लक्षित समुहहरुलाई विभिन्न दरमा भत्ता वितरण गरिरहेको छ । बृद्ध, दलित, अपाङ्ग, लोपोन्मुख, विधवा, एकल महिला र दलित तथा पिछडिएका क्षेत्रका बालबालिका जस्ता उच्च जोखिममा रहनसक्ने समुह प्रत्यक्ष लाभान्वित हुने कार्यक्रम भएकोले यो नेपाल सरकारको अत्यन्त लोकप्रिय कार्यक्रम पनि हो । वर्तमान सन्दर्भमा गृह मन्त्रालय अन्तर्गत राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागले यसको कार्य जिम्मेवारी सम्हाल्दै आएको छ ।

नगद प्रवाह कार्यक्रम २०५१ साउन देखि गृह मन्त्रालयले बृद्धभत्ताका रुपमा ७० वर्ष माथिका नागरिकहरुलाई रु. १०० को दरले नमुनाको रुपमा २० जिल्लाबाट शुरु भई देशभर वितरण गर्न थालिएको हो । आ.व. २०५२।०५३ बाट भने यस कार्यक्रमलाई सामाजिक सुरक्षा भनी सम्बोधन गरी स्थानीय विकास मन्त्रालय अन्तर्गत राखी जेष्ठ नागरिक लगायत विधवा र अपाङ्गता भएका नागरिकहरुलाई समेत नियमित रुपमा प्रदान गर्दै आएकोमा हाल यसको दायरा अझ विस्तार भएको छ । साथै समय र लक्षित वर्गअनुसार भत्ताका दरहरु पनि सोहि बमोजिम परिमार्जन गरिंदै लगिएको छ । भत्ता वितरण कार्यलाई सरल र पारदर्शी बनाउन अनलाइन प्रविधि र बैंकिङ्ग प्रणाली मार्फत वितरण गर्नेकार्य अघि बढीरहेको छ । सामाजिक सुरक्षा ऐन २०७५, सामाजिक सुरक्षा नियमावली २०७६ ले सबै स्थानीय तहहरुले सम्पूर्ण लाभग्राहीहरुको विवरण MIS Online मा प्रविष्ट गर्नुपर्ने, कानुन बमोजिम नाम दर्ता, लगतकट्टा र नवीकरण गर्नुपर्ने तथा बैंकको पहुँच भएका सबै स्थानीय तहले अनिवार्य रुपमा बैंकमार्फत वितरण गर्नुपर्दछ । अहिले ३० लाखभन्दा बढी लाभग्राहीहरु अनलाइनमा आवद्ध भैसकेका छन् ।

### ग) राष्ट्रिय परिचयपत्र

“राष्ट्रिय परिचयपत्र” व्यक्तिका परिचय प्रमाणीकरणको डिजिटल समाधान (Digital Solution) हो । डिजिटल विशेषता रहेकाले अहिलेको आधुनिक युगमा यसलाई सार्वजनिक सेवासँग अन्तरसम्बन्धित गराई विविध कामका लागि प्रयोगमा ल्याउन सकिने हुनाले यसको अत्यन्त महत्व रहेको छ। यसलाई सफलतापूर्वक आफ्नो देशमा लागू गराउने धेरै देशहरुको नीति रहेको छ भने कतिपय देशमा यसको सफल प्रयोग समेत भैरहेको छ । विना भेदभाव सबै नागरिकहरुले यस्तो डिजिटल परिचयपत्र प्राप्त गर्नु भनेको राष्ट्रिय समावेशीकरणलाई समेत टेवा पुऱ्याउनु हो । नेपाल सरकारले २०६६/०६७ को बार्षिक नीति तथा कार्यक्रम र बजेट वक्तव्य मार्फत सबै नेपाली नागरिकलाई राष्ट्रिय परिचयपत्रको रुपमा निर्वाचनमा समेत प्रयोग गर्न सकिने गरी फोटो सहितको बायोमेट्रिक स्मार्ट कार्डको प्रयोग गर्ने व्यवस्था गरिनेछ र यस सम्बन्धी व्यवस्था कार्यान्वयनका लागि एउटा छुट्टै केन्द्रीय निकाय खडा गरिनेछ भनी घोषणा भएको थियो । तत्पश्चात् नेपाल सरकारको मिति २०६७/०३/१६ को निर्णयानुसार गृह मन्त्रालय अन्तर्गत विभाग स्तरको केन्द्रीय निकायको रुपमा मिति २०६७/०४/०१ मा राष्ट्रिय परिचयपत्र व्यवस्थापन केन्द्र (National ID Management Center) को स्थापना भएको हो । मिति २०७५/०६/२८ को निर्णयअनुसार उक्त केन्द र केन्द्रीय पञ्जीकरण विभागको एकीकरण पश्चात् राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको नामबाट सञ्चालित छ ।

राष्ट्रिय परिचयपत्र वितरण कार्यक्रमलाई प्रकृयागतरुपमा अघि बढाउन “राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन २०७६, राष्ट्रिय परिचयपत्र व्यवस्थापनको रणनीतिक योजना २०७५”, “राष्ट्रिय परिचयपत्र वितरणका लागि नेपाली नागरिकता प्राप्त व्यक्तिको विवरण दर्ता तथा राष्ट्रिय परिचयपत्र वितरण सम्बन्धी कार्यविधि, २०७५”, मन्त्रिपरिषद् र मन्त्रालय स्तरीय विभिन्न निर्णयहरुले कानुनी आधार प्रदान गरेको छ । सबै जिल्लामा लागू गर्नुपूर्व आ.व.२०७५/०७६ मा पाँचथर जिल्लाका नागरिकहरु तथा सिंहदरबार परिसरका कर्मचारीहरुलाई राष्ट्रिय परिचयपत्र वितरण गरी यसको सफल परीक्षण गरिएको छ। पाँचथर जिल्लामा माननीय गृहमन्त्री श्री राम बहादुर थापाले १०१ वर्षीय जेष्ठ नागरिक श्री भगवती देवी भण्डारीलाई औपचारिक रुपमा राष्ट्रिय परिचयपत्र प्रदान गरी यसको वितरण शुरु भएको हो। पाँचथर जिल्लामा वितरण पश्चात् नेपाल सरकारले अब तिन चरणमा देशभर विस्तार गर्ने तयारी अघि बढाइसकेको छ। सरकारको प्राथमिकता भित्र परेको यस कार्यक्रम, नेपाल सरकारको नीति तथा कार्यक्रम २०७६/०७७ मा आगामी ४ वर्ष भित्र र आ.व. २०७६/०७७ को बजेटमा पनि दुई वर्ष भित्र राष्ट्रिय परिचयपत्र वितरण गरी सकिने छ भनी उल्लेख भएको छ ।

## १.७.२ नारा, ध्येय तथा उद्देश्य

### (क) नारा : राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण विभागका मूल नारा

“प्रविधिमैत्री, सुशासित र सुदृढ सेवा प्रवाह नेपालको सान, बहुउपयोगी राष्ट्रिय परिचयपत्र हाम्रो पहिचान” भन्ने रहेको छ ।

### (ख) ध्येय (MISSION)

राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको मुख्य ध्येय देहाय अनुसार रहेको छः

१. राष्ट्रिय परिचयपत्र व्यवस्थापन सूचना प्रणालीको माध्यमबाट गुणस्तरीय सार्वजनिक सेवा तथा शान्ति, सुरक्षा र सुशासन प्रवर्द्धन गर्ने

२. आधुनिक सूचना प्रविधिमा आधारित राष्ट्रिय परिचयपत्र  व्यवस्थापन प्रणालीको अवलम्वन गरि समृद नेपाल सुखी नेपाली अभियानमा सहयोग पुर्‍याउने ।

### (ग) उद्देश्य

राष्ट्रिय परिचयपत्र लाई गर्नुपर्ने कारण देहाय अनुसार रहेको छः

१. राष्ट्रिय परिचयपत्र उपलब्ध गराउन आवश्यक पर्ने पूर्वाधार तयार गर्ने ।

२. व्यक्तिको वैयक्तिक पहिचानका लागि छुट्टा-छुट्टै परिचय नम्बर प्रदान गर्ने ।

३. जैविक पहिचान सहितको बहुउपयोगी राष्ट्रिय परिचयपत्र तयार गरी वितरण गर्ने ।

४. नेपालमा बस्ने सबै व्यक्तिका वैयक्तिक विवरण राष्ट्रिय तथ्याङ्क भण्डारमा समाविष्ट गर्ने ।

५. जनतालाई प्रवाह गर्ने सेवा सुविधालाई एकीकृत प्रणाली मार्फत एउटै परिचयपत्रबाट प्राप्त हुने प्रावधान सहितको प्रणाली विकास गर्ने ।

६. गैर आवासीय नेपाली र विदेशी नागरिकलाई समेत आवश्यकतानुसार परिचयपत्र उपलब्ध गराउने ।

## १.७.३ राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण सम्बन्धी मौजुदा ऐन, नियमावलीहरुः

**राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण सम्बन्धी मौजुदा ऐन, नियमावलीहरुः**

१. राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन २०७६,

२. जन्म, मृत्यु तथा अन्य घटना (दर्ता गर्ने) नियमावली, २०३४,

३. व्यक्तिगत घटना दर्ता सम्बन्धमा भएका निर्देशन तथा परिपत्रहरू,

४. सामाजिक सुरक्षा ऐन २०७५ तथा नियमावली २०७६,

५. सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५,

६. विद्युतीय प्रणालीबाट सामाजिक सुरक्षा भत्ता वितरण रणनीति२०७४, (पहिलो संशोधन) २०७६,

७. अनाथ तथा जोखिमयुक्त बालबालिकाका लागि सामाजिक सुरक्षा कार्यक्रम (सञ्चालन कार्यविधि) ऐन, २०७५,

## राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको संगठन संरचनाः



# आ.व. २०७६/२०७७ को कार्यप्रगति

## २.१ गृह मन्त्रालयको प्रगति

नेपाल सरकारले तय गरेको नीति तथा कार्यक्रमहरुलाई कार्यान्वयन गर्न मन्त्रालय र अन्तर्गतका निकायहरुवाट यस आ.व.मा २८ वटा आयोजना तथा कार्यक्रमहरु संचालन भएका छन् । उक्त आयोजनाहरु मध्ये २ वटा मात्र पहिलो प्राथमिकता प्राप्त आयोजना छन् । जसमा गृह मन्त्रालय अन्तर्गत लागू औषध नियन्त्रण कार्यक्रम र नेपाल प्रहरी बाट संचालित त्रिवर्षीय अपराध नियन्त्रण कार्यक्रम रहेको छ। यस आवमा सचालित कार्यक्रमहरु मध्ये गृह मन्त्रालय अन्तर्गत सचालित १० वटा कार्यक्रम रहेका छन् । यी बाहेक अन्य कार्यक्रमहरु यस अन्तर्गतका विभाग तथा सुरक्षा निकायबाट संचालित छन् । मन्त्रालयबाट संचालित आयोजनाहरुमा गृह मन्त्रालय, समरजंग कम्पनी, जिल्ला प्रशासन कार्यालयहरु, सीमा प्रशासन कार्यालयहरु, इलाका प्रशासन कार्यालयहरु, जुद्ध वारुणयन्त्र कार्यालय, प्रहरी किताबखाना, लागू औषध नियन्त्रण कार्यक्रम रहेका छन् । मन्त्रालय र अन्तर्गतका निकायबाट सञ्चालित मन्त्रालय बाहेकका आयोजनाहरुको प्रगति विवरण सम्वन्धित निकायकै प्रगति खण्डमा राखिएको छ ।

### क) गृह मन्त्रालय र मातहत निकायको वित्तीय प्रगतिको समग्र स्थिति देहाय अनुसार रहेको छ :

| विनियोजन (रु. हजारमा) | | खर्च (रु. हजारमा) | | खर्च प्रतिशत |
|---|---|---|---|---|
| कुल : | १४०५३९४७० | कुल : | १२९७४४४४६ | ९३.३२ |
| चालु : | १३००६९७९८ | चालु : | १२३४७३५७१ | ९४.९२ |
| पुँजीगत : | १०४६९६७२ | पुँजीगत : | ६२७०८७५ | ५९.९० |

## ख) गृह मन्त्रालय अन्तर्गत संचालित आयोजनाको प्रगति विवरण देहाय अनुसार रहेको छ :

| क्र.स. | ब.उ.शि.नं. | आयोजना/कार्यक्रम | विनियोजित बजेट रु. हजारमा | | | वार्षिक खर्च प्रतिशत | |
|---|---|---|---|---|---|---|---|
| | | | चालु | पुँजीगत | कुल | चालु | पुँजीगत |
| १ | ३१४१०११ | गृह मन्त्रालय | ४३७४४२ | २०२९६२ | ६४०४०४ | ९१.२७ | २१.७२ |
| २ | ३१४१०१६ | जिल्ला प्रशासन कार्यालयहरु | १३४०४४१ | ४८४१७२ | १८२४६१३ | ९०.६६ | ५८.३१ |
| ३ | ३१४१०१७ | सीमा प्रशासन कार्यालयहरु | २४५०२ | १६२० | २६१२२ | ६०.३२ | ६२.२८ |
| ४ | ३१४१०१८ | इलाका प्रसाशन कार्यालयहरु | ३२३१५९ | ८५५६५ | ४०८७२४ | ८१. | ६५.५२ |
| ५ | ३१४६०११ | प्रहरी किताबखाना | २११५० | ११०० | २२२५० | ८०.७ | ७३. |
| ६ | ३१४१०१४ | समरजंग कम्पनी कार्यालय | १२५०० | ३०० | १२८०० | ५६.३४ | ३७. |
| ७ | ३१४१०२३ | जुद्ध वारुणयन्त्र कार्यालय | १७३८२ | ६०० | १७९८२ | ९४.९३ | ७७.८३ |
| ८ | ३१४१०६३ | राहत तथा पुनर्स्थापना कार्यक्रम | १६६०० | ० | १६६०० | १६.१२ | ० |

**कोभिड १९ को कारणवाट माथि उल्लिखित कार्यक्रम तथा आयोजनामा पुँजीगत खर्च कमी हुन गएको छ ।**




*चालु र पुँजीगत खर्चको तुलनात्मक अवस्था*

### (ग) प्राथमिकता प्राप्त (P1) आयोजनाहरु:

गृह मन्त्रालय अन्तर्गत रहेका दुईवटा पहिलो प्राथमिकता प्राप्त आयोजनाहरु मध्ये लागू औषध नियन्त्रण कार्यक्रमको मन्त्रालय स्वयंले सञ्चालन गर्दछ भने त्रिवर्षीय अपराध नियन्त्रण तथा अनुसन्धान कार्य नेपाल प्रहरीले सञ्चालन गर्दछ। लागु औषध नियन्त्रण कार्यक्रमको भौतिक तथा वित्तीय प्रगति विवरण देहाय अनुसार रहेको छ:

| सि. न. | आयोजनाको नाम | विनीयोजित बजेट (रु. हजारमा) | | | वार्षिक खर्च प्रतिशत | |
|---|---|---|---|---|---|---|
| | | कुल वजेट | चालु | पुंजीगत | चालु | पुंजीगत |
| १ | लागू औषध नियन्त्रण कार्यक्रम | ११६०० | १०९०० | ७०० | ५८.१० | २८.४३ |

### लागू औषध नियन्त्रण कार्यक्रमका प्रमुख कृयाकलापहरु:

१. ड्रग रिपोर्ट, सुरक्षित जीवन, उद्यमशीलता, रोजगारीमुलक, सशक्तीकरण र सीप विकास सम्वन्धी तालिम कार्यक्रम सम्पन्न भएको ।

२. लागू औषध नियन्त्रण सम्वन्धी श्रव्यदृश्य सामाग्री निर्माण र प्रचार प्रसार छपाईको काम सम्पन्न भएको ।

३. लागू औषध नियन्त्रण, महिला हिंसा न्युनीकरण सम्बन्धी अन्तरक्रिया कार्यक्रम ३ पटक सम्पन्न भएको ।

४. लागू औषध सम्वद्ध ऐन नियमहरुलाई समयानुकूल परिमार्जन गर्ने सम्बन्धी कार्यशाला १ पटक सम्पन्न भएको ।

५. लागू औषध सर्वेक्षण २०७६ सम्पन्न भएको छ। लागू औषध प्रयोगकर्ता सर्वेक्षण २०७६ को प्रतिवेदनको कार्यकारी सारांश परिच्छेद ४.३ मा उल्लेख गरिएको छ।




*लागू औषध प्रयोगकर्ता सर्वेक्षण, २०७६ को प्रतिवेदन सार्वजनिकीकरण कार्यक्रम*

लागू औषध प्रयोगकर्ता सर्वेक्षण, २०७६ को प्रतिवेदन सार्वजनिकीकरण कार्यक्रम मिति २०७७।३।२३ मा सम्पन्न भएको थियो । नेपाल लागू औषध प्रयोगकर्ता सर्वेक्षण २०७६ को प्रतिवेदन सार्वजनिक गरिएको, उक्त सर्वेक्षणको प्रतिवेदन अनुसार नेपालमा हाल १,३०,४२४ जना लागू औषध प्रयोगकर्ता रहेका जसमध्ये महिला ६.७ प्रतिशत अर्थात ८,७३२ जना र पुरुष ९३.३ प्रतिशत अर्थात १,२१,६९२ जना रहेका छन्। लागू औषध प्रयोगकर्ताको वार्षिक वृद्धिदर ५.०६ प्रतिशत रहेको देखिएको छ। अपराध नियन्त्रण आयोजनाको प्रगति विवरण नेपाल प्रहरीको प्रगति खण्डमा समावेश गरिएको छ ।

नोटः त्रिवर्षीय अपराध नियन्त्रण तथा अनुसन्धान कार्ययोजनाको प्रगति विवरण नेपाल प्रहरीको प्रगति खण्डमा समावेश गरिएको छ ।

### (घ) गृह मन्त्रालयबाट सम्पादित कामको प्रगति प्रतिवेदन :

नागरिकहरुको जीउ, धन, समानता र स्वतन्त्रताको संरक्षण, शान्तिपूर्वक बाँच्न पाउने अधिकारको सुनिश्चीतता, व्यापार व्यवसाय, कानूनको प्रभावकारी कार्यान्यिन र अपराध नियन्त्रण मार्फत प्रत्येक नेपालीलाई सुख र खुसीको अनुभूति दिलाउने जिम्मेवारी पुरा गर्नको लागि स्वीकृत वजेट तथा

कार्यक्रमका साथै अन्य विविध कार्यहरु यस मन्त्रालयवाट सम्पादन भएका छन् । जसमा नीतिगत तथा कानूनी सुधार, सेवा प्रवाहमा सुधार, शान्ति प्रवर्द्धन, विपद व्यवस्थापन जस्ता विषयहरु रहेका छन् । जसलाई वुँदागत रुपमा तल उल्लेख गरिएको छ :

क) **नीतिगत तथा कानूनी सुधारः** गृह मन्त्रालयसग सम्बन्धित विषय क्षेत्रहरुमा आवश्यक तथा सँचालित कार्यक्रमलाई मार्गदर्शन गर्न यस आवमा विभिन्न नीति, कानून, कार्यविधी, तर्जूमा तथा सशोधन सम्बन्धी देहाय अनुरुप कार्य सम्पन्न भएका छन्ः

६. कारागार सम्बन्धी प्रचलित कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक संघीय संसदमा पेश गरिएको ।

१. अध्यागमन व्यवस्थापन सम्बन्धी विधेयक संघीय संसद समक्ष पेश भएको ।

२. संघ संस्था दर्ता सम्बन्धी विधेयक संघीय संसद समक्ष पेश गर्ने प्रयोजनको लागि स्वीकृतिको लागि मन्त्रिपरिषद्मा पेश भएको ।

३. जग्गा प्राप्ति सम्बन्धी विधेयक कानून न्याय तथा संसदीय मामिला मन्त्रालयमा तर्जुमा सहमतिको लागि लेखि पठाईएको ।

४. सशस्त्र प्रहरीको गठन तथा सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक तर्जुमाको अन्तिम चरणमा रहेको ।

५. हातहतियार खरखजाना सम्बन्धी विधेयक सैद्धान्तिक स्वीकृतिको लागि मन्त्रिपरिषद्मा पेश भएको ।

६. रेडक्रस सम्बन्धी विधेयक सैद्धान्तिक सहमतिको लागि कानून न्याय तथा संसदीय मामिला मन्त्रालयमा पठाईएको ।

७. विपद पूर्व तयारी तथा प्रतिकार्य योजना तर्जुमा निर्देशिका, २०६७ संशोधन गरी लागू गरिएको । सवै जिल्ला प्रशासन कार्यालयबाट जिल्ला विपद प्रतिकार्य कार्ययोजना तयार गरिएको र जिल्ला आपतकालीन कार्य सञ्चालन केन्द्र सञ्चालनमा रहेको ।

८. विपद जोखिम वित्तीय लगानी रणनीतिको अन्तिम मस्यौदा अर्थ मन्त्रालयमा पठाईएको । प्राधिकरणका कार्यकारी प्रमुखको नियूक्ति गरिएको ।

९. विपद पूर्व सूचना प्रणाली सम्वन्धी कार्यविधीको मस्यौदा तयार गरी आवश्यक सुझावका लागि सम्बन्धित निकायमा पठाईएको ।

१०. कालोबजार नियन्त्रण सम्बन्धी ऐनलाई समसामयिक गरी नयां विधेयक तर्जुमा गर्न नेपाल कानून आयोगमा अनुरोध गरि पठाइएको ।

११. जग्गा अधीग्रहण तथा मुआव्जा निर्धारण सम्वन्धी एकिकृत राष्ट्रिय नीतिमा समावेश गर्नुपर्ने वुँदाहरु तयार गरि नीतिगत समन्वयको लागि राष्ट्रिय योजना आयोगमा पेश गरिएको ।

१२. गृह मन्त्रालय र अन्तर्गत निकायहरुको कार्यक्रम, कार्यप्रकृति, कार्यवोझ तथा कार्यविश्लेषणका

आधारमा नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७६।०८।०३ को निर्णयानुसार संगठन तथा व्यवस्थापन सर्वेक्षण कार्य स्वीकृत भई पाँचथर, ओखलढुंगा लगायत विभिन्न १९ जिल्लाहरुमा सहसचिव स्तरको प्रमुख जिल्ला अधिकारी पद सिर्जना गरिएको ।

**ख) सेवा प्रवाहमा सुधार:** मन्त्रालय तथा अन्तर्गतका निकायवाट प्रदान गरिने सेवा प्रवाहलाई प्रविधिमैत्री बनाउन, कर्मचारीको व्यवसायिक दक्षता अभिवृद्धि गर्न, पारदर्शिता, मितव्ययिता कायम गर्ने क्षेत्रमा देहाय अनुसारको कार्यक्रम सञ्चालन भएका छन्:

१. मन्त्रालयवाट प्रदान गरिने सेवालाई प्रविधिमैत्री बनाई प्रभावकारी रुपमा सेवा उपलव्ध गराउन Citizen Information Management System, Daily Incidence Reporting System, Disaster Information Management System, Mobile App सञ्चालन गरी सूचना प्रविधिमा आधारित प्रणाली सुदृढीकरण गरिएको ।

२. सवै जिल्ला प्रशासन कार्यालयहरुमा Digital Citizen Charter को व्यवस्था गरी सेवाग्राही मैत्री सेवा प्रवाह गर्ने व्यवस्था मिलाईएको ।

३. मन्त्रालय र मातहतका निकायहरुसँग सम्बन्धित शान्ति सुरक्षा, सेवा प्रवाह लगायतका विषयमा प्राप्त गुनासोको ७०.९१ प्रतिशत फर्छ्यौट भएको ।

४. गृह मन्त्रालयका सचिवसँग सबै विभागीय प्रमुख, महाशाखा प्रमुख, शाखा प्रमुख, र प्रमुख जिल्ला अधिकारीसँग कार्यसम्पादन सम्झौता तथा मुल्याङ्कनको काम समेत सम्पन्न भएको ।

५. न्याय सेवा तालिम केन्द्र ववरमहल काठमाण्डौसँगको सहकार्यमा चालु आर्थिक वर्षको स्वीकृत वाषिक विकास कार्यक्रम अनुसार २ जना सहसचिव र ३४ जना उपसचिव गरी कुल ३६ जनाका लागि कानुन तथा न्याय सम्वन्धी क्षमता विकास कार्यक्रम सञ्चालन गरिएको ।

६. मानव अधिकार प्रवर्द्धन सम्बन्धी कार्यक्रम गोष्ठी ४ वटा प्रदेश समेटने गरी ४ वटा जिल्लामा सम्पन्न भएको ।

७. संघीय इकाइवीच सम्बन्धको विकास र विस्तार गर्ने नीति अनुरुप गृह मन्त्रालय अन्तगर्त सञ्चालित ५ वटा क्षेत्रीय आपतकालीन कार्यसचालन केन्द्र प्रदेश सरकारलाई हस्तान्तरण गरिएको ।

८. वित्तीय अनुशासन कायम गर्नका लागि Computerized Governance Accounting System (C-GAS) लागू गरिएको ।

९. नेपाल सार्वजनिक क्षेत्र लेखामान अनुरुपको वित्तीय प्रतिवेदन समयमै तयार गरी सम्बन्धित निकायमा पेश गरिएको ।

१०. यस आ.व.मा गृह मन्त्रालय र अन्तर्गतका निकायको कूल वेरुजु फर्छौट ७६.८७ प्रतिशत भएको ।

## ग) स्थानीय प्रशासन तथा प्रदेश समन्वय शाखा सम्बद्ध उपलब्धि:

अ) राष्ट्रिय मामीला:

१ विभिन्न ८२२ जना कैदीवन्दीको सजाय छुट तथा ८ जनाको कैद माफी मिनाहाको निर्णय कार्यान्वयन गरिएको ।

१. विभिन्न ९ वटा सेक्युरिटी कम्पनी सचालन अनुमति दिईएको ।

२. विभिन्न १० वटा कम्पनीहरुलाई वाकीटकी सचालन गर्न सिफारिस प्रदान गरिएको ।

३. विभिन्न ९ वटा कम्पनीहरुलाई ड्रोन उडानको स्वीकृति प्रदान गरिएको ।

४. नेपाल नगरपालिका संघको विधान सशोधन स्वीकृत भएको ।

५. विभिन्न जिल्ला प्रशासन कार्यालयवाट माग भई आएको विभिन्न ४२ वटा संघ सस्थाको सम्वन्धमा राय उपलव्ध गराईएको ।

६. नेपाल चेम्वर अफ कमर्शको विधान संशोधनको लागि मन्त्रिपरिषद्मा सिफारिस गरिएको ।

अ) अन्तराष्ट्रिय मामिला

१. ७ वटा मुलुकले नेपालका लागि उक्त मुलुकको अवैतनिक वाणिज्य दुत नियूक्तीको लागि सहमति प्रदान गरिएको ।

२. १५ जना भुटानी शरणार्थीहरु, ३७ जना तिव्वती शरणार्थीको Travel Document सिफारिस गरिएको र भुटानी शरणार्थी २ जनाको Travel Document म्याद ६ महिना थप्न सिफारिस गरिएको ।

३. राष्ट्रिय सभा तथा विभिन्न स्थानीय निकायमा रिक्त रहेको पदमा उपनिर्वाचनको मिति सिफारिस गरी प्रस्ताव पेश गरिएको ।

४. विभिन्न १० वटा मुलुक तथा ३ वटा नियोग र UN Agency ले प्रस्ताव गरेको नेपालका लागि उक्त मुलुकका राजदुतर प्रतिनिधिका नाममा सहमति प्रदान गरेको ।

५. सम्पति शुद्धिकरण सम्वन्धमा राष्ट्रिय जोखिम मुल्याकन २०२० को प्रतिवेदन तयार गरि समितिमा पेश गरिएको ।

६. BIMSTEC र SAARC को फोकल प्वाईन्टको रुपमा रही आवश्यक Document, Concept Paper Preparation, Expert Group Meeting राय परामर्श लगायतका कार्यहरु सम्पन्न भएको ।

७. नेपाल र भारतवीच सन २००५ मा हस्ताक्षर भएको सपुर्दगी सन्धिको मस्यौदा उपर नेपालको प्रचलित सपुर्दगी ऐन २०७० बमोजिम Review गरी Comparative Chart तयार गरेको ।

८. नेपाल र चीन वीच प्रस्तावित Extradition Treaty सम्वन्धमा दुवै पक्षवीच छलफल भई letter of Discussion मा हस्ताक्षर भएको ।

९. यूएइ सरकारको सपुर्दगी मस्यौदा प्रस्तावलाई नेपालको प्रचलित ऐन सँग भिडाएर विश्लेषण गरी Comparative Chart तयार गरेको ।

१०. परराष्ट्र मन्त्रालयवाट प्राप्त UN Security Council, Resolution (1540) सम्वन्धमा प्रतिवेदन तयार गरी पठाईएको ।

घ) **आन्तरिक व्यवस्थापन : मन्त्रालयको आन्तरिक व्यवस्थापनका लागि गरिएका कार्यबाट हासिल भएका उपलब्धिहरु देहाय बमोजिम छन् :**

१. मन्त्रालय तथा मातहत विभाग र कार्यालयहरुको स्वामित्वमा रहेको जग्गा तथा भवनहरुको एकिकृत विवरण तयार भएको ।

२. जग्गा प्राप्ति ऐन, २०३४ को दफा २५, ७ वमोजिम गृह मन्त्रालयमा मुआव्जा पुनरावलोकन तथा प्राप्तिको लागि पेश भएका २४ वटा फाईलहरुको कार्यान्वयन प्रक्रिया अगाडी वढाईएको ।

३. सरकारी जग्गा दर्ता तथा लिजमा उपलव्ध गराउने कार्यनीति २०७१ वमोजिम जग्गा सिफारिश माग भई आएका विभिन्न ४४ वटा फाईलहरुको आवश्यक कारवाही गरिएको ।

४ सरकारी जग्गा तथा लिजमा उपलव्ध गराउने कार्यनीति, २०७१ को दफा ७ २ क वमोजिम जग्गा सिफारिस माग भई आएका १२ वटा फाईलहरुमा कार्यान्वयन प्रक्रिया अगाडि वढाईएको ।

५. यस आवमा करिव १५० वटा सवारी साधनलाई निजी सवारी साधन नम्वर कायम गर्न सिफारिस गरिएको ।

ङ) **नागरिकता तथा राष्ट्रिय परिचयपत्र व्यवस्थापन:** यस अन्तर्गत आ.व. ०७६/७७ मा देश भरी वितरण गरिएको नागरिकताको विवरण देहाय वमोजिम रहेको छ ।

| सि.न. | विवरण | संख्या |
|---|---|---|
| १ | नागरिकता सम्वन्धी उजूरी उपर कारवाही गरिएको । | १४१ वटा |
| २ | नागरिकता परित्याग सम्वन्धी जिल्ला प्रशासन कार्यालयहरुलाई पत्राचार गरिएको । | ६० वटा |
| ३ | नागरिकता परित्याग सम्वन्धी कारवाहीको जानकारी कन्सुलर सेवा विभागलाई दिईएको । | ३७ वटा |

| | | |
|---|---|---|
| ४ | वशज नागरिकता वितरणको संख्या | १८७७४७ वटा |
| ४.१ | वैवाहिक अंगिकृत | ४६५५ वटा |
| ४.२ | प्र.जि.अ.बाट वितरित अंगिकृत | २५ वटा |
| ४.३ | प्र.जि.अ. बाट रद्ध गरिएको नागरिकता | २३ वटा |
| ५ | विभिन्न निकाय र मातहतको विभाग र जिल्ला प्रशासन कार्यालयहरुलाई निर्देशन, आदेश र समन्वय गरिएको सख्या | १२२ पटक |
| ६ | पुराना र अव्यवस्थित फाईलहरुलाई अद्यावधिक र पुनः अभिलेखीकरण गरिएको फाईल संख्या | २०८२ वटा |
| ७ | पुरानो अंगिकृत तथा वैवाहिक अगिकृत नाप्र CIMS मा प्रविष्टी गरेको सख्या | १४२०९ |
| ८ | नागरिकता बदरका लागि नेपाल सरकार मन्त्रिपरिषद् समक्ष प्रस्ताव पठाइ बदर भएको सख्या | १५ वटा |
| ९ | लिङ्ग परिवर्तनका लागि नेपाल सरकार मन्त्रिपरिषद् समक्ष प्रस्ताव पठाईएको सख्या | ५ वटा |
| १० | राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग सिंहदरवार पठाईएको पत्र | ११ वटा |
| ११ | अंगीकृत नागरिकताको अभिलेख भिडान गरी पठाईएको पत्र | १४ वटा |
| १२ | सम्मानार्थ नागरिकता प्रदान | २ वटा |

**(च) विभूषण तथा समारोहः राष्ट्रका लागि उल्लेखनीय योगदान पुऱ्याए बापत प्रदान गरिने विभूषण तथा मानपदवीसँग सम्बन्धित प्रगति देहाय बमोजिम छः**

१. विभूषण घोषणा, सिफारिस फारामहरु व्यवस्थापन, विभूषण निर्माण कार्य तथा अधिकारपत्र छपाई

२. सम्माननीय राष्ट्रपतिबाट मिति २०७६ सालको सविधान दिवसको अवसरमा विभिन्न क्षेत्रमा उल्लेखनीय योगदान पुरयाउनु हुने ६३३ जना महानुभावहरुको नामावली घोषणा गरेको ।

३. २०७६ सालको विभूषणका लागि घोषणा भएका महानुभावहरुको सिफारिस फारामहरु व्यवस्थापन गर्ने कार्य समपन्न गरेको ।

४. २०७६ सालको लागि घोषणा गरिएका ६३३ मानपदवी, अंलकार र पदक थान विभूषणहरु निर्माण सम्पन्न भएको ।

५. विभूषण सुशोभन कार्यक्रमः २०७६ सालमा घोषणा विभूषण प्रदान गर्न र २०७७ सालको विभूषण प्रदान गर्न सम्वन्धित निकायमा परिपत्र गरी सिफारिस फारामहरु संकलन गरिएको ।

(छ) **गुनासो व्यवस्थापन सम्वन्धमा:** आ.व. २०७६/०७७ मा मन्त्रालयबाट तपसिल बमोजिम कूल गुनासो/उजुरी मध्ये ७०.९१ प्रतिशत गुनासो व्यवस्थापन भएको छ ।

**अ) उजुरी फर्छ्यौटको विवरण:**

| सि.न. | विषय | प्राप्त उजुरी | फर्छौट सख्या |
|---|---|---|---|
| १ | नेपाल प्रहरी | १०० | ५२ |
| २ | सशस्त्र प्रहरी बल | ११ | ७ |
| ३ | कर्मचारी | ३९ | २४ |
| ४ | जग्गा अतिक्रमण | १२ | १ |
| ५ | स्थानीय तह | ९ | ४ |
| ६ | नागरिकता | २९ | २६ |
| ७ | अनियमितता | १३ | ६ |
| ८ | कारागार | ३ | १ |
| ९ | अन्य किर्ते | १०५ | ५७ |
| | कुल जम्मा | ३२१ | १७८ |
| | उजुरी फर्छ्यौट प्रतिशत - ५५.४६ | | |



**आ) अख्तियार दुरुपयोग अनुसन्धान आयोगवाट कार्यान्वयन भएका र हुन वाँकी गृह मन्त्रालयको नाममा रहेको लगत मिसिलहरु**

| सि. न. | मिसिल कार्यान्वयनको अवस्था | लगत मिसिल संख्या | फर्छ्यौट संख्या | प्रगति प्रतिशत | फछ्र्यौट प्रक्रियामा रहेका |
|---|---|---|---|---|---|
| १ | मन्त्रालय वा मातहतबाट सम्पादन भएका | १०३ | ४३ | ४१.७४ | ६० |
| २ | स्थानीय तहमा हस्तान्तरणका लागि अ. दु. अ. आ. पठाईएका | ३३ | | | |
| ३ | हेलो सरकार अनलाईन पोर्टलमा प्राप्त गुनासो  सम्बोधन मात्रा | ७४ | ६४ | ८६.४८ | १२ |

# प्रकरण अ र आ मा उल्लिखित विषयका अतिरिक्त टोल फ्रि बाट प्राप्त गुनासो फर्छौट १०० प्रतिशत रहेको छ । यसरी सबै स्रोतबाट प्राप्त गुनासो/उजुरी फर्छ्यौटमा मन्त्रालयको समग्र प्रगति ७०.९१ प्रतिशत कायम हुन आएको  ।

**(ज) अध्यागमन तथा सीमा सम्बद्ध कार्यको कार्यप्रगति देहाय बमोजिम रहेको छ :**

| सि.न. | कृयाकलाप | प्रगति |
|---|---|---|
| १ | कार्य सहमति | ३०२५ |
| २ | On Arrival Visa | ३०० |
| ३ | उडान अनुमति निषेधित क्षेत्र | २४९२ |
| ४ | निशुल्कः पदयात्रा अनुमति | २५ |
| ५ | निष्काशन सहमति | ४१ |
| ६ | यात्रा अनुमति पत्र सिफारिस | ९ |
| ७ | वहुप्रवेशी भिसा | ६२ |
| ८ | अध्ययन भिसा | ४ |
| ९ | निःशुल्क भिसा | १४४ |
| १० | विदेशी नागरिकको अनुगमन | १३६ |
| ११ | अध्यागमन  ऐन २०४९ को १० ४ बमोजिम जरिवाना | १३६ |
| १२ | बहुप्रवेशी पर्यटक भिषा जारी गर्न स्वीकृति प्रदान | ६२ जना विदेशी नागरिक |
| १३ | कोभिड १९ महामारीका कारण नेपालमा बन्दाबन्दीले अलपत्र परेका आवागमन तथा प्रस्थानमा सहजीकरण गरेको । | १५६८८ विदेशी नागरिक |

| सि.न. | कृयाकलाप | प्रगति |
|---|---|---|
| १४ | विदेशी नागरिकहरुलाई निष्काशन गर्ने निर्णय कार्यान्वयन गरिएको । | ४१ जना |
| १५ | विभिन्न निकायको सिफारिसमा विदेशी नागरिकलाई On Arrival Visa जारी गर्न अध्यागमन विभागलाई स्वीकृति प्रदान गरेको । | १२ मुलुकका ३०० जना विदेशी नागरिक |
| १६ | विभिन्न निकायको सिफारिसमा विदेशी नागरिकलाई निशुल्क भिषा जारी गर्न अध्यागमन विभागलाई लेखि पठाएको । | १४४ जना |

१. निषेधित क्षेत्रमा दुईपटक हवाई तथा ड्रोनबाट चलचित्र तथा डकुमेन्ट्री छायांकन गर्न अनुमति दिइएको ।

२. परराष्ट्र मन्त्रालयको सिफारिसमा २५ जना विदेशी नागरिकहरुलाई निःशुल्क पदयात्रा अनुमति प्रदान गर्न सिफारिस गरिएको ।

३. विभिन्न सीमावर्ती जिल्लाका प्रमुख जिल्ला अधिकारी र सीमा क्षेत्रका समकक्षी अधिकारीसँग वैठक वस्न १४ पटक अनुमति प्रदान गरिएको ।

४. २०७५/७६ मा जिल्ला प्रशासन कार्यालयवाट वितरित राहदानी विवरण तयार गरी एकिकृत अभिलेख तयार भएको ।

५. अध्यागमन नियमावली विपरित कार्य गरेका १३६ जना विदेशी नागरिकहरुलाई कारवाही गर्न सिफारिस गरिएको ।

६. अन्तराष्ट्रिय गैर सरकारी सस्थाहरुको परियोजना विश्लेषण तथा सहजीकरण सिफारिस समितिको वैठकमा ४२ पटक सहभागिता गरिएको ।

### (झ) सूचना प्रविधि तर्फः

**सेवा प्रवाहलाई चुस्त, दुरुस्त एवं प्रभावकारी बनाउन चालिएका प्रयासमा हासिल उपलब्धि देहाय बमोजिम रहेका छन् :**

१. प्रदेश १, २,३, सुदुर पश्चिम र कर्णाली प्रदेश जिल्ला प्रशासन, सीमा प्रशासन कार्यालयका गरी कुल १०१ जना कर्मचारीलाई सूचना प्रविधि सम्बन्धी अभिमुखिकरण तालिम प्रदान गरिएको,

२. सूचना प्रविधिसँग सम्बन्धित KVM Switch, Equipment and Devices, High End server लगायतका सामाग्रीहरु खरिद तथा आवश्यकता अनुसार जडान गरिएको,

३. MOHA Email लाई Centralised mail system मा Upgrade गरिएको,

४. Citizenship Information Management System CIMS Reengineering तथा District Administration Automation Software Upgradation सम्वन्धी खरीद कार्य सम्पन्न भएको,

५. PIS Software अद्यावधिक गरिएको ।

## (ञ) प्रहरी प्रशासन तर्फः

मन्त्रालयवाट सम्पादन भएका सुरक्षा निकायसँगका कार्यहरु देहाय वमोजिम रहेका छन् :

| सि.न. | कृयाकलाप | संख्या |
|---|---|---|
| | **सशस्त्र प्रहरी बल नेपाल** | |
| १ | बढुवा नियमित तथा एक तह | २१ जना एकतह बढुवा, ४१ जना नियमित वढुवा |
| २ | अध्ययन विदा | स.प्र.नि. ४ जना र स.प्र.ना.उ. २ जना गरी जम्मा ६ जना |
| ३ | कारवाही | स.प्र.नि. ५ निलम्वन, २ जना निलम्वन फुकुवा १ जना बर्खास्त र स.प्र.ब.उ. १ बर्खास्त र १ जना निलम्वन गरी जिल्ला अदालतमा पेश गरेको |
| ४ | वैदेशिक मनोनयन | |
| | खेलाडी | ५७ जना |
| | तालिम | ५४ जना |
| | मिसन मनोनयन | ३६८ जना |
| विविध | १ संगठन तथा व्यवस्थापन सर्वेक्षण २०७७ स्वीकृत,<br>२ ए.पि.एफ. कमान्ड तथा स्टाफ तालिमको प्रवेश परीक्षा सम्वन्धी कार्यविधी २०७६ स्वीकृत,<br>३ सशस्त्र प्रहरी बल, नेपालको लागि नेपाली सेना, बाट ६०० थान हतियार उपलब्ध गराउनको लागि ३० जना सशस्त्र प्रहरी कर्मचारीलाई तालिमको व्यवस्था । | |
| | **नेपाल प्रहरी** | |
| १ | वैदेशिक मनोनयन | १६५ जना |
| २ | UNPOL Mission | प्रहरी जवान देखि प्रहरी उपरीक्षक सम्म जम्मा ४९ जना |
| ३ | खेलाडी मनोनयन | प्रहरी जवान देखि प्रहरी उपरीक्षक सम्म जम्मा ५८ जना |
| ४ | विभागीय कारवाही | ४ निलम्वन, ४ नोकरीवाट हटाईएको र ४ जनाको निलम्वन फुकुवा गरिएको । |

| सि.न. | कृयाकलाप | संख्या |
|---|---|---|
| ५ | अध्ययन विदा स्वीकृत | प्रा.प्र.ना.उ. १ जना र प्रा.प्र.ह. १ जना गरी जम्मा २ जना |
| विविध | प्रहरी समायोजन ऐन, २०७६ बमोजिम गठित सगठन तथा व्यवस्थापन सर्वेक्षण समितिबाट नेपाल प्रहरीलाई प्रदेश प्रहरीमा समायोजन प्रक्रियाका कार्यहरु भैरहेको । | |

### (ट) मन्त्रालय र मातहत निकायको आ.व. २०७६/७७ को क्रियाकलाप र माइलस्टोनको प्रगति विवरण :

नेपाल सरकारको आ.व. २०७६/७७ को स्वीकृत बजेट तथा नीति तथा कार्यक्रम, लाई कार्यान्वयन गर्न गृह मन्त्रालय र अन्तरगतका निकायहरुको लागि विभिन्न क्रियाकलापको निर्धारित माइलस्टोनको समग्र प्रगति अवस्था देहाय बमोजिम रहेको छ:

जम्मा माइलस्टोन: २६४
सम्पन्न भएका माइलस्टोन : २२९
कार्य भइरहेको माइलस्टोन : ३१
शुरु नभएका माइलस्टोन : ४

समग्रमा मन्त्रालयको माइस्टोनको क्रियाकलापहरु मध्ये ८७.९ प्रतिशत क्रियाकलापहरु सम्पन्न भएको, ११.७ प्रतिशत क्रियाकलापहरु काम सुरु भै प्रकृयामा रहेको र ०.४ प्रतिशत क्रियाकलापहरु सुरु नै नभएको देखिन्छ । जसलाई तलको डाइग्राममा देखाइएको छ ।




आ.व. २०७६/७७ को माइलस्टोनमा भएको प्रगति

## २.२ नेपाल प्रहरी

आ.व. ०७६।७७ मा नेपाल प्रहरी तर्फ ७ वटा स्वीकृत वार्षिक कार्यक्रम रहेको जसमध्ये १ वटा पहिलो प्राथमिकता प्राप्त आयोजना रहेको छ । यस आवमा नेपाल प्रहरी तर्फ रु ३९ अर्ब ६९ करोड ४९ लाख ९६ हजार बजेट विनीयोजन भएको, जसमा चालु तर्फ ३४अर्ब १५ करोड ८२ लाख ९६ हजार र पुँजीगत तर्फ रु ५ अर्ब ५३ करोड ६७ लाख रहेको छ। यस आवमा रु. ३९ अर्ब ०८ लाख ३१ हजार कुल खर्च भएको छ।

### (क) बित्तीय प्रगति तर्फ

आ.व. २०७६/०७७ मा नेपाल प्रहरीलाई चालु खर्चको प्रगति प्रतिशत १०३.६८ प्रतिशत र पुँजीगत तर्फ ६४.७९ प्रतिशत  प्रगति भएको छ।

रकम रु हजारमा

| सि. नं. | कार्यालयको नाम | चालु विनियोजन | पुँजिगत विनियोजन | कुल विनियोजन | चालु खर्च | पुँजीगत खर्च | कुल खर्च |
|---|---|---|---|---|---|---|---|
| १ | प्रहरी प्रधान कार्यालय | ५८८६२३७ | १४७७५०० | ७३६३७३७ | ३३७५४५९ | ९४९२२३ | ४३२४६८२ |
| २ | नेपाल प्रहरी अस्पताल | ४७७५१० | २९०१०० | ७६७६१० | ४९००९८ | २८०७३० | ७७०८२१ |
| ३ | राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान | ६५७५३६ | ११३४१०० | १७९१६३६ | ६३८७२० | २१८६७४ | ८५७३९९ |
| ४ | प्रदेश प्रहरी कार्यालय | ५२१३५५२ | ३८०३०० | १८८४९५९५ | ५९०९८९७ | ३२८५६६ | २०८३१८७३ |
| ५ | जिल्ला प्रहरी कार्यालय | १७२८८४९५ | १५६११०० | १८८४९५९५ | १९५६७११२ | १२६४७७८ | २०८३१८७३ |
| ६ | महानगरीय प्रहरी कार्यालय | ४६२४३६६ | ६१४५०० | ५२३८८६६ | ५४२५२५९ | ४८४४२६ | ५९०९६८५ |
| ८ | त्रि-वर्षिय अपराध नियन्त्रण तथा अनुसन्धान कार्ययोजना | १०६०० | ७९१०० | ८९७०० | ७०६६ | ६०८२१ | ६७८८७ |
| | जम्मा | ३४१५८२९६ | ५५३६७०० | ३९६९४९९६ | | | ३९०००८३१ |

### (ख) अन्य प्रगति

नेपाल प्रहरी तर्फ लक्षित कामका अतिरिक्त तपसिल बमोजिम कार्यप्रगति भएको अवस्था छ:

१) शान्ति सुरक्षा नियन्त्रण तर्फ: ने.क.पा माओवादी विप्लव समूहको गतिविधिहरुको निगरानी तथा पक्राउ, विभिन्न क्षेत्र मातहतका जिल्लाहरुमा अ.प्र.पोष्ट राख्न स्वीकृति प्रदान, बन्द हड्ताल तथा चक्काजाम, गुण्डागर्दी नियन्त्रण, धार्मिक मेलापर्व/जात्राको सुरक्षा प्रबन्ध, नेपाल प्रहरीको QRT कार्य योजना तयार गरी लागू गरिएको, आप्रवासी गतिवीधी निगरानी तथा नियन्त्रण जस्ता कार्य सचालन भएका छन् ।

यस आ.व.मा पक्राउ परेका व्यक्तिको विवरण देहाय अनुसार रहेको छ :

| सि.न. | अपराधको किसिम | संख्या |
|---|---|---|
| १ | विप्लव समुहका नेता तथा कार्यकर्ता | १,०८२ जना जस मध्ये ८९९ जना छुटेको, १४९ जना कारागार चलान भएको र ३४ जना प्रहरी हिरासतमा रहेको । |
| २ | विभिन्न अपराधमा | २८४ जना पक्राउ परेको |
| ३ | गुण्डागर्दिमा संलग्न | ९,७५७ जना पक्राउ परेका जसमध्ये ५,५७१ जनालाई मुद्धा चलाएको र ४,१८६ जनालाई अनुसन्धान तथा सोधपुछ पश्चात छाडिएको । |

१. विभिन्न ४२ स्थानमा अस्थायी प्रहरी पोष्ट स्थापना गरी शान्ति सुरक्षाको व्यवस्था मिलाईएको,
२. राजमार्ग तथा सहरी क्षेत्रमा १० मिनेट भित्र प्रहरी घटनास्थलमा पुग्न २,४५१ वटा QRT को व्यवस्था मिलाईएको,
३. यस आ.व.मा ६,७७९ वटा विभिन्न घटनाहरुमा तत्काल QRT परिचालित भएको,
४. ४१८९८ वटा विभिन्न शीर्षकमा मुद्धा दर्ता भई अनुसन्धान गरिएको ।

### (ग) शरणार्थीहरुको अभिलेख:

यस आर्थिक वर्षमा देहाय वमोजिम विदेशी नागरिकहरुको अभिलेख अद्यावधिक गरिएको छ ।

| सि.नं. | देश | सख्या |
|---|---|---|
| १ | तिव्वतीयन | ८११६ |
| २ | भुटानी | ६७४७ |
| ३ | रोहिग्या | ३४२ जना |
| ४ | पाकिस्तानी | २४६ जना |
| ५ | सोमालियन | १४ जना |
|  | कुल | १५४६५ जना |

शरणार्थी प्रतिशत




### (घ) आर्थिक वर्ष २०७६/७७ मा बन्द/हड्तालका घटनाहरु :

| सि.न. | बन्दको प्रकृति | सख्या |
|---|---|---|
| १ | नेपाल बन्द | १३ |
| २ | उपत्यका बन्द | ४ |
| ३ | प्रदेश बन्द | १ |
| ४ | जिल्ला बन्द | १७ |
| ५ | लिम्बुवान बन्द | १ |
| ६ | सरकारी कार्यालय | ६ |
| ७ | उद्योग धन्दा | ३ |
| ८ | शैक्षिक संस्था | २३ |
| | कुल जम्मा | ६८ पटक |

उक्त बन्द कार्यक्रममा सुरक्षार्थ २१,३१२ जना प्रहरी परिचालन गरिएको थियो।




*बन्द/हड्तालको प्रकृति अनुसारको विवरण*

### (ङ) समुदाय प्रहरी साझेदारी कार्यक्रम:

समुदाय स्तरसम्म अपराध नियन्त्रण, शान्ति सुरक्षा, हिंसा न्यूनीकरणकण, लागु औषध नियन्त्रणको लागि समुदायको सहभागिता अभिवृद्धि गर्न सवै स्थानीय तह र वडास्तर सम्म समुदाय प्रहरी साझेदारी कार्यक्रम देहाय अनुसार सचालन भैरहेको छ :

१. यस कार्यक्रम अन्तर्गत जनचेतनामूलक श्रव्यदृश्य सामाग्रीको निर्माण, सामुदायिक अभिमुखीकरण, अस्पताल सरसफाई, सामुदायिक कार्यक्रम, विद्यालय सम्पर्क कार्यक्रम, प्रहरीसँग एक दिन, Anti-ragging Campaign, सार्वजनिक सुनुवाई, छाउपडी र कोभिड-१९ सम्वन्धी जनचेतनामूलक कार्यक्रम संचालन गरिएको ।

२. ७ वटा पालिका, १५५ वडा, १,७१२ टोल, नेपाल स्काउट १ र शैक्षिक संस्थाहरु १,८९६ वटा गरी यस आ.व. मा कूल ३,७७० वटा समिति गठन भई समझदारी पत्रमा हस्ताक्षर गरी कार्यक्रमहरु संचालन भएका छन् । यस आर्थिक वर्षमा कूल ५१,२२९ कार्यक्रम सम्पन्न भएका छन् ।

३. सदाचार र सुशासन कायम गर्नको लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, E-complain, पत्रपत्रिका, निवेदन आदिको माध्यमबाट प्राप्त कुल ४६० वटा उजुरी मध्ये ४२४ वटा उजुरी छानविन गरी ९२.१७ प्रतिशत गुनासो उजुरी फर्छ्योट गरिएको ।

४. प्रहरी संगठन भित्र अनुशासन तथा इमान्दारिता कायम गर्ने उद्देश्य स्वरुप यस आ.व.मा विभिन्न घटनामा दोषी पाईएका ७९ प्रहरी कर्मचारीहरु उपर विभागीय कारवाही गरिएको ।

### (च) अन्तराष्ट्रिय सम्पर्क तथा समन्वय:

१. आर्थिक वर्ष २०७६/७७ मा नेपाल प्रहरीका सुडानको डार्फर, दक्षिण सुडान, सोमालिया, कंगो माली स्थित क्रमशः UNAMID, UNMISS, UNSOM, MONUSCO र MINUSMA मिसनहरुमा सहभागिता रहेको छ । यसमा IPOs को रुपमा ४१ (१ जना Corrections Officer समेत) र Professional Post मा १ जना प्रहरी कर्मचारीहरु शान्ति स्थापनार्थ खटिएको,

२. ईटाली स्थित UN Logistics Base मा Transnational Crime Officer, P-3 मा १ जना प्रहरी अधिकृत खटिएको साथै विभिन्न मिसनमा ५ जना महिला प्रहरी कर्मचारी रहेका । २४ जना महिला कर्मचारी सहित १८० जना प्रहरी कर्मचारीहरू FPU को रुपमा खटिएर गएका,

३ Interpol को Database मा २१,४६० वटा नेपाली हराएका तथा चोरी भएका राहदानीहरुको तथ्यांक अभिलेखीकृत गरिएको,

४. फरार प्रतिवादीहरुको अन्तर्राष्ट्रिय स्तरमा खोजतलास गरी पक्राऊ गर्न विभिन्न समयमा १० जना विरुद्ध Diffusion जारी गरिएको,

५ Notice/Diffusion जारी भएका अन्तर्राष्ट्रिय स्तरमा खोजतलास गरी विभिन्न ३ जनालाई नेपाल ल्याइएको र २ जना चाईनिज नागरिकलाई नेपालबाट चिन Deport गरिएको ।

### (छ) मानव अधिकार संरक्षण तथा समन्वय:

१. मानव अधिकार सरक्षण तथा सम्वर्धनतर्फ कुल १४७ वटा उजुरी प्राप्त भएकोमा ७० वटा उजुरी छानविन गरी बाँकी ७४ वटा उजुरी छानविनको क्रममा रहेको,

२. कोभिड १९ को महामारीमा आम नागरिकको मानव अधिकारको रक्षाको सुनिश्चतताको लागि सुरक्षा निकायहरुलाई निर्देशन दिईएको,

३. यातना तथा क्षतिपूर्ति अन्तर्गत परेका मुद्धाहरुको रेकर्ड अद्यावधिक गरिएको ।

### (ज) मानवश्रोत व्यवस्थापन:

- सम्पुर्ण प्रहरी कर्मचारीहरुले आफ्नो व्यक्तिगत अभिलेख नेपाल प्रहरीको Internet मार्फत हेर्न सक्ने र अद्यावधिक गर्नुपर्ने भएमा आवश्यक समन्वय गर्न सक्ने Software निर्माणको क्रममा रहेको,

- संघीय संरचना अनुरुप प्रहरी कर्मचारीहरुको अभिलेख व्यवस्थापन भई सम्बन्धित प्रदेश प्रहरी कार्यालयहरुले समेत अभिलेख अद्यावधिक गर्न सक्ने Software तयारी भईरहेको,
- नेपाल सरकारबाट विभिन्न दर्जाका क्रमशः मानपदवी-४४, अलंकार-४३ र पदक १० गरी कुल जम्मा-९७ जना प्रहरी कर्मचारीहरुले विभूषण प्राप्त गर्नु भएको,
- प्रहरी कर्मचारीहरुको क्षमता विकास गरी व्यवसायिक तथा दक्ष बनाउन नियमित रुपमा बार्षिक तालिम क्यालेन्डर अनुसार तथा अन्य सस्थाहरुसगको समन्वय तथा सहकार्यमा तालिम कार्यक्रम सम्पन्न भएको,
- विभिन्न २७ वटा तालिमको नयाँ पाठ्यक्रम निर्माण र १४ वटा तालिमको पाठ्यक्रम परिमार्जन गरिएको,
- अपराध नियन्त्रण र अनुसन्धान त्रि-वर्षीय अपराध नियन्त्रण तथा अनुसन्धान कार्य योजना दोस्रो चरणको तयार गरी स्वदेश तालिम ३,४२७ जना विदेश तालिम - ५६ जनालाई तालिम प्रदान गरिएको,
- वस्तुनिष्ठ अपराध अनुसन्धान, मानव अधिकारको सम्मान गरी आधुनिक वैज्ञानिक प्रविधिहरुको प्रयोगको क्षेत्र तथा अनुसन्धान अधिकृतहरुको क्षमता अभिवृद्धि समेत गरी अनुसन्धान कार्यलाई निरन्तरता दिइएको ।

**आर्थिक वर्ष ०७६/०७७ विभिन्न विषयमा तालिम प्राप्त गरेका प्रहरी कर्मचारीहरुको विवरण देहाय बमोजिम रहेको छ :**

| सि.न. | तालिमको नाम | तालिम प्राप्त जनशक्ति |
|---|---|---|
| १ | आधारभूत तालिम | १०८ जना प्रहरी निरीक्षक र ४,११६ जना प्रहरी कर्मचारी गरी ४,२२४ जना |
| २ | सेवाकालीन तालिम | ७,१८८ जना |
| ३ | अनुशिक्षण (प्रहरीसँग सम्वन्धित विभिन्न विधामा) | ४,०७३ जना |
| ४ | घुम्ती प्रशिक्षण विशेष कार्यक्रम | १४,२२२ जना |
| ५ | प्रहरी सेवासँग सम्बन्धित विषयमा प्रशिक्षण (संघ संस्थासँगको समन्वयमा) | ५२३ जना |
| ६ | वैदेशिक प्रशिक्षण | ५३५ जना |
| ७ | मानव अधिकार सम्वन्धी प्रशिक्षण | १७९ जना |
| | कुल जम्मा | ३०,९४४ जना |

## (झ) ट्राफिक व्यवस्थापन :

नियमित, आकस्मिक चेकिङ्ग तथा संयुक्त चेकिङ्ग No Horn कारवाही, तिव्र गतिमा सवारी साधन चलाउने उपरको कारवाही, यान्त्रिक चेकजांच तथा Pollution कारवाही, Smart card Reader बाट कारवाही, Communication Messenger Apps को प्रयोग, मादक पदार्थ सेवन (मा.प.से.) चेकिङ्ग, CCTV को प्रयोगबाट सवारी अनुगमन तथा कारवाही, ट्राफिक नियम उल्लंघन गर्ने टयाक्सी उपर कारवाही गरिएको ।

### १. ट्राफिक व्यवस्थापनको विवरण :

| सि.न | कारवाहीको विषय | संख्या |
|---|---|---|
| १ | ध्वनी नियन्त्रण कारवाही | ३३२ जना |
| २ | तिव्र गतिमा सवारी साधन चलाउने उपर कारवाही | २२,३१३ जना |
| ३ | प्रदुषण गराउने सवारी साधन उपर कारवाही | ३३२ वटा |
| ४ | CCTV को माध्यमबाट सबारी अनुगमन | ९,६११ जना सबारी चालक |
| ५ | भाडाका ट्याक्सी उपरको कारवाही | ७,९१८ वटा |

### २. ट्राफिक नियम उल्लंघन गर्ने उपर जरिवानाबाट प्राप्त राजश्व

| सि.न | कारवाहीको विषय | संख्या | उठेको राजश्व |
|---|---|---|---|
| १ | ट्राफिक  नियम उल्लंघन | १३,६२,१३२ वटा सवारी साधन | रु. ८८,९५,६९,८००।- |
| २ | मा.प.से. चेकजाँच | ४३,०८२ सवारी  साधनका धनी | रु. ४,३०,७१,६००।- |
| ३ | लेन अनुशासन पालना नगर्ने उपर कारवाही | ३,२३,३१ जना | रु.१,६९,५५,०००।- |

### ३. ट्राफिक नियम तथा सचेतना सम्बन्धी जनचेतनामूलक कार्यक्रम:

यस अन्तर्गत स्कुल सम्पर्क कार्यक्रम, चालक परिचालकहरुलाई आन्तरिक तथा बाह्य प्रशिक्षण, सडक लेन अनुशासन पालनामा कडाई तथा कक्षा संचालन, विभिन्न संघ संस्थाहरुसँगको अन्तरक्रिया, सडक प्रयोगकर्ता मैत्री कार्यक्रम, मा.प.से. गरी सवारी चलाउने चालकलाई कारवाही तथा सचेतना कक्षा संचालन, सिटबेल्ट नलगाउने तथा सवारी चलाउदा मोवाईल फोन प्रयोग गर्नेलाई कारवाही, ट्राफिक स्वंयमसेबक परिचालन, ट्राफिक F.M. बाट सुचना तथा सन्देश प्रशारणका कार्यक्रम सम्पन्न भएका छन् ।

यस आर्थिक वर्षमा स्कुल तथा कलेजहरुमा ट्राफिक नियम तथा सडक प्रयोग गर्दा अपनाउनु पर्ने

सम्वन्धी जनचेतनामूलक कक्षा सचालन र सवारी ऐन नियम तथा ट्राफिक ज्ञान र सुरक्षित सवारी सम्बन्धी देहाय अनुसार जनचेतनामूलक आन्तरिक तथा वाहय प्रशिक्षण प्रदान गरिएको छ :

| सि.न. | कार्यक्रम भएको क्षेत्र | पटक | सहभागी सख्या |
|---|---|---|---|
| १ | स्कुल तथा कलेज | १५५७ | १,३९,२७७ जना |
| २ | सवारी चालक | ९९१८ | २,८७,०८२ जना |

### (ञ) अति विशिष्ट ब्यक्तिहरुको भ्रमणको सुरक्षा प्रबन्धः

१. चीनका महामहिम राष्ट्रपति श्री सी जीनपिङ्गज्यू नेपालको राजकीय र बंगलादेशका महामहिम राष्ट्रपति श्री अब्दुल हमिदज्यूको नेपालको औपचारिक सद्भावना भ्रमणमा शान्ति सुरक्षा व्यवस्था मिलाईएको,

२. मिति २०७६/०६/२५ गते मित्रराष्ट्र जनवादी गणतन्त्र चीनका महामहिम राष्ट्रपति श्री सी जीनपिङ्गज्यू नेपालको राजकीय भ्रमण तथा मिति २०७६/०७/२६ गते मित्रराष्ट्र बंगलादेशका महामहिम राष्ट्रपति श्री अब्दुल हमिदज्यू नेपालको औपचारिक सद्भावना कार्यक्रमलाई भरपर्दो सुरक्षा व्यवस्था मिलाईएको ।

### (ट) अपराध अनुसन्धानमा प्रविधिको प्रयोगः

१. देशका विभीन्न स्थानहरुमा CCTV विस्तार, Traffic Communication App को निर्माण तथा संचालन, H.F. Data & Voice प्रविधिको संचालन, V-SAT Communication Network संचालन, Unmanned Arial Vehicle Drone को प्रयोग गरिएको,

२. विभिन्न स्थानहरुमा ६,५१० सि.सि.टि.भि. क्यामेराहरु थप जडान भई संचालन र Monitoring भईरहेको,

३. सवारी दुर्घटना न्यूनीकरण तथा सुरक्षित यात्राको लागि Traffic Communication App निर्माण गरी हाल १९ वटा ट्राफिक प्रहरी चेकप्वाईन्टहरुमा प्रयोग भईरेहेको,

४. Intenet बिना नै ईमेल पठाउन सकिने H.F. Data & Voice प्रविधि ५ वटा संघीय प्रहरी एकाइ कार्यालयहरु (काभ्रे/गण्डकी/दाङ/सुर्खेत/धनगढी) र प्रहरी प्रधान कार्यालयमा संचालन गरिएको,

५. संचार साधनहरुबाट सम्पर्क नहुने स्थानहरु मध्ये ७ दुर्गम स्थानहरु र प्रहरी प्रधान कार्यालयमा एक समेत गरी ८ वटा स्थानहरुमा VSAT Communication Network संचालनमा ल्याईएको,

६. विपद व्यवस्थापन, अवाञ्छित गतिविधि निगरानी तथा ट्राफिक व्यवस्थापन र प्रहरी कार्यका लागि आवश्यकता अनुसार उडान गरी Video Footage हरु लिने गरेको ।

### (ठ) भन्सार चोरी निकासी नियन्त्रण सम्बन्धी:

यस आर्थिक वर्षमा नेपाल प्रहरीबाट देहाय वमोजिमका अवैध भन्सार सामाग्रीहरु बरामद गरी भन्सार कार्यालयमा वुभ्हाइएको छ :

| सि.न. | वरामद सामग्री | सामाग्रीको अन्दाजी मूल्य |
|---|---|---|
| १ | किराना सामग्री | रु.१०,८५,९०,०९३, |
| २ | विद्युतीय सामग्री | रु.१३,९९,२३८० |
| ३ | सवारी साधन र पाटपुर्जा | रु २०,१०,५९,११२, |
| ४ | लत्ता कपडा तथा अन्य सामान | रु १३,५३,३५,७२४, |
| ५ | वरामद अन्य सामग्री | रु. १८,१४,७६,३६६, |
| | बरामद सामाग्रीको कुल मुल्य | रु ६४,१०,६५,६७५ |




*बरामद सामाग्रीको अनुमानित मूल्य*

### (ड) लागु औषध नियन्त्रण तर्फ :

१. लागूऔषध नियन्त्रण ब्यूरो र शाखा कार्यालयहरु लगायत अन्य प्रहरी ईकाइहरुद्वारा गरिएका खवर संकलन, निगरानी तथा प्रहरी अपरेशनबाट लागू औषध वरामद तथा संलग्न व्यक्तिहरुलाई पक्राउ गरी अनुसन्धान तथा कारवाहीको दायरामा ल्याइएको ।

**यस आ.व.मा बरामद लागू औषधको विवरण :**

हिरोइन - ७ किलो ९२९ ग्राम ३९८ मि.ग्रा,

चरेश - ६१९ किलो ५५६ ग्राम २०३ मि.ग्रा.,

गाँजा - ४,३६७ किलो २८० ग्राम ३९९ मि.ग्रा.,

अफिम ४४ किलो ३४१ ग्राम ४५५ मि.ग्रा.,

कोकिन १४ किलो १९३ ग्राम,

ट्याब्लेट १,८९,८४१,

एम्पुल १,३२,४१६,

बोतल ११,५३०,

एम्फेटामाईन ६ किलो ४५५ ग्राम ५०५ मि.ग्रा.,

पोल्याण्ड - ३ किलो १५४ ग्राम,

ईफिड्रिन ४ किलो २०० ग्राम,

यावा १०२ ग्राम ५०० मि.ग्रा.

खात ३ किलो २५४ ग्राम र अन्य १,९२३,

### (ढ) हराएका तथा फेला परेका व्यक्तिहरुको विवरण

यस आ व मा हराएका तथा फेलापरेका मानिसहरुको संख्या देहाय वमोजिम रहेको छ :

| विवरण | पुरुष | महिला | बालक | बालिका | वृद्ध पुरुष | वृद्ध महिला | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|
| हराएका | ३,९४९ | १,८१६ | ३५६ | १,२३६ | १६ | २१ | ७३९४ जना |
| फेला परेका | ६६८ | १,४०३ | ३१६ | ६३३ | ९ | ९ | ३०३८ जना |
| पहिचान नखुलेका लाश | २११ | ४७ | २ | ४ | | | २६८ जना |
| सनाखत भएको लाश | १८ | २ | | | | | मानव कंकाल ४ समेत गरी २० जना |

१. गत वर्षको तुलनामा यस वर्ष हराएका मानिसहरुको संख्या ३१.०१% ले घटी रहेको छ ।

२. मिसिल अभिलेखन र अभियोजन समन्वय सुदृढ गर्ने कार्य अन्तर्गत मिसिललाई बिद्युतीय अभिलेखीकरण (Case File Digitization) गर्ने कार्य निरन्तर गरिएको ।

३. ७३ वटा प्रहरी ईकाईमा Software संचालनमा रहेको, जसमा हाल ५४,२६३ वटा मिसिलहरू Upload भई अन्य मिसिलहरु Upload  गर्ने कार्य जारी रहेको ।

४. अपराध अनुसन्धानको लागि सूचनाको संजाल तल्लोस्तरसम्म विस्तार गरिएको जसमा २१४ वटै ईकाईमा अपराध अनुसन्धान समूह अन्तर्गत सूचना सकलन तथा विश्लेषण समूहको व्यवस्था गरिएको ।

५. २०७६ साल देखि खोजतलासको लागि सातै प्रदेश प्रहरी कार्यालयहरु तथा महानगरीय प्रहरी कार्यालयमा छुटै Missing Person Follow up Desk संचालन गरिएको ।

**(ण) अनुसन्धान पद्धतिको सुदृढीकरण :** यस आवमा नेपाल प्रहरीबाट भौतिक सवुदहरुको परीक्षण, विशेषज्ञहरुबाट बकपत्र, पोलिग्राफ परीक्षण, Fingerprint अभिलेख राख्ने कार्य गरेको। जस अन्तर्गत देहाय वमोजिमका कार्यहरु सम्पन्न भएका छन् :

१. ८,९१७ केशहरु परीक्षण गरिएको,

२. अदालतमा १२१ केशमा माग भए बमोजिम विशेषज्ञहरुबाट वकपत्र सम्पन्न भएको,

३. ८५७ वटा पोलिग्राफ परीक्षण गरिएको,

४. Automated Fingerprint Identification System मा ९,९१४ वटा Data Entry गरिएको,

५. साईवर ब्यूरोबाट ५० बटा विद्युतीय कारोवार सम्बन्धी मुद्दा दर्ता गरी अनुसन्धान गरेको,

६. Facebook Account १,६६९ बटा बन्द गरिएको,

७. मुद्धा चलाउने प्रहरी कार्यालयहरुलाई ६८ थान SOCO Kit वितरण गरिएको (Semen Detection & Blood Detection tests/Kit) ।

**(त) सरोकारवाला निकायहरुसँग समन्वय र सम्पर्क:**

१. नेपालका अनुसन्धानकर्ता प्रहरी र अभियोजनकर्ता सरकारी वकीलहरुको दोस्रो राष्ट्रिय सम्मेलन २०७६ पौष ४, ५ र ६ गते काठमाण्डौमा सम्पन्न भएको,

२. अपराध नियन्त्रण र अनुसन्धान सम्बन्धमा नागरिक जनचेतना अभिवृद्धिः Website cid.

nepalpolice.gov.np संचालन गरी Most wanted, Missing persons जस्ता विषयलाई आवश्यकता अनुसार update गर्नुका साथै मासिक रुपमा मुद्दा दर्ता संख्या तथा अभियुक्त पक्राउ संख्या update गर्ने कार्य भैरहेको,

३. अपराध तथा अपराध नियन्त्रणको अवस्था, अपराध अनुसन्धान तथा अपराध अनुसन्धान विभागका गतिविधिहरु समेटी त्रैमासिक ई-बुलेटिन प्रकाशन गरिएको,

४. अपराध सूचना संकलन एकाइ (CICU) सेवा २४ सै घण्टा संचालनमा राखी फोन, ई-मेल, SMS, Fax, टोल फ्री आदि मार्फत प्राप्त सूचनाको तत्काल सम्बोधन गर्न सम्बन्धित ईकाइलाई समन्वय गरी Follow up गर्ने तथा निवेदक वा पिडितलाई प्रगति विवरणको जानकारी गराउने प्रणाली लागू गरिएको,

५. वार्षिक सि.आइ.डि म्यागजिन प्रकाशन भएको र मासिक रुपमा e-bulletin को प्रकाशन निरन्तर रुपमा भइरहेको,

६. अपराध नियन्त्रण र अनुसन्धान सम्बन्धमा नागरिक जनचेतना अभिवृद्धि गर्ने कार्य निरन्तर रुपमा संचालन भईरहेको,

७. सर्वसाधारणले गुनासो तथा उजुरी गर्नका लागि टोल फ्री नम्बर सहित Police Complaint Unit स्थापना गरी कार्य संचालन शुरु गरिएको,

८. सामुदायिक प्रहरी सेवालाई प्रभावकारी बनाउन टोल-टोलमा प्रहरी अभियान अनुसार जनचेतनामुलक कार्यक्रमहरू संचालन गरिएको,

९. १८,२१३ वटा शान्तिसुरक्षा सम्बन्धी जनचेतनामुलक कार्यक्रम संचालन गरिएको र सो कार्यक्रममा नागरिक सहभागी संख्या ११,५३,५९९ रहेको,

१०. ५,०५७.६ रोपनी, २८० बिघा र ४.५ कठ्ठा जग्गामा ७,७७,१८३ बोट गाँजा नष्ट गरिएको,

११. जिल्ला स्तरीय- ७७, महानगरपालिका ५, उप-महानगरपालिका ९, नगरपालिका -२६०, गाँउपालिका ४२७, वडा स्तरीय ५,२३१ गरी जम्मा ६,००९ वटा लैङ्गिक हिंसा नियन्त्रण समिति गठन भई कार्यान्वयनमा रहेको,

१२. देशभरी घटेका ३३७८ वटा विपद्का घटनामा २४१५७ जना प्रहरी कर्मचारी परिचालन भएको ।

### (थ) अपराध अनुसन्धान प्रशिक्षणको संस्थागत विकास तथा क्षमता अभिवृद्धिः

१. यस कार्यक्रम अन्तर्गत विशेष अपराध सम्बन्धी नयाँ तालिमहरुको पाठ्यक्रम निर्माण गरी

प्रशिक्षण संचालन गरिएको,

२. सूचना विश्लेषण तालिम अनुशिक्षण, साईवर अपराध अनुसन्धानमा कार्यरत प्रहरी कर्मचारीको क्षमता अभिबृद्धि तालिम, साईवर अपराध अनुसन्धान तथा अभिबृद्धि तालिम, सम्पत्ति शुद्धीकरण तथा आंतकवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी अपराध अनुसन्धान प्रशिक्षण तालिम, अनुसन्धानत्मक कार्यविधि मुचुल्का लेखन अभ्यास पाठ्यक्रम, खुल्ला श्रोत सूचना विश्लेषण तालिम र Arson Case Investigation को नयाँ पाठ्क्रम निर्माण गरिएको,

३. यस आ.व.मा ६४५ जना प्रहरी कर्मचारीहरुलाई अपराध अनुसन्धानमा प्रशिक्षित गरिएको,

४. बिदेशी नागरिकहरू नेपालको विभिन्न ठाँउबाट २३ जना सम्पर्क बिहिन भएकोमा ५ जना सम्पर्कमा आएको र ६ जनाको शव फेला परेको तथा अन्य बिदेशी नागरिकहरुको खोजतलास कार्य जारी रहेको,

५. कामको सिलसिलामा तथा पर्यटकको रूपमा नेपाल आएका बिदेशी नागरिकहरु ५२ जनाको मृत्यु भएको,

६. विभिन्न कामको सिलसिलामा तथा पर्यटकको रूपमा नेपाल आइ विभिन्न कारणले १६४ जनालाई विभिन्न मुद्दामा पक्राउ गरिएको ।

### (द) भवन निर्माण तर्फः

१. यस आवमा नेपाल सरकारको नियमित बजेटबाट ३१ वटा र राष्ट्रिय पुन:निर्माण प्राधिकरणको सहयोगमा २३ भवन गरी कुल ५४ वटा भवनको निर्माण कार्य सम्पन्न भएको,

२. १७७ वटा भवन निर्माणाधीन अवस्थामा रहेको छन् ।

### (ध) कोरोना लगायत स्वास्थ्य महामारीको प्रभावकारी नियन्त्रण र व्यवस्थापनको लागि प्रहरी परिचालन स्थिति :

| सि.नं. | क्षेत्र | सख्या |
|---|---|---|
| १ | लकडाउन तथा निषेधाज्ञा कार्यान्वयनमा परिचालित | २१,२०९ जना |
| २ | सीमा चेकजाँचमा परिचालित | ४,५२८ जना |
| ३ | क्वारेन्टिन तथा आईसोलेसनको सुरक्षाका लागि परिचालित | ५,४३१ जना |
| ४ | कोरोना सक्रमितको सुरक्षित स्थानान्तणमा परिचालित संख्या | २,६२३ जना |

| सि.नं. | क्षेत्र | सख्या |
|---|---|---|
| ५ | शव व्यवस्थापनमा परिचालित | १,८७६ जना |
| ६ | कोरोना सक्रमित उद्धार | ७,५६० जना |
| | कुल | ४३,२२७ जना |

### (न) बेरुजु फर्छ्यौट तर्फः

१. यस आ व सम्ममा नेपाल प्रहरी तर्फको रु. ८४ करोड ४३ लाख ३६ हजार कायमी बेरुजु मध्ये रु. ८० करोड ५९ लाख ८५ हजार १ सय ६९ रूपैया ४१ पैसा फर्रछ्यौट गरिएको, यो अंक लक्ष्यको तुलनामा ९५.४६ प्रतिशत रहेको,

२. प्रहरी कर्मचारी निवृत्त भई जाने क्रममा आ.ले.प. शाखाबाट सेवा अवधिभर बसेको दरबन्दीमा कुनै बेरुजु भए त्यसको फछ्यौट भए पश्चात मात्र Clearance Report दिने व्यवस्था मिलाईएको,

३. Clearance को व्यवस्था भए देखि निवृत्त भएका प्रहरी कर्मचारीहरुको बेरुजु रकम बाँकी नरहेको ।

## २.३ सशस्त्र प्रहरी बल, नेपालः

सशस्त्र प्रहरी बल, नेपालको स्वीकृत आयोजना कार्यक्रमको प्रगति विवरण, सुरक्षाकर्मीको परिचालन, सीमा सुरक्षा व्यवस्थापन, विपद व्यवस्थापनमा परिचालित सुरक्षा कर्मीको विवरण लगायतका विषयवस्तुहरु यस अन्तर्गत समावेश गरिएका छन् ।

### २.३.१ बार्षिक प्रगति विवरणः

यस अन्तर्गत सशस्त्र प्रहरी बलको परिचालनको संगठनात्मक स्थिति, औद्योगिक सुरक्षा बल परिचालन लगायतका विवरणहरु उल्लेख गरिएको छ । जसलाई तल तालिकामा उल्लेख गरिएको छ :

| विवरण | परिचालन |
|---|---|
| परिचालित जिल्ला | ७७ जिल्ला |
| स्थायी कार्यालय रहेको जिल्ला | ६० जिल्ला |
| अस्थायी कार्यालय रहेको जिल्ला | १७ जिल्ला |
| स्थायी कार्यालय | १३३ वटा (बि.ओ.पि.हरु बाहेक) |
| बाहिनी | ८ वटा |
| तालिम शिक्षालय | ११ वटा |
| गण | ३६ वटा |
| गुल्म | ५६+१७ (७३ वटा) |
| आश्रित गुल्म | २७ वटा |
| राजस्व तथा भन्सार गस्ती सुरक्षा | ११ वटा |
| औद्योगिक सुरक्षा | १३ वटा |
| राजस्व चुहावट नियन्त्रण | ५ वटा |
| बि.ओ.पि. | १४३ वटा |

## २.३.२ आर्थिक वर्ष २०७६/२०७७ मा सशस्त्र प्रहरी बल, नेपालको परिचालन स्थिति

### क) सीमा सुरक्षा कार्य तथा परिचालन सम्बन्धी प्रगति विवरण:

सशस्त्र प्रहरी बल, नेपालको मुख्य काममा शान्ति सुरक्षा कायम गर्नु र सीमा क्षेत्रमा अपराध न्यूनीकरण, सीमा सुरक्षाको जिम्मेवारी समेत रहेको छ । दक्षिणी तथा उत्तरी सीमा तर्फ BOP थप गर्ने नेपाल सरकारको नीति अनुरुप यस आ.व.मा थप ३६ वटा BOP स्थापना गरिएको छ । BOP हरुको सख्यात्मक विवरण तल तालिकामा उल्लेख गरिएको छ ।

| विवरण | आ.व. ०७५/०७६ सम्म | आ.व. ०७६/७७ थप BOP | आ.व. ०७६/७७ सम्म |
|---|---|---|---|
| दक्षिणतर्फ: | १०७ | ३२ | १३९ |
| उत्तरतर्फ: (संखुवासभाको किमान्थांका, मुस्ताङको नेचुङ, हुम्लाको हिल्सा र दार्चुलाको छाङरु) (संखुवासभाको किमाथांक, मुस्ताङ्गको नेचुङ्ग, हुम्लाको हिल्सा र दार्चुलाको छाङ्गरु) | ० | ४ | ४ |
| कूल BOP | १०७ | ३६ | १४३ |

नेपाल सरकार (मन्त्रिपरिषद्) मिति २०७७/०३/२९ गतेको निर्णय अनुसार सशस्त्र प्रहरी बल, नेपालको संगठन व्यवस्थापन तथा सर्वेक्षण प्रतिवेदन २०७७ स्वीकृत भई आगामी आर्थिक वर्ष देखि नयाँ स्वीकृत संरचना अनुसार सशस्त्र प्रहरी बल, नेपालको परिचालन हुने भएको ।

हाल दक्षिणी सीमाना तर्फ १३९ र उत्तरी सीमाना तर्फ ४ वटा गरी कूल १४३ वटा BOP रहेका छन् ।

- मिति २०७६/०८/१५ गतेदेखि २४ गतेसम्म नेपालमा आयोजित १३ औं दक्षिण एशियाली खेलकुद (SAG) सम्पन्न गर्न सशस्त्र प्रहरी बल, नेपाललाई प्राप्त जिम्मेवारी अनुरुप नेपाल सरकार खेलकुद मन्त्रालय, राष्ट्रिय खेलकुद परिषद्सँग समन्वय गरी उद्घाटन तथा समापन समारोहमा १३९७ जना सशस्त्र प्रहरी कर्मचारीहरु र उक्त अवधिभर सुरक्षार्थ ७०३९ जना सशस्त्र प्रहरी कर्मचारीहरुको परिचालन भएको ।
- यस आ.व.मा नेपाल सरकारका १४० वटा अति विशिष्ट, ९७ जना विशिष्ट जना व्यक्तिहरुको देश तथा विदेश भ्रमण तथा विभिन्न देशको कुटनीतिक प्रतिनिधिहरुको नेपाल भ्रमण अवधिभर सुरक्षाकर्मी परिचालन गरिएको ।

- मिति २०७७।०६।२४ देखि २६ गतेसम्म मित्रराष्ट्र चिनका महामहिम राष्ट्रपति सि जिङ पिङ्गको राजकीय भ्रमणमा सुरक्षार्थ परिचालित संख्या २४-२५ गतेसम्म ३२५५ र २५-२६ सम्म ३२८६ जनशक्ति परिचालित गरी सुरक्षा व्यवस्था मिलाईएको ।
- मिति २०७६।०७।२६ देखि २९ गतेसम्म मित्रराष्ट्र बंगलादेशका महामहिम राष्ट्रपतिको राजकीय भ्रमण अवधि २४-२५ गतेसम्म ७५९, २५-२६ गतेसम्म ७५९, २६-२७ गतेसम्म (पोखरा)-३९९, २७-२८ गतेसम्म-१४४४ र २८-२९ गतेसम्म १३३६ जनशक्ति परिचालित रही सुरक्षा व्यवस्था मिलाईएको ।
- महत्वपूर्ण प्रतिष्ठान, कुटनीतिक नियोग, कारागार लगायत ३५ स्थानमा सशस्त्र प्रहरी बल, नेपालका ११८२ जना सशस्त्र प्रहरी कर्मचारीहरु परिचालित भएकोमा नेपाल सरकार (मा. मन्त्रिस्तर) को २०७७।०२।०५ गतेको निर्णयानुसार ११ जलविद्युत आयोजना तथा अन्य राष्ट्रिय गौरवका आयोजना र १० कारागार सुरक्षार्थ परिचालित ७७८ जना सशस्त्र प्रहरी कर्मचारीहरु फिर्ता गरी कोभिड-१९ संक्रमण रोकथाम तथा नियन्त्रणका लागि आवश्यकतानुसार सीमा नाकामा जनशक्ति परिचालन गरिएको ।
- राजस्व संकलनमा सहयोग पुर्‍याउन, राजस्व तथा भन्सार सुरक्षा, राजस्व चुहावट नियन्त्रण र औद्योगिक सुरक्षा कार्य प्रयोजनका लागि सशस्त्र प्रहरी बल, नेपालका ११ राजस्व तथा भन्सार सुरक्षा गुल्महरु, ५ राजस्व चुहावट नियन्त्रण गुल्महरु तथा ५ औद्योगिक सुरक्षा गुल्महरुमा २६६१ सशस्त्र प्रहरी कर्मचारीहरु परिचालन गरिएको तथा सीमा क्षेत्रमा रहेका गण तथा बि.ओ.पि.हरुबाट समेत राजस्व संकलनमा सहयोग पुऱ्याउन प्रहरी कर्मचारी परिचालित गरिएको ।

### ख) कोभिड - १९ अगाडि र संक्रमणको समयमा परिचालित जनशक्ति विवरण:

- कोभिड-१९ रोकथाम तथा नियन्त्रणका लागि गृह मन्त्रालय र अन्तर्गतका निकायहरु विशेष गरी सुरक्षा निकाय र स्थानीय प्रशासन अन्तर्गतका जनशक्ति परिचालित भई रहेका छन् । कोभिड - १९ अगाडि र कोभिड संक्रमणको समयमा परिचालित जनशक्तिको तुलनात्मक विवरण देहाय अनुसार रहेको छ :




कोभिड - १९ अगाडि परिचालित जनशक्ति विवरण




कोभिड - १९ पछि परिचालित जनशक्ति विवरण




कोभिड - १९ पूर्व र संक्रमणको समयमा जनशक्ति परिचालनको तुलनात्मक अवस्था

- कोभिड-१९ संक्रमण पश्चात सीमाक्षेत्रबाट उत्पन्न हुन सक्ने सुरक्षा चुनौतिलाई सामना गर्न संक्रमण पूर्व सीमा नाकाका ७७४ स्थानमा परिचालित सशस्त्र प्रहरी बल, नेपालको जनशक्तिलाई सीमा क्षेत्रबाट फैलन सक्ने संक्रमण नियन्त्रणका लागि १,२१३ स्थानबाट परि चालन हुने गरी २२,६१६ जनशक्ति दैनिक परिचालन गरिएको ।
- कोभिड-१९ को संक्रमण रोकथाम तथा नियन्त्रण गर्न पहाडी तथा अन्य क्षेत्रमा परिचालित ८३८३ जना थप सशस्त्र प्रहरी कर्मचारीहरु सीमा सुरक्षार्थ थप परिचालित गरी औषत १.५

कि.मि.को दुरीमा सशस्त्र प्रहरी बल, नेपालको स्थायी तथा अस्थायी चेकपोष्टहरु तैनाथ भएको ।

### घ) संयुक्त सीमा गस्ती सम्बन्धी प्रगति विवरण :

महत्वपूर्ण सीमा नाकाहरुमा प्रभावकारी अनुगमन तथा निगरानी गर्न ५४ स्थानमा १६९ वटा उच्च प्रविधिको क्यामेराहरु जडान गरिएको । यस सम्बन्धी प्रगति विवरण देहाय अनुसार रहेको छ :

| महिना | सीमा गस्ती संख्या | खटिएको जम्मा नफ्री (जना) |
|---|---|---|
| श्रावण | ११९ | ९०० |
| भदौ | ११८ | १२७७ |
| असोज | १०३ | ७५१ |
| कार्तिक | १११ | ७९८ |
| मंसिर | १५६ | ११८७ |
| पौष | १५२ | १६४८ |
| माघ | १४५ | ११११ |
| फागुन | १६७ | १२०१ |
| चैत | ७४ | ५३७ |
| बैशाख | ५९ | ४०५ |
| जेठ | ५३ | ३४० |
| असार | ५७ | ५१८ |
| कुल जम्मा | १३१४ | १०६७३ |

उपरोक्तानुसार कोभिड-१९ संक्रमण रोकथाम तथा नियन्त्रणको लागि भएको थप जनशक्ति परिचालनले गर्दा चैत्र-आषाढमा संयुक्त सीमा गस्तीको संख्यामा कमी आएको ।

**ङ) संयुक्त सीमा बैठक:-** सीमावर्ती समकक्षीसँग समन्वय गर्ने नीति अनुसार नेपाल-भारतसँग तथा नेपाल-चीनबीच देहाय अनुसार जम्मा ७० समकक्षी बैठकहरुमा सशस्त्र प्रहरी बल, नेपालले सहभागिता जनाई सीमा सुरक्षा कार्यलाई थप प्रभावकारी बनाईएको ।

| विवरण | केन्द्रीय | क्षेत्रिय | जिल्ला | बटालियन | कम्पनी | स्थानीय | जम्मा |
|---|---|---|---|---|---|---|---|
| नेपाल-भारत | १ | ५ | १० | ३५ | ७ | ९ | ६७ |
| नेपाल-चीन | – | – | ३ | – | – | – | ३ |
| कुल जम्मा | १ | ५ | १३ | ३५ | ७ | ९ | ७० |

## च) अवैध सामाग्री वरामदको विवरण:

- यो आर्थिक वर्षमा अनुमानित कुल ६१ करोड ११ लाख ११ हजार ५ सय १४ रुपैया बराबरको अवैध सामानहरु नियन्त्रण भएको । यस अनुसार यस आ.व.मा सशस्त्र प्रहरी बल, नेपालद्वारा अवैध चोरी निकासी तथा पैठारी बरामदको विवरण निम्नानुसार रहेको छ :

| सि.नं. | महिना | अवैध सामानहरु बरामद रु. |
|---|---|---|
| १ | श्रावण | ४,२५,४३,७५६।- |
| २ | भाद्र | ६,९७,०६,९३६।- |
| ३ | आश्विन | ५,९६,४०,९४४।- |
| ४ | कार्तिक | ६,९६,७९,७३०।- |
| ५ | मंसिर | ६,८२,३६,९६१।- |
| ६ | पौष | ५,७४,४८,०९७।- |
| ७ | माघ | ५,६६,५२,८४७।- |
| ८ | फाल्गुण | ७,२५,९०,७६१।- |
| ९ | चैत्र | २,८७,४६,१४५।- |
| १० | बैशाख | २,८३,६२,९४९।- |
| ११ | जेष्ठ | २,६९,०८,१४३।- |
| १२ | आषाढ | ३,०५,९४,२४५।- |
| जम्मा | | ६१,११,११,५१४।- |

- आफ्नो जीविकोपार्जनको लागि छिमेकी राष्ट्रमा रोजगारका लागि जाने नेपाली नागरिकहरुलाई चाडपर्वको समयमा सीमा नाकामा हुने हैरानी र समस्याको अन्त्य गर्दै आवागमनमा सहजता र सुरक्षा प्रदान गर्ने उद्देश्यले यस वर्षको चाडपर्वका समयमा देशका ९३ सीमा नाकाहरुमा स्थापित संयुक्त यात्रु सहायता कक्षबाट (२०७६/०५/२७-२०७६/०७/३० गतेसम्म) ५,४८९ सेवाग्राहीहरु लाभान्वित भएका । यस कार्यको लागि दैनिक ३५५ जना सशस्त्र प्रहरी कर्मचारीहरु परिचालन गरिएको ।

### च) अवैध हातहतियार तथा विष्फोटक पदार्थ बरामदी अवस्था:

सशस्त्र प्रहरी बल, नेपालले यस आर्थिक वर्षमा बरामद गरेका अवैध हातहतियार तथा विष्फोटक पदार्थको विवरण देहाय अनुसार रहेको छ :

| सि.नं. | विवरण | संख्या |
|---|---|---|
| १ | विभिन्न किसिमका अवैध हातहतियार बरामद (पेस्तोल) | १५ नाल |
| २ | भरुवा तथा एयर बन्दुक | ३९ वटा |
| ३ | विभिन्न हतियारको म्यागिजन | ३ थान |
| ४ | विभिन्न हतियारको राउण्ड | ५८७ गोटा |
| ५ | डेटोनेटर (मिटर) | ४१ मिटर |
| ६ | वारुद (ग्राम) | १४१० ग्राम |
| ७ | छर्रा (ग्राम) | ११७१ ग्राम |

### छ) गैर कानुनी गतिविधिमा संलग्न नेता तथा कार्यकर्ता एवं व्यक्ति प्रक्राउको विवरण :

| स.प्र.बल, नेपालको टोलीबाट पक्राउ | संयुक्त टोलीबाट पक्राउ | जम्मा |
|---|---|---|
| ६ | ८५ | ९१ |

- प्रतिवेदन अवधिमा प्रतिवन्धित ने.क.पा. (विप्लव समूह) का गतिविधिहरु नियन्त्रण तथा निस्तेज गर्नका लागि सशस्त्र प्रहरी बल, नेपालको ४८२ वटा फोर्स मार्च तथा एल.आर.पि. टोली समेत परिचालन गरिएको ।
- विभिन्न अपराधमा संलग्न व्यक्ति पक्राउ संख्या : ५९८ जना (मानव वेचविखन भन्दा वाहेक) रहेको ।
- मानब वेचविखनमा मात्र संलग्न व्यक्ति पक्राउ संख्या १४ तथा उद्धार संख्या १५ जना रहेको ।

### ट) लागु औषध

- लागूऔषध नियन्त्रण सम्बन्धमा यस आ.व.मा सशस्त्र प्रहरी बल, निम्न परिमाणमा लागूऔषधहरु बरामद गरी व्यक्तिसहित सम्बन्धित निकायमा बुझाएको :

| टि.टि. इन्जेक्सन (गोटा) | गाँजा (के.जी) | चरेश (के.जी) | नाइट्रोजन (ट्याबलेट) | नाइट्रोभेट (ट्यावलेट) | लुपिजेसक (ट्याबलेट) | कोरेक्स (बोतल) | फेनारगन (ट्याबलेट) | ३एभिल | सिरिन्जहरु (गोटा) | स्पास्मो-प्रोक्सिभन (ट्याबलेट) | ब्राउन सुगर (ग्राम) | डाइजिपाम (ट्याबलेट) | नुफिन (ट्याबलेट) | निरभेट (ट्याबलेट) | खैरो हेरोइन (ग्राम) | अन्य |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | ६५१ | ७३ | २४३९ | २८३६ | १९४ | ३४९ | ४६७७ | ६९ | ५६३ | ९८०५ | ४१ | ४६२१ | ५७१४ | २५ | ६ | ७७७२ |

लागुऔषध वरामद सम्बन्धी विवरण

## ज) विपद् ब्यवस्थापन:

सवै प्रकारका प्राकृतिक तथा गैरप्राकृतिक विपद घटनाको कारणवाट हुने मानवीय, भौतिक, आर्थिक, सामाजिक,वातावरणीय क्षति न्यून गर्नलाई सुरक्षा निकायको परिचालन, जनचेतनामूलक कार्यक्रम, विपद व्यवस्थापन सम्बन्धी तालिम लगायतका कार्यहरु सम्पन्न गरिएको छ । यस आ.व. सशस्त्र प्रहरी बल, नेपालको विपद् व्यवस्थापन तथा जोखिम न्यूनीकरणमा परिचालन भएको विवरण देहाय अनुसार छ:

| सि.नं | विवरण | घटना संख्या | जीवित उद्दार | घाईते उद्दार | मृत उद्दार | स.प्र.बलको टोली परिचालन |
|---|---|---|---|---|---|---|
| १ | सडक दुर्घटना | ९९९ | २ | २९०९ | ६०० | ७७९६ |
| २ | आगलागी | ४२२ | ० | २९ | १३ | ४७८४ |
| ३ | बाढी | ८ | ० | ० | ० | ३५ |
| ४ | पहिरो | ६४ | ५ | ७८ | १२६ | ६०३ |
| ५ | हिमपहिरो/हिमपात | ३ | ० | ० | ४ | ० |
| ६ | ईनारमा उद्धार | ३ | ० | ० | ३ | २७ |
| ७ | नदी तथा तालमा बगाको/डुबेको उद्धार | २५५ | ४८ | १९ | ११५ | २४२८ |
| ८ | हावाहुरी | २ | ० | ० | ० | ० |
| ९ | शितलहर | ० | ० | ० | ० | ० |
| १० | भूकम्प | ० | ० | ० | ० | ० |
| ११ | हवाई दुर्घटना | ० | ० | ० | ० | ० |
| १२ | चट्याङ्ग | १५ | ० | १६ | ७ | ० |
| जम्मा | | १७७१ | ५५ | ३०५१ | ८६८ | १५६७३ |

विपद् व्यवस्थापन तालिम प्राप्त जनशक्ति विवरण देहाय अनुसार रहेको छ :



## झ) समूदाय तथा विद्यालयमा जनचेतनामूलक कार्यक्रम

१. सवारी दुर्घटना, शितलहर, भूकम्प सम्वन्धी विषयमा समुदाय तथा विद्यालयहरुमा जनचेतनामुलक जस्ता देहाय बमोजिम विभिन्न कार्यहरु सम्पन्न भए:

| सि. नं. | जनचेतना विवरण | जनचेतना कार्यक्रम संचालन भएको संख्या | सहभागी विद्यालयहरुको संख्या | सहभागी संस्था/ समुदायको संख्या | सहभागी संख्या |
|---|---|---|---|---|---|
| १ | सवारी दुर्घटना सम्बन्धी | ३९ | ३४ | ५ | ३,०१५ |
| २ | शितलहर सम्बन्धी | २९३ | २६१ | ३२ | १४,८८१ |
| ३ | भूकम्प सम्बन्धी | ३४५ | ३२२ | ४६ | २१,००६ |
| जम्मा | | ६७७ | ६१७ | ८३ | ३८,९०२ |

२. ११८ वटा विपद् उद्दार सामाग्रीहरु खरिद गरी विपद् व्यवस्थापन कार्यलाई थप प्रभावकारी बनाईएको,

३. ३७५ जना विपद् व्यवस्थापन तालिम प्राप्त थप दक्ष जनशक्ति उत्पादन गरिएको,

४. सशस्त्र प्रहरी बल, नेपालमा उपलब्ध श्रोत साधनहरुको प्रयोग गरी १९ जना स.प्र.क.हरुलाई नं. १ बराह बाहिनी मुख्यालय, सुनसरीमा गोताखोर सम्बन्धी तालिम संचालन गरिएको । न्यून संख्यामा रहेको गोताखोर तालिम प्राप्त जनशक्तिलाई पहिले परिचालित ३ स्थानबाट बृद्धि गरी हाल उद्दार सामाग्रीहरु सहित जम्मा ३७ जना स.प्र.क.हरुलाई देशको ६ वटा स्थानहरुमा परिचालन गरिएको,

५. विभिन्न २० स्थानमा कुल ६१ जना गोताखोर (सशस्त्र प्रहरी कर्मचारी)हरु परिचालित भई १८ जना जीवित उद्दार तथा २६ जना मृत्यु उद्दार गरिएको,

६. राजमार्गमा हुने सवारी दुर्घट्नामा ठुलो संख्यामा घाइतेहरुको उद्दार गर्न देशका ठुला राजमार्गहरुको महत्वपूर्ण स्थानहरुमा फिल्ड लेभलको सुविधा सहितको IRT Ambulance तैनाथ गरी १६४ जना घाईते उद्दार र ३ जना मृत्यु उद्दार गरिएको,

७. सुरक्षामा असर पर्ने प्रकृतिका घटनाहरुलाई मध्यनजर गरी हरेक युनिटहरुमा QRT टोली, विपद् व्यवस्थापन टोली Standby राख्ने व्यवस्था मिलाईएको साथै घटनाको खबर प्राप्त भए पश्चात् बाटोको समय बाहेक १५ मिनेटभित्र टोली परिचालन गरिएको ।

## ञ) कोभिड १९ रोकथाम तथा नियन्त्रण कार्य प्रगति :

१. मिति २०७६/१२/०६ गते कार्य तथा सीमा सुरक्षा विभाग प्रमुखज्यूको अध्यक्षतामा ९ सदस्यीय सशस्त्र प्रहरी बल, नेपाल Crisis Response मूल समिति गठन गरिएको,

२. कार्य तथा सीमा सुरक्षा विभाग सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय अन्तर्गत सशस्त्र प्रहरी उपरीक्षकको अध्यक्ष्यतामा १६ सदस्यीय Crisis Response cell गठन भई मिति २०७६/१२/०८ गते देखि कार्य सम्पादन हुँदै आइरहेको,

३. प्रत्येक बाहिनी तथा गणहरुमा Crisis Response cell गठन गरी आवश्यक कार्य भईरहेको,

४. कोभिड-१९ को संक्रमणको शुरुवात भए पश्चात मिति २०७६/१०/११ गते पहिलो हेल्थ डेस्क स्थापना गरी नेपाल सरकारबाट लकडाउन घोषणा हुनु अगाडिसम्म कुल १९० स्थानमा अन्य निकायहरुसँग समेत समन्वय गरी हेल्थ डेस्क स्थापना गरी सोही अवधिसम्म ७ लाख १  हजार ७ सय ३ जना व्यक्तिको स्क्रिनिङ समेत गरिएको,

५. लकडाउन पश्चात् सीमा नाकाबाट आवतजावत गर्ने व्यक्ति र सवारी साधनको विवरण राख्ने गरिएको,

६. आईसोलेशन तथा क्वारेन्टाईनमा राखिएका व्यक्तिहरुको संख्यात्मक विवरण अभिलेखीकरण गरिएको,

७. मिति २०७६/१२/०८ गतेको नेपाल सरकार (मन्त्रिपरिषद्) को निर्णयानुसार बलम्बुमा अवस्थित ११० शैयाको नेपाल ए.पि.एफ. अस्पताललाई कोभिड-१९ युनिफाईड कमाण्ड अस्पतालको रुपमा परिणत गरी परिचालन गरिएको ।

## ट) मानव श्रोत विकास:

१. सशस्त्र प्रहरी कर्मचारीहरुको पेशागत ज्ञान, सीप तथा कौशल अभिवृद्धि गर्न तथा समय सापेक्ष ज्ञान प्रदान गर्न २० वटा तालिमहरुको नयाँ पाठ्यक्रम निर्माण गरिएको, २१ वटा तालिमहरुको पाठ्यक्रम परिमार्जन गरिएको र तालिम संचालनका लागि आवश्यक पर्ने पाँच वटा नीति, निर्देशिका तथा कार्यविधिहरु परिमार्जन गरी कार्यान्वयनमा ल्याइएको ।

२. आ.व. २०७६/०७७ मा स्वदेश तथा विदेश तालिम सम्बन्धी प्रगति विवरण देहाय अनुसार रहेको छः

(क) **स्वदेश तालिम सम्बन्धी विवरण :**

| तालिम संख्या | | तालिम प्राप्त संख्या |
|---|---|---|
| आधारभूत र उन्नत तालिम | १८४ | १०,८७१ |
| अनुशिक्षण तालिम | ९३ | ३,६०६ |
| अन्य निकायमा सहभागी भएको | २२ | ४८ |
| अन्य निकायलाई दिएको तालिम | २ | ३१ |

(ख) **विदेश (तालिम, भ्रमण, सेमिनार, गोष्ठि र मेडल परेडमा) सम्बन्धी विवरण :**

| तालिम संख्या | तालिम प्राप्त संख्या | हाल तालिमरत |
|---|---|---|
| २१ | ५४ | २ |

३. आ.व. २०७६/०७७ संयुक्त राष्ट्रसंघ सहभागितातर्फ भएको प्रगति विवरण: संयुक्त राष्ट्र संघ मिशनमा हालको सहभागिता संख्या देहाय अनुसार रहेको छ:

| सि.नं. | विवरण | हाल कार्यरत | सहभागी भई फर्केको |
|---|---|---|---|
| १ | IPOs | २० | ७ |
| २ | FPU | ३२० | ३२० |

शान्ति स्थापनार्थ संयुक्त राष्ट्रसंघीय मिसनमा सशस्त्र प्रहरी कर्मचारीहरुको सहभागिताका लागि थप १ वटा FPU मिसनको लागि १५४ जना सशस्त्र प्रहरी कर्मचारीहरुलाई तालिम प्रदान गरी तयारी हालतमा राखिएको ।

४. सुरक्षाकर्मीले बल प्रयोग गर्दा पालना गर्नु पर्ने संयुक्त राष्ट्र संघीय बल प्रयोगको सिद्धान्त सम्बन्धमा सम्पूर्ण सशस्त्र प्रहरी कर्मचारीहरुलाई ज्ञान दिलाउने उद्देश्यका साथ १७,१४३ जनालाई २ दिने अनुशिक्षण तालिम र ६९१ जनालाई सशस्त्र प्रहरी कर्मचारीहरुलाई IHRL/IHL तालिम प्रदान गरिएको,

५. संगठनमा रिक्त रहेका पदपूर्ति गर्न विभिन्न मितिमा गरिएको विज्ञापन अनुसार विभिन्न पदहरुमा सशस्त्र प्रहरी सेवा आयोगद्वारा संचालित छनौट परीक्षा सफल भएका ३,१२९ जनालाई सम्बन्धित पदमा नियुक्त गरिएको,

६. आर्थिक वर्षभरिमा ३,१९७ जना सशस्त्र प्रहरी कर्मचारीहरुको सरुवा गरिएको, विभिन्न दर्जाका २,०५१ जना सशस्त्र प्रहरी कर्मचारीहरुको बढुवा गरिएको तथा ३३ जना सशस्त्र प्रहरी कर्मचारीहरुलाई नियमानुसार सेवा निवृत्त हुनु पूर्व विशेष बढुवा गरिएको,

७. सशस्त्र प्रहरी कर्मचारीहरुलाई उत्प्रेरित गर्न तथा संगठनमा अनुशासन कायम राख्न सशस्त्र प्रहरी बल, नेपालका इकाईहरुबाट आर्थिक वर्षभरिमा ९३ जनालाई पुरष्कृत तथा ७३७ जनालाई विभागीय सजाय गरिएको,

८. संगठनले निर्दिष्ट गरेका लक्ष्य प्राप्तिका लागि समष्टिगत व्यावसायिकता, Operational Readiness, प्रशासनिक व्यवस्थापन, अभिलेख व्यवस्थापन, तालिमको प्रभावकारिता आदि बिषयहरुको अनुगमन गर्न बाहिनी मुख्यालयहरु-८, तालिम शिक्षालयहरु-११, गण-१७, गुल्म-१६, आश्रित गुल्मरपोष्ट-८ गरी जम्मा-५९ इकाईहरुको निरीक्षण गरी निर्देशन प्रदान गरेको,

९. अभिलेख व्यवस्थापन कार्यलाई व्यवस्थित गरी महत्वपूर्ण कागजातहरु जस्तै कार्यसम्पादन मुल्यांकन फाराम, चूनौतिपूर्ण तथा बिशेष जिम्मेवारी बापत प्रदान गरिने अंकको मुल्यांकन फाराम, पुरस्कार, सजाय, सरुवा, बढुवा, तालिम, शैक्षिक योग्यता लगायत तीनपुस्ते अभिलेख अध्यावधिक गरी राखिएको,

१०. सशस्त्र प्रहरी कर्मचारी, आश्रित परिवार एवं सर्बसाधारणलाई थप स्वास्थ्य सेवा प्रदान गर्न Dialysis सेवा संचालनको लागि नेपाल ए.पि.एफ. अस्पतालमा Dialysis मेसिन जडान गरिएको, RCT गर्न आवश्यक पर्ने उपकरणहरु जडान गरिएको, बिभिन्न स्वास्थ्य संस्थाहरुसँग आवश्यक समन्वय गरी Family Planning र Immunization तालिमहरु प्रदान गरिएको, नेपाल सरकार स्वास्थ्य सेवा विभागसँग तथा अन्य निकायहरुसँग आवश्यक समन्वय गरी Immunization, Family Planning जस्ता सेवाहरुको लागि आवश्यक पर्ने औषधी तथा उपकरणहरु अस्पतालमा ल्याईएको, शवगृह निर्माण भई आवश्यक पर्ने रेफ्रिजेरेटर जडान गरेको, कार्डियोलोजी र न्यूरो सर्जरी विभाग थप गरिएको, ई.एन.टी वार्ड,गाईनो वार्ड र प्याडियोट्रिक वार्ड संचालन गरिएको तथा अस्पतालको आन्तरीक श्रोतबाट Basic Life Support (BLS) तालिम संचालन गरिएको,

११. मानव अधिकारको उच्च सम्मान, मानब अधिकार उल्लंघन तथा लैंगिक हिंसाजन्य कार्य विरुद्ध शुन्य सहनशीलताको नीतिलाई आत्मसात गर्दै लैङ्गिक मैत्री वातावरण सिर्जना गर्न आर्थिक वर्षभरीमा देशभरका विभिन्न यूनिटहरुमा १,९२१ जना सशस्त्र प्रहरी कर्मचारीहरुलाई लैंगिक हिंसा सम्बन्धी अनुशिक्षण, लैङ्गिकता, यौन तथा प्रजनन् स्वास्थ्य आदि विविध विषयहरुमा तालिम प्रदान गरिएको,

१२. विभिन्न मानव अधिकारवादी संघ-सस्थाहरुसँग समन्वय गरी २१ वटा मानव अधिकार सम्बन्धी गोष्ठी तथा सेमिनारमा सहभागिता जनाईएको,

१३. नेपालको संविधानले प्रत्याभूत गरेका मौलिक हक, नेपालको संविधानले व्यवस्था गरेको न्याय सम्बन्धी हक लगायत विविध विषय समावेश गरी ५,००० थान "मानव अधिकार हाते पुस्तिका २०७६" प्रकाशन गरी सशस्त्र प्रहरी कर्मचारीहरुलाई वितरण गरिएको,

ठ) **गुनासो व्यवस्थापन:** सशस्त्र प्रहरी बल नेपाल सम्वद्ध ६६ गुनासो मध्ये ६३ वटा सम्वोधन भई ३ वाँकी रहेको छ।

| हेलो सरकार | गृह मन्त्रालय | स.प्र बल, नेपाल प्र.का. (प्रत्यक्ष उजुरी) | जम्मा | फछौंट भएको | फछौंटको क्रममा रहेको |
|---|---|---|---|---|---|
| ८ | ९ | ४९ | ६६ | ६३ | ३ |

## ड) सशस्त्र प्रहरी बल, नेपाल आर्थिक प्रशासनतर्फ भएको प्रगति विवरण

१. **वजेट विनियोजन र खर्च प्रगति अवस्था :** चालु आवमा सशस्त्र प्रहरी बल तर्फ विनियोजित वजेट र खर्चको प्रगति देहाय वमोजिम रहेको छः

| विवरण | विनियोजित रकम | खर्च | बचत | खर्च प्रतिशत |
|---|---|---|---|---|
| चालू तर्फ | रु.१८ अर्ब ३१ करोड ७१ लाख | रु १७ अर्ब २२ करोड ३४ लाख ८४ हजार | रु. १ अर्ब ९ करोड ३६ लाख १६ हजार | ९४.०३५ |
| पुँजीगत तर्फ | रु.९० करोड ६१ लाख | रु ६६ करोड ८ लाख ८६ हजार | रु. २४ करोड ५२ लाख १४ हजार | ७३.००५ |
| कुल | रु.१९ अर्ब २२ करोड ३२ लाख | १७ अर्ब ८८ करोड ४३ लाख ७० हजार | १ अर्ब ३३ करोड ८८ लाख ३० हजार | ९३.०४५ |

१. बेरुजु फस्र्यौट सम्बन्धी प्रगति विवरण : सशस्त्र प्रहरी बल र अन्तर्गतका निकायहरुको आ.व. २०७४/०७५ सम्मको बाँकी वेरुजु रकम मध्ये ८६.९६ प्रतिशत फछर्यौट गरी आ.व. २०७४/०७५ को लेखापरीक्षण भएको कूल अङ्कमा ०.००७० प्रतिशतमा मात्र बेरुजु सीमित गर्न सफल भई बेरुजु फर्छ्यौटको प्रगतिमा सर्वोत्कृष्ट स्थान प्राप्त गर्न सफल भएको र बेरुजु फर्छ्यौट कार्यमा पुऱ्याएको योगदानको उच्च मुल्याङ्कन गर्दै नेपाल सरकार गृह मन्त्रालयबाट पुरस्कृत भएको ।

आ.व. २०७६/०७७ सम्मको बेरुजु अवस्था : यस आ.व. सम्ममा बेजरुजु अवस्था देहाय अनुसार छ :

| आ.व. २०७६/०७७ मा फस्यौट गर्नुपर्ने बेरुजू | फस्यौट भएको बेरुजू रकम रु. | बाँकी बेरुजू रकम रु | फस्यौट प्रतिशत | म.ले.प.को वार्षिक प्रतिवेदनमा कम रकम उल्लेख भई फरक परेको |
|---|---|---|---|---|
| ११,२६,२१,४७१.१४ | ६,९७,३२,२३३ | ४,२८,८९,२३९ | ६१.९२५ | १,१७,७०,९४१ |

२. **लिलाम सम्बन्धी प्रगति:-** विभिन्न पुराना जिन्सी सामानहरु, सवारी साधनहरु लगायत लिलाम बिक्री, धरौटी जफत आदिबाट रु. ५३ लाख ६५ हजार ४ सय ८८ राजश्व दाखिला गरिएको ।

३. **मिनाहा सम्बन्धी प्रगति:-** सशस्त्र प्रहरी नियमावली, २०७२ को नियम ६ उपनियम १४७ र १४८ बमोजिम गठित समितिको सिफारिसमा रु. ४ करोड ८४ लाख २७ हजार १ सय १० बरावरको गोलि गठ्ठा तथा विष्फोटक पदार्थहरु मिनाहा गरिएको ।

## ढ) आ.व. २०७६/७७ को नीति तथा कार्यक्रम कार्यान्वयन प्रगति:

सशस्त्र प्रहरी वल नेपाल वाट नेपाल सरकारको नीति तथा कार्यक्रम, स्वीकृत बार्षिक कार्यक्रम, तोकिएको कार्यक्षेत्र भित्र रहेर देहायका कार्य सम्पन्न भएका छन् :

१. विपद व्यवस्थापन सम्बन्धी १५ वटा तालिम, सक्षम जनशक्ति उत्पादन गर्न १८७ वटा Advanced and Basis पेशागत तालिम कार्यक्रम सम्पन्न भएको ।

२. ट्रमा सेन्टर संचालन गर्नको लागि आवश्यक २ वटा Ambulace, श्रब्यदृश्य भिडियोका लागि आवश्यक सामान, एक वटा MRI मेशिन खरिद गर्ने कार्य सम्पन्न भएको ।

३. भवन निर्माण कार्यक्रम अन्तर्गत २५ वटा सशस्त्र प्रहरी भवन, ११ वटा महिला ब्यारेक, ३ वटा भवन (गत आ.व.को) बहुवर्षीय खरिद सम्झौता अन्तर्गत नं. ९ बाहिनी बोर्डर आउट पोष्ट बलरा उद्योरण एवं अचलगढ छतौना सर्लाहीको निर्माण कार्य सम्पन्न भएको ।

४. नेपाल ए.पि.एफ. अस्पतालको थप निर्माणाधीन ३ वटा भवनको कार्य विश्वभरी महामारीको रुपमा फैलिएको कोरोना भाइरसको कारण प्रभावित भई ३५% मात्र सम्पन्न भएको ।

५. क्रमागत आयोजना अन्तर्गत दार्चुला जिल्लामा अवस्थित बि.ओ.पि. छाङ्गरुको भौतिक पूर्वाधारहरु निर्माण गर्न प्रारम्भिक कार्य शुरु गरिएको र त्यसैगरी संखुवासभा र बोर्डर आउट पोष्टहरुको भौतिक पूर्वाधारहरु निर्माणको प्रारम्भिक कार्य शुरु भएको ।

६. हुम्ला जिल्लाको हिल्सामा रहने बोर्डर आउट पोष्टको लागि हिल्सामा जग्गा प्राप्तिको प्रक्रिया अगाडि बढेको ।

७. सुरक्षा निकायको लागि आवश्यक विभिन्न १४६ वटा संचार साधनहरु, विभिन्न १८ वटा सुरक्षा सामाग्रीहरु तथा सवारी साधन (जीप २, वानटन २, राईटकन्ट्रोल १ र एम्बुलेन्स ४ गरी कुल ९ थान) खरिद गरिएको ।

## ण) कल्याणकारी कार्यहरु तथा अन्य तर्फ भएको प्रगति विवरण:

सशस्त्र प्रहरी कर्मचारी र सर्वसाधारण नागरिकका सन्ततिहरुलाई देहाय अनुसार शिक्षा प्रदान, सुरक्षाकर्मी र आश्रित परिवारलाई स्वास्थ्य सेवा अवकाश प्राप्त सुरक्षाकर्मीलाई सामाजीक सुरक्षा सम्बन्धी कार्यहरु भएका छन् :

१. सशस्त्र प्रहरी कर्मचारी र सर्वसाधारण नागरिकका सन्ततिहरुमा गुणस्तरीय र सर्वसुलभ शिक्षाको पहुँच पुऱ्याउने लक्ष्य अनुरुप नेपाल ए.पि.एफ. स्कूलबाट यस प्रतिवेदन अवधिमा ५६८ जना सन्ततिहरुलाई शिक्षा प्रदान गराईदै आईरहेको छ भने यस आर्थिक वर्षमा १०५ जना नयाँ भर्ना समेत गरिएको ।

२. कल्याणकारी सेवा अन्तर्गत यस प्रतिवेदन अवधिमा सशस्त्र प्रहरी बल, नेपालमा नेपाल ए.पि.एफ. अस्पताल, बलम्बु, सशस्त्र प्रहरी बल, नेपाल पूर्व क्षेत्रीय अस्पताल स.प्र.बल, नेपाल र मध्य-पश्चिम क्षेत्रीय अस्पतालबाट यस आ.व.मा अवधिभर १,११,५५२ जनालाई स्वास्थ्य सेवा प्रदान गरेको ।

३. यस प्रतिवेदन अवधिमा सशस्त्र प्रहरी बल, नेपाल कल्याणकारी सेवा केन्द्रबाट २८२१ जना सशस्त्र प्रहरीलाई विभिन्न कल्याणकारी सेवा समेत उपलब्ध गराईएको ।

४. गत वर्ष घोषणा भए अनुसार ७० वर्ष नाघेका पूर्व सशस्त्र प्रहरी कर्मचारीहरुलाई वृद्ध अवस्थामा केहि आर्थिक राहत होस भन्नको लागि जनही बार्षिक रु. १२ हजारका दरले ३ जना अवकाश प्राप्त सशस्त्र प्रहरी बरिष्ठ उपरीक्षकहरुलाई सामाजिक सुरक्षा स्वरुप निर्वाह भत्ता प्रदान गरिएको ।

५. गत वर्ष घोषणा भए अनुसार नेपाल ए.पि.एफ. अस्पतालमा उपचार हुन नसक्ने दीर्घ रोग लागेका बहालवाला अवकाश प्राप्त सशस्त्र प्रहरी कर्मचारी, तथा अमर सशस्त्र प्रहरी कर्मचारी एवं निजका परिवारजनहरुको शिघ्र स्वस्थ्य लाभको कामना गर्दै केही आर्थिक राहत होस भन्ने हेतुले "उपचार राहत कोष नीति २०७६" बमोजिम १० जनालाई उपचार राहत स्वरुप जम्मा रु. ७ लाख ७५ हजार उपलब्ध गराइएको ।

६. अमर सशस्त्र प्रहरी कर्मचारीका सन्ततिहरुलाई प्रदान गरिएको छात्रवृत्ति कार्यक्रमको निरन्तरता स्वरुप यस वर्ष ९४ जना अमर सशस्त्र प्रहरी कर्मचारीहरुलाई जनही रु. २४ हजारका दरले वार्षिक छात्रवृत्ति प्रदान गरिएको ।

७. SEE परीक्षामा GPA 'A' र सो भन्दा माथि नतिजा ल्याउने २४ जना बहालवाला/अवकाश प्राप्त सशस्त्र प्रहरी कर्मचारी र शहिद परिवारका सन्ततीलाई प्रोत्साहन स्वरुप जनही नगद १० हजार र प्रशंसा पत्र प्रदान गरिएको ।

८. संगठनमा कार्यरत रही विभिन्न विधामा उत्कृष्ट कार्य गर्ने कर्मचारीहरुलाई पुरस्कृत गर्ने कार्य अन्तर्गत २४ जनालाई जनही ५ हजार नगद पुरस्कार र प्रशंसा पत्र सहित सम्मान गरिएको ।

## त) यस आ.व. मा घोषणा गरिएको थप नयाँ कल्याणकारी योजनाहरु:

- विभिन्न कारणले दीर्घकालीन रुपमा अशक्त हुन पुगेका, अस्पतालको पहुँचबाट पर रहेका र लामो समयसम्म अस्पतालको Follow up मा रहनुपर्ने सशस्त्र प्रहरी कर्मचारीहरुको उपचारमा सहजता ल्याउने उद्देश्यका साथ नेपाल एपीएफ अस्पताल सँगै पुनर्स्थापना केन्द्र (Rehabilitation Centre) को स्थापना गरी संचालनमा ल्याइएको,
- राष्ट्र र जनताको रक्षार्थ आफ्नो प्राणको आहुति दिई नेपाल सरकारद्वारा सम्मानित सशस्त्र प्रहरी बलका वीर सहिदहरुको सम्मान एवं उच्च कदर गर्दै ती शहिदहरुको नामबाट नामाकरण गर्ने कार्य गरिएको र यसलाई निरन्तरता दिदै लगिने योजना रहेको,
- दश वर्ष सेवा अवधि पुरा भएका र ५ वर्ष सेवा अवधि बाँकी रहेका सशस्त्र प्रहरी कर्मचारीहरुलाई हाल उपलब्ध गराउँदै आएको साविकको किस्ताबन्दी सहुलियत नगद ऋण रकममा समयानुकूल बृद्धि गरी स.प्र.ब.उ. भन्दा माथिल्लो दर्जाको लागि ७ लाख, स.प्र.नि. देखि स.प्र.उ. सम्म ५ लाख, जुनियर अधिकृत ४ लाख र अन्य दर्जाको लागि ३ लाख पुर्‍याईएको,
- नोकरी अवधि १० वर्ष पूरा भई अनिवार्य अवकास हुन ५ वर्ष बाँकी रहेका सशस्त्र प्रहरी बल, नेपालमा बहाल रहेका (सशस्त्र प्रहरी परिचरदेखि जुनियर अधिकृतसम्म) राष्ट्रसेवक सशस्त्र प्रहरी कर्मचारीहरुका १ जना वेरोजगार छोरीलाई स्नातक तह वा सो भन्दा माथि अध्ययन गराउनको लागि कोटा निर्धारण गरी First come first service को आधारमा बढीमा ३ लाख रुपैया सम्म वार्षिक ६% को सहुलियत व्याजदरमा नगद ऋण उपलब्ध गराईने व्यवस्था गरिएको,

- १० वर्ष सेवा अवधि पूरा भएका र ५ वर्ष सेवा अवधि बाँकी रहेका सशस्त्र प्रहरी बल, नेपालमा कार्यरत तल्लो तहका सशस्त्र प्रहरी कर्मचारीका १ जना सन्ततीको लागि ईन्जिनियरिङ्ग र चिकित्सा शास्त्रमा स्नातक वा स्नातकोत्तर तह अध्ययनको लागि बार्षिक ६% को सहुलियत व्याजदरमा अधिकतम रु १० लाखसम्म धितो संरक्षणमा शैक्षिक कर्जा उपलब्ध गराउने व्यवस्था गरिएको,
- नेपाल ए.पि.एफ. स्कुलमा अध्ययनको मौका नपाई सरकारी वा सामुदायिक विद्यालयमा अध्ययन गरी माध्यामिक तहको अन्तिम परीक्षा (कक्षा ११ र १२ को लव्धाङ्क पत्र) को आधारमा GPA 'A' वा सो भन्दा माथि नतिजा प्राप्त गर्ने सशस्त्र प्रहरी परिचर देखि सशस्त्र प्रहरी नायब निरीक्षकको १ जना छोरीलाई एकमुष्ट १० हजार छात्रवृत्ति उपलब्ध गराउने व्यवस्था गरिएको,
- राष्ट्रसेवक कर्मचारीका सन्ततिहरुले शिक्षाको ज्योतिबाट वन्चित हुन नपरोस् र कार्यक्षेत्रमा खटिने राष्ट्रसेवकहरुले आफ्ना सन्ततिको शिक्षा दिक्षामा चिन्ता नलिई आफूलाई राष्ट्र र जनताको सेवामा समर्पित गर्न सक्ने वातावरण निर्माण गर्न एवं गुणस्तरीय र सर्वसुलभ शिक्षाको पहुँच देशका विभिन्न स्थानमा विस्तार गर्दै जाने संगठनको लक्ष्य अनुसार हाल एक मात्र ए.पि.एफ. स्कुल काठमाण्डौमा मात्र रहेको र यहि शैक्षिक सत्र २०७७ बैशाख देखि प्रदेश नं. ५ को कोहलपुर बाँके र आगामी शैक्षिक सत्रदेखि प्रदेश नं. २ को जिल्ला सप्तरी शम्भुनाथ नगरपालिकामा नेपाल ए.पि.एफ. क्षेत्रीय स्कूलहरुको संचालन गर्ने योजना बनाई कार्य अगाडि बढाइएको ।

## थ) विविध

१. आ.व. २०७६/२०७७ मा सशस्त्र प्रहरी बल, नेपालको खेलकुद तर्फ प्रगति विवरण सशस्त्र प्रहरी कर्मचारीहरुद्वारा प्राप्त पदक विवरण देहाय अनुसार छः

| सि.नं. | विवरण | राष्ट्रिय | अन्तर्राष्ट्रिय |
|---|---|---|---|
| १ | स्वर्ण | ४५ | ११ |
| १ | रजत | २८ | १६ |
| १ | कास्य | ३१ | २३ |
| जम्मा | | १०४ | ५० |

## २.४ राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

आ.व. २०७६/७७ मा गठन भएको तर बजेट खर्चको अख्तियारी प्राप्त नगरिसकेको अवस्थामा मन्त्रालयसँगको सहकार्य र समन्वयमा हासिल गरिएका प्रमुख उपलब्धिहरु देहाय बमोजिम रहेका छन् :

क) मनसुन आपत्कालीन कार्ययोजना भाग-१ र भाग-२ निर्माण गरी कार्यान्वयनमा ल्याएको ।

ख) प्रदेश नं. ५ नवलपरासी पश्चिम अन्तर्गत वर्दघाट सुस्ता पश्चिममा आउने वाढीको पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गरिएको ।

ग) विपद जोखिम लगानी रणनीति (Disaster Risk Financing Strategy) को मस्यौदा तयार गरिएको ।

घ) यस वर्षको मनसुन २०७७ जेठ ३० देखि सुरु भएकोमा मनसुन अवधिभरका लागि दैनिक विपद बुलेटिन प्रकाशन भएको ।

ङ) मनसुनको १५ दिने, ३० दिने लेखाजोखा प्रतिवेदन तयार गरिएको ।

च) फेसबुक पेज, twitter लगायत www.drrportal.gov.np मा भए गरेका कार्यको विवरण राखिएको ।

छ) सम्माननीय प्रधानमन्त्रीज्यूको अध्यक्षता रहेको राष्ट्रिय परिषद्को २ वटा बैठक र माननीय गृहमन्त्रीज्यूको अध्यक्षता रहने कार्यकारी समितिको ३ वटा बैठकहरु सम्पन्न भएको ।

## २.५ अध्यागमन विभाग

**वार्षिक प्रगति विवरण:**

अध्यागमन विभागले आ.व. २०७६/०७७ मा हासिल गरेका उपलब्धि देहाय अनुसार रहेको छ :

### क. मुख्य मुख्य उपलब्धिहरु -

१. नेपाल भित्रिने र वाहिरिने सबै विदेशीहरुको (Biometric) जैविक सूचना सहितको Nepali Port नामक अध्यागमन सूचना प्रणालीको निर्माण सम्पन्न भई कार्यान्वयनमा ल्याइएको । विदेशस्थीत ३९ वटा नेपाली नियोगहरु वाट समेत नेपाली पोर्ट प्रणाली मार्फत नै भिसा जारी गर्ने तयारी पुरा भएको ।

२. अध्यागमन कार्यालय त्रि.अ.वि.मा Biometric उपकरण सहितका अत्याधुनिक अध्यागमन डेष्क सहितको पूर्वधार विकासको कार्य सम्पन्न भएको ।

३. यात्रा सम्बद्ध कागजातको परीक्षणको लागि आधुनिक उपकरण सहितको FDU (Forgery Detection Unit) स्थापना गरिएको ।

४. गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल भैरहवामा अध्यागमन कार्यालय स्थापना गर्न दरबन्दी संरचना स्वीकृत भई सकेको र आवश्यक पूर्वाधार विकासको कार्य अगाडि बढाइएको ।

५. अध्यागमन सम्वद्ध डाटाको सुरक्षाको लागि राष्ट्रिय सूचना प्रविधि केन्द्रमा पहिलो तहको र हेटौडामा दोस्रो तहको डाटा सेन्टर स्थापना गरिएको ।

६. अध्यागमन कार्यालय भैरहवाको लागि जग्गा प्राप्ति भई अत्याधुनिक पूर्वाधार सहितको भवन निर्माणको लागि Design र Estimate सम्पन्न भइ वोलपत्र आव्हान गर्ने तयारी भई रहेको ।

७. साविकको अध्यागमन ऐन २०४९ लाई प्रतिस्थापन गर्ने गरी अध्यागमन विधेयक संसदीय प्रक्रियामा रहेको ।

**ख.** विनियोजन र खर्च विवरण (हजारमा) विनियोजित वजेट र खर्चको अवस्था :

रु.हजारमा

| क्र.स. | ब.उ.शि.नं. | आयोजना/कार्यक्रम | विनियोजन | | | खर्च | | | चालु खर्च प्रतिशत | पुँजीगत खर्च प्रतिशत | कुल खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | चालु | पुँजीगत | कुल | चालु | पुँजीगत | कुल | | | |
| १ | ३१४०३०११ | अध्यागमन विभाग | ७२,२०२ | १,३६,५१२ | २,०८,७१४ | ५५,४३३ | १,३६,२७८ | १,९१,७११ | ७६.७७ | ९९.८२ | ९१.८५ |
| २ | ३१४०३०२१ | अध्यागमन कार्यालयहरु | २,००,५१५ | १०,६८८ | २,११,२०३ | १,१७,५२१७ | ७,८३७ | १,८३,०५४ | ८७.३८ | ७३.३२ | ८६.६७ |
| जम्मा | | | २,७२,७१७ | १,४७,२०० | ४,१९,९१७ | २,३०,६५० | १,४४,११५ | ३,७४,७६५ | ८४.५७ | ९७.९ | ८९.२४ |

## ग. संकलित राजस्वको विवरण :

| सि.नं. | राजश्व शीर्षक | जम्मा रकम |
|---|---|---|
| १ | पदयात्रा रोयल्टी | ५,३०,४५,०१९.०० |
| २ | भिसा शुल्क | २,२६,४४,५८,३१२.०० |
| ३ | अन्य प्रशासनिक सेवा शुल्क | १,६४,४००.०० |
| ४ | प्रशासनिक दण्ड, जरिवाना र जफत | १,११,६५,४९०.०० |
| ५ | बेरुजु | ३,८५,०००.०० |
| ६ | परीक्षा शुल्क | ६००० |
| ७ | निकासा फिर्ता | २,७९,७५०.०० |
| ८ | सरकारी सम्पत्तीको बिक्रीबाट प्राप्त आय | ६५,६०१.०० |
| जम्मा | | २,३२,९५,९१,५७२ |
| निकासा फिर्ता | | (२७९७५० |
| कुल जम्मा | | २,३२,९३,११,८२२.२२ |

## घ. बेरुजु फछ्यौटको अवस्था :

१. आर्थिक वर्ष ०७६/०७७ सम्म जम्मा कायम बेरुजु रु २४,४०,८००।- मध्ये रु ९७४२५९।- (असुल उपर गरिएको रकम रु. ३६,७३९.००/ नियमित गरिएको रकम रु ९,३७,५२०.००) फछ्यौट भई ३९ प्रतिशत बेरुजु फछ्यौट भएको ।

## ङ. आगमन र प्रस्थान सँग सम्बन्धित तथ्याङ्कहरु :

१. भिसा वर्ष २०१९ मा ११,९७,१९१ विदेशीहरु नेपाल आए भने ११,९०,३७७ विदेशी नेपालबाट प्रस्थान भएका । त्यस्तै सोही अवधिमा १२,६०,२९४ नेपाली नेपाल आगमन भए भने १३,३५,५९२ नेपालबाट प्रस्थान भएको ।

२. भिसा वर्ष २०१९ मा निषेधित क्षेत्रमा पदयात्राका लागि २६,३५३ जना विदेशीलाई पदयात्रा अनुमतिपत्र जारी गरिएको ।

## च. अध्यागमन कसुर र कारवाहीको विवरण:

सन् २०१९ मा विभिन्न कसुरमा ६७१ जना विदेशीलाइ अवधि तोकि निस्काशन गरिएको ।

## छ. गुनासो सुनुवाई र फछ्यौटः

१. अध्यागमन कार्यालय त्रि.अ.वि.बाट प्रस्थान अनुमति नदिइएका ७८२ व्यक्तिहरुको समिति मार्फत गुनासो सुनुवाई र पुनरावलोकन गरिएको ।

२. विभागमा आ.व. ०७६।०७७ मा हेलो सरकार मार्फत प्राप्त ३, अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट प्राप्त ४ र सोझै कार्यालयमा प्राप्त हुन आएका २५ गरी जम्मा ३२ उजुरी र गुनासाहरुको फर्छ्यौट गरिएको ।

३. वन्दावन्दीको समयमा पर्यटकहरुलाइ सूचना दिन तथा गुनासो सुन्न हटलाइन, Website र इमेल मार्फत प्राप्त सरोकारहरुको जवाफ दिइएको ।

## ज. वन्दावन्दीको समयमा भएको आगमन र प्रस्थान सम्बन्धी विवरणः

बन्दाबन्दीको अवधि २०७६ चैत्र ११ गते देखि २०७७ असार ३१ सम्म २७,६५४ जना आगमन र १५,६८८ जना प्रस्थान गरी जम्मा ४३,३४२ जनालाई यात्रा सहजीकरण गरिएको ।

## २.६ कारागार व्यवस्थापन विभाग

### क) गत आ.व. २०७६/०७७ को भौतिक प्रगति विवरण :

१) नयाँ कारागार भवन निर्माण : कारागारको नयाँ भवन निर्माण कार्य देहाय अनुसार छः

१. केन्द्रीय कारागार भवन नुवाकोटको दोश्रो चरणको निर्माण कार्य भैरहेको । हाल सम्मको वित्तीय प्रगति ४३ प्रतिशत र भौतिक प्रगति ६५ प्रतिशत रहेको ।

२. क्षेत्रीय कारागार भवन नौवस्ता, बाँकेको दोश्रो चरणको निर्माण कार्य भैरहेको । हाल सम्मको वित्तीय प्रगति २५ प्रतिशत र भौतिक प्रगति ४५ प्रतिशत रहेको ।

३. खुला कारागार गनापुर, बाँकेको निर्माण अन्तिम चरणमा रहेको । कारागार कार्यालय, ललितपुरको महिला बन्दीगृह निर्माण सम्पन्न भई हस्तान्तरण हुन बाँकी रहेको ।

४. मोरङ्ग र पाँचथरमा कारागार भवन निर्माण, धनकुटामा विशेष कारागार र केन्द्रीय कारागार अस्पताल त्रिपुरेश्वरको डि.पि.आर. तयारी गर्ने कार्य शहरी विकास तथा भवन निर्माण विभागबाट भैरहेको ।

२) आ.व. २०७६/०७७ मा कारागार व्यवस्थापन विभाग अन्तर्गत सम्पन्न भएका मुख्य मुख्य क्रियाकलाप (माइलस्टोन) को प्रगति विवरण :

१. १० वटा कारागारहरुमा Walk Through Gate जडान गर्ने लक्ष्य रहेकोमा लक डाउनका कारण कारागार कार्यालय कास्की र अन्यत्र कारागारहरुमा जडान भई (९० प्रतिशत भौतिक प्रगति) भएको ।

२. ७ वटा कारागारहरुमा Video Conference जडान गर्ने लक्ष्य रहेकोमा लक डाउनका कारण कारागार कार्यालय रामेछाप र महोत्तरी बाहेक अन्य कारागारहरुमा जडान भई (७१ प्रतिशत भौतिक प्रगति) भएको ।

३. ७४ वटा कारागारहरुमा Metal Detector खरिद गर्ने लक्ष्य रहेकोमा कैदीबन्दी नरहेका सर्लाही, मुगु र हुम्ला बाहेकका कारागारहरुमा खरिद कार्य सम्पन्न भई ९६ प्रतिशत प्रगति भएको ।

४. ७४ वटा कारागारहरुमा E-attendance खरिद गर्ने लक्ष्य रहेकोमा कैदीबन्दी नरहेका सर्लाही, मुगु र हुम्ला बाहेकका कारागारहरुमा खरिद भई (९६ प्रतिशत प्रगति) भएको ।

५. विभिन्न कारागारहरुमा २५० जना कैदीबन्दीहरुलाई सीपमूलक तालीम प्रदान गरिएको ।

## ख) आ.व. २०७६/०७७ मा छुटेका कैदीहरुको विवरण :

| सि.न. | कृयाकलाप | संख्या |
|---|---|---|
| १ | शत प्रतिशत कैद भुक्तान भई छुटेका | ३६९ जना |
| २ | कैद कट्टारमाफी मिनाहा भई छुटेका | ८८२ जना |
| ३ | नेपाल सरकारबाट लकडाउन घोषणा भए पश्चात कोभिड-१९ का कारण कारागारहरुबाट रिहा गरिएका कैदी एवं बालसुधार गृहहरुबाट छाडिएका बालबालिकाहरुको विवरण: | |
| | ३.१. मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को दफा १५५ बमोजिम छुटेका कैदीहरु | २१९ जना |
| | ३.२. विभिन्न बालसुधार गृहहरुबाट अदालतको आदेश बमोजिम अभिभावकलाई जिम्मा लगाइएको वालवालिका संख्या | २२ जना |

## ग) २०७६।०७७ को कैदी बन्दी विवरण: यस आ.व.को कैदी वन्दी विवरण देहाय अनुसार रहेको :

| | | |
|---|---|---|
| क | पुरुष कैदीको संख्या | १३१२७ |
| ख | महिला कैदीको संख्या | ८२४ |
| ग | पुरुष थुनुवाको संख्या | ९२९४ |
| घ | महिला थुनुवाको संख्या | ५५७ |
| ङ | जम्मा | २३८०२ |

## घ) आ.व. २०७६/०७७ को वितीय स्थिति (रु. हजारमा)

| सि.नं. | कार्यालय | वार्षिक बजेट | | २०७७ असार मसान्त सम्मको खर्च | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | कारागार व्यवस्थापन विभाग | चालु | २२,००० | १६,२८२ | ७४ |
| | | पुंजीगत | ५,१४,३६२ | १,३३,२२२ | २५.९ |
| | | जम्मा | ५,३६,३६२ | १,४९,५०४ | २७.८७ |

| सि.नं. | कार्यालय | वार्षिक बजेट | | २०७७ असार मसान्त सम्मको खर्च | प्रतिशत |
|---|---|---|---|---|---|
| २ | कारागार कार्यालयहरु | चालु | १८,४८,३१८ | १६,८७,९८० | ९१.३३ |
| | | पुँजीगत | १,४४,१३८ | १,०८,४९६ | ७५.२७ |
| | | जम्मा | १९,९२,४५६ | १७,९६,४७६ | ९०.१६ |

सञ्चालनमा रहेका ७१ वटा कारागारहरुको क्षमताः पुरुष १५,७२५ तथा महिला १,७०० गरी जम्मा १७,४२५ मात्र भएता पनि कुल कैदी संख्या २३,८०२ अर्थात क्षमता भन्दा ३७ प्रतिशत कैदी बन्दीलाई व्यवस्थापन गरिएको ।

### ङ) बेरुजु रकम र सो को फर्छ्यौट स्थितिः

१. विभाग र कारागार कार्यालयहरुको कुल बेरुजुः रु.११,५५,५२,०००/-

२. संपरीक्षण भई आएको रकमःरु.२,६६,७३,०००/-

३. संपरीक्षणका लागि म.ले.प.मा पेश भएकोः १,५२,१६,०००/-

४. सम्परीक्षण पश्चात हालसम्मको फर्छ्यौट प्रतिशतः २३.०८ प्रतिशत

## २.७ राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग:

### (क) आ.व.२०७६/०७७ को बार्षिक प्रगति विवरण:

| संवैधानिक व्यवस्था | विभागको कार्यक्षेत्र | उपलब्धिहरु | संख्यात्मक विवरण |
|---|---|---|---|
| (१) धारा ५१ (च) ५<br><br>राष्ट्रिय आवश्यकता अनुसार सूचना प्रविधिको विकास र विस्तार गरी त्यसमा सर्वसाधारण जनताको सहज र सरल पहुँच सुनिश्चित गर्ने तथा राष्ट्रिय विकासमा सूचना प्रविधिको उच्चतम उपयोग गर्ने,<br><br>(२) धारा ५१ (च) ८<br><br>जनसांख्यिक तथ्यांकलाई अद्यावधिक गर्दै राष्ट्रिय विकास योजनासँग आबद्ध गर्ने । | व्यक्तिगत घटना दर्ता | १. २०७६ चैत्र मसमन्त सम्म अनलाईन मार्फत व्यक्तिगत घटना दर्ता गर्ने वडा संख्या | २७६४ |
| | | २. २०७६ सालको व्यक्तिगत घटना दर्ता संख्या | जन्म ९२५३२२, मृत्यु १७०६४३, विवाह २७३९६३ बसाई सराइ गएको जनसंख्या १३५९४८, सम्बन्ध विच्छेद ५८४६ |
| | | ३. २०५८ साल सम्म भएका व्यक्तिगत घटना दर्ताका सूचना फारामहरु स्क्यान गरी व्यवस्थापन गर्ने कार्य भइरहेको । | करिब ५० लाख सूचना फारामहरु |
| | | ४. व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणालीको क्षमता विकास गर्न सर्भर प्रणाली खरिद प्रकृया मुल्याकंनको चरणमा रहेको । | १ |
| | | ५. व्यक्तिगत घटना तथा सामाजिक सुरक्षा दर्ता सिवीर सञ्चालनार्थ आवश्यक पूर्व तयारी सम्पन्न । | ७५३ स्थानीय तह |
| | | ६. हाल सम्म भएका व्यक्तिगत घटना दर्ता का दर्ता किताब डिजिटाईजेशनको लागि पूर्व तयारी सम्पन्न । | ६८० स्थानीय तह |

| संवैधानिक व्यवस्था | विभागको कार्यक्षेत्र | उपलब्धिहरु | संख्यात्मक विवरण |
|---|---|---|---|
| | | ७. व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरणको लागि स्थानीय तहमा एम. आई. यस. अपरेटर तथा फिल्ड सहायक सहितको सेवा इकाईको स्थापना । | ७५३ स्थानीय तह |
| | | ८. सेवा इकाईका कर्मचारीहरुलाई तालिम/ अभिमुखीकरण/ अन्तरकृया कार्यक्रम सम्पन्न । | • तालिम - एम. आई. यस. अपरेटर ३६६ जना, फिल्ड सहायक - १,२६९<br>• अभिमुखीकरण - वडा सचिब ६०० भन्दा बढी<br>• ७५३ स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतसँग अन्तर कृया |
| (३) धारा ५१(च)७<br><br>एकीकृत राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणाली विकास गरी नागरिकका सबै प्रकारका सूचना र विवरणहरू एकीकृत रूपमा व्यवस्थापन गर्ने तथा यसलाई राज्यबाट उपलब्ध हुने सेवा सुविधा र राष्ट्रिय विकास योजनासँग आबद्ध गर्ने । | राष्ट्रिय परिचयपत्र व्यवस्थापन | १) राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणालीको निर्माण तथा क्षमता विस्तार । | • सेवा प्रदायक मार्फत कार्य भई रहेको ।<br><br>• ६५% सम्पन्न भई सकेको । |
| | | २) अनलाईन दरखास्त दिने प्रणाली (Pre-enrollment Software) को विकास । | १ |

| संवैधानिक व्यवस्था | विभागको कार्यक्षेत्र | उपलब्धिहरु | संख्यात्मक विवरण |
|---|---|---|---|
| | | ३) राष्ट्रिय परिचयपत्रको enrollment सम्बन्धी उपकरण खरिद गर्ने (डेक्सटप, कम्प्युटर, क्यामेरा, स्क्यानर, प्रिन्टर, Power Distribution Unit (PDU), Storage System) | १,००० सेट |
| | | ४) राष्ट्रिय परिचयपत्रको लागि स्थायी स्टेशन स्थापना | • ४८ जिल्ला प्रशासन कार्यालय |
| | | ५) विवरण संकलन तथा परिचयपत्र वितरण । | • २०७६।७७ को असाढ मसान्तसम्म विवरण दर्ता संख्या करिब २ लाख १४ हजार नेपाली नागरिकहरुको राष्ट्रिय परिचयपत्रको लागि विवरण संकलन भएको र सो मध्ये १ लाख १५ हजार जनालाई कार्ड समेत वितरण गरि सकिएको । |
| | | ६) नागरिकका विवरणहरु संकलन गर्न अभियान सञ्चालन । | • ७ जिल्ला (झापा, संखुवासभा, चितवन, ललितपुर, गुल्मी, जुम्ला र कञ्चनपुर)मा शुरु गरिएको । पाँचथर जिल्लामा सफल परिक्षण सम्पन्न भएको । |
| | | ७) राष्ट्रिय परिचयपत्र कार्ड प्रशोधन गर्ने मेशिनको क्षमता अभिवृद्धि । | • प्रति घण्टा १००० कार्ड प्रशोधन गर्न सक्ने गरि क्षमता अभिवृद्धिको कार्य भईरहेको । |

| संवैधानिक व्यवस्था | विभागको कार्यक्षेत्र | उपलव्धिहरु | संख्यात्मक विवरण |
|---|---|---|---|
| | | ८) राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणाली सेवा सँग आबद्धता । | • राष्ट्रिय परिचय नम्बरको अनुरोध, नागरिक तथ्याङ्क व्यवस्थापन, राष्ट्रिय परिचय नम्बरको प्रमाणीकरण, मतदाता नामावली (प्रारम्भिक) तयार, सरकारी नागरिक पोर्टल तयार गरी परीक्षण सम्पन्न भएको ।<br>• राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणालीमा रहेको नागरिकका विवरणहरु विद्युतीय राहदानीमा उपयोग गर्ने गरी राहदानी विभागसँग सम्झौता भएको । |
| (४) धारा ५०<br>सामाजिक न्यायको माध्यमबाट राष्ट्रिय जीवनका सबै क्षेत्रमा न्यायपूर्ण व्यवस्था कायम गर्दै लोककल्याणकारी राज्यव्यवस्थाको स्थापना गर्ने । | सामाजिक सुरक्षा | १ आर्थिक वर्ष २०७६/०७७ मा जेष्ठ नागरिक, एकल/विधवा महिला, अपाङ्गता भएका व्यक्ति, लोपोन्मुख आदिवासी/जनजाति, बालबालिका गरी २९ लाख ५९ हजार लाभग्राहीहरु लाई सामाजिक सुरक्षा भत्ता वितरण गरिएको । | • रु. ६६ अर्व १८ करोड २० लाख १४ हजार |

| संवैधानिक व्यवस्था | विभागको कार्यक्षेत्र | उपलब्धिहरु | संख्यात्मक विवरण |
|---|---|---|---|
| | | २ मानव सेवा आश्रम, आमाको घर लगायतका संस्थाहरुलाई रकम विनियोजन भएको । | • रु. ३ करोड ९७ लाख ३८ हजार |
| (५) धारा ५१ (ञ) (२) जोखिममा परेका, सामाजिक र पारिवारिक बहिष्करणमा परेका तथा हिंसा पीडित महिलालाई पुनःस्थापना, संरक्षण, सशक्तीकरण गरी स्वावलम्बी बनाउने । | " | ३ सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने ७५३ वटै स्थानीय तहका लाभग्राहीहरुको विवरण केन्द्रीकृत सूचना प्रणालीमा प्रविष्ट भएको । | ३० लाख ६२ हजार २ सय २७ जना लाभग्राहीहरुको विवरण केन्द्रीकृत सूचना प्रणालीमा प्रविष्ट भएको । |
| | | ४ बालपोषण अनुदान वितरण | ७,९४,२२१ जना |
| (६) धारा ५१ (ञ) (४) बालबच्चाको पालन पोषण, परिवारको हेरचाह जस्ता काम र योगदानलाई आर्थिक रूपमा मूल्यांकन गर्ने । | " | ५ बैंकिङ्ग प्रणाली मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्ने स्थानीय तहको संख्या | १९७ वटा |
नेपाल सरकार गृह मन्त्रालयले केन्द्रीय तथ्याङ्क विभागको प्राविधिक सहयोगमा वि.सं. २०७६ कार्तिक १३ गते देखि २०७६ मंसिर १५ गते (तदानुसार ३०, २०१९ देखि डिसेम्बर १, २०१९) सम्म लागू औषध प्रयोगकर्ताहरुको सर्वेक्षण २०६७ सञ्चालन गरेको थियो। नेपालमा लागू औषध प्रयोगकर्ताहरुको यो तेश्रो सर्वेक्षण हो। यो सर्वेक्षणको उद्देश्य नेपालमा लागू औषध प्रयोगको ढाँचा र जोखिम व्यवहार बुझ्न र यसको प्रयोगबाट उत्पन्न हानिकारक असर कम गर्नका लागि प्रमाणमा आधारित नीति र कार्यक्रमहरु तर्जुमा गर्न तथ्याङ्कीय रुपमा राम्रो र विश्वसनीय तथ्यङ्क प्रदान गर्नु हो। सर्वेक्षणले तथ्याङ्कीय रुपमा महत्वपूर्ण जानकारी दिनुका साथै नेपालमा लागू औषध प्रयोगको पछिल्लो अवस्था चित्रण गर्दछ। सर्वेक्षण अप्रत्यक्ष गुणक/वेन्चमार्क विधिबाट हाल लागू औषध प्रयोग गरिरहेका २००० जना व्यक्तिहरुसँगको अन्तरवार्तामा आधारित छ।

प्रस्तुत सर्वेक्षणको नतिजाले नेपालमा लागू औषध प्रयोगकर्ताहरुको कूल संख्या र लागू औषध प्रयोगको ढाँचा पहिचान गर्दछ। यस सर्वेक्षणले प्रयोगकर्ताहरुको लिंग, उमेर, शिक्षा, प्रयोग गर्ने लागू औषध, लागू औषध प्राप्त गर्ने श्रोत र लागू औषध सेवनको विधि जस्ता विशेषताहरु सहितको अद्यावधिक तथ्याङ्क प्रस्तुत गर्दछ।

नेपालमा वि.सं. २०६३ मा गरिएको सर्वेक्षणमा लागू औषध प्रयोगकर्ताहरुको संख्या ४६,३०९ थियो भने २०६९ को सर्वेक्षणमा यो संख्या ९१,५३४ पुगेको थियो। उक्त सर्वेक्षण नतिजा अनुसार औषत वार्षिक ११.३६ प्रतिशतको दरले लागू औषध प्रयोगकर्ताहरुको संख्यामा वृद्धि हुने गरेको देखिन्छ। यस सर्वेक्षणको नतिजा अनुसार नेपालमा कूल लागू औषध प्रयोगकर्ताहरुको संख्यामा वृद्धि हुने गरेको देखिन्छ। यस सर्वेक्षणको नतिजा अनुसार नेपालमा कूल लागू औषध प्रयोगकर्ताहरुको संख्या १,३०,४२४ पुगेको तथा औसत वार्षिक ५.०६ प्रतिशतको दरले प्रयोगकर्ताहरुको संख्यामा वृद्धि भएको देखाएको छ। प्रयोगकर्ताहरु मध्ये पुरुष १,२१,६९२ (९३.३ प्रतिशत) र महिला ८,७३२ (६.७ प्रतिशत) रहेका छन्। त्यसै गरी ५१.१ प्रतिशत प्रयोगकर्ताहरुले एकान्त स्थानमा (५१.९ प्रतिशत पुरुष र ३५.४ प्रतिशत महिला) लागू औषध प्रयोग गर्ने गरेको देखिन्छ। त्यसैगरी ४०.० प्रतिशत प्रयोगकर्ताहरु कुनै पनि पेशामा आबद्ध नरहेको तथ्याङ्कले देखाएको छ। लागू औषध प्रयोगकर्ता महिलाहरुको सबैभन्दा ठूलो संख्या (७१.७ प्रतिशत) बेरोजगार रहेको देखिन्छ जुन पुरुष प्रयोगकर्ता (३८.० प्रतिशत) को तुलनामा धेरै रहेको देखिन्छ।

कुल लागू औषध प्रयोगकर्ताहरुमध्ये युवा पुस्ताको संख्या धेरै रहेको देखिन्छ। सर्वेक्षणको नतिजा अनुसार अधिकांश लागू औषध प्रयोगकर्ताहरुले उनीहरु बीस वर्ष भन्दा कम उमेरमा नै पहिलो पटक लागू औषधको सेवन सुरु गरेको देखिन्छ। बीस वर्ष भन्दा कम उमेरमा गाँजाजन्य पदार्थ सेवन गर्ने प्रयोगकर्ताहरु ८८.० प्रतिशत, अफिमजन्य पदार्थ सेवन गर्नेहरु ६३.४ प्रतिशत, आनन्ददायक प्रदार्थ

सेवन गर्नेहरु ५२.२ प्रतिशत, सुँध्ने पदार्थ सेवन गर्नेहरु ९२.३ प्रतिशत, भ्रमात्मक पदार्थ सेवन गर्नेहरु २३.८ प्रतिशत र उत्तेजनात्मक पदार्थ सेवन गर्नेहरु ४५.८ प्रतिशत रहेको देखिन्छ ।

सबै भन्दा बढी प्रयोग गरिने लागू औषधमा गाँजाजन्य पदार्थ (८४.७ प्रतिशत) रहेको छ भने त्यसपछि क्रमशः आनन्ददायक पदार्थ (७३.१ प्रतिशत) तथा अफिमजन्य पदार्थ (४६.८ प्रतिशत) रहेको देखिन्छ । प्रदेशगत रुपमा सबैभन्दा बढी लागू औषध प्रयोगकर्ताहरुको संख्या बाग्मती प्रदेश (३५.६ प्रतिशत) र सबैभन्दा कम कर्णाली प्रदेशमा (१.४ प्रतिशत) रहेको छ ।

एक पटक गाँजाजन्य पदार्थ सेवन गर्दा प्रयोगकर्ताले औसत रु. ९२ खर्च गर्ने गरेको देखिन्छ भने त्यसपछि क्रमशः सुँध्ने पदार्थका लागि रु. १२४, आनन्ददायक पदार्थका लागि रु. ५७४, अफिमजन्य पदार्थका लागि रु. ८६९, उत्तेजनात्मक पदार्थका लागि रु. १,८९० र भ्रमात्मक पदार्थका लागि रु. २,१९५ खर्च गर्ने गरेको देखिन्छ । त्यस्तै गरी प्रयोगकर्ताहरु मध्ये २९.३ प्रतिशतले सूईको माध्यमद्वारा प्रयोग गर्ने गरेका र ५.० प्रतिशतले एक अर्कामा सुई र सिरिन्ज साटासाट गर्ने गरेको देखिन्छ । ९२.८ प्रतिशत प्रयोगकर्ताहरुमा सिरिन्ज आदानप्रदान गर्दा एचआईभी/एड्स, हेपेटाइटिस बी र सी जस्ता सरुवा रोगहरु सर्ने जानकारी रहेको देखिन्छ । साथी सँगतिको दबाबले लागू औषध प्रयोग गर्नेहरुको संख्या ८९.४ प्रतिशत देखिन्छ भने मनोरञ्जनको लागू औषध प्रयोग गर्नेहरुको संख्या ७२.१ प्रतिशत रहेको देखिन्छ ।

त्यसै गरी सर्वेक्षणको नतिजा अनुसार ४७.२ प्रतिशत लागू औषध प्रयोगकर्ताहरुले उनीहरुको जीवनस्तरमा सुधार त्याई लागू औषधको कूलतबाट मुक्त गर्न सरकारले रोजगारीका अवसरहरुमा वृद्धि गर्नुपर्ने र ६३.० प्रतिशतले निःशुल्क उपचार सेवा प्रदान गर्नु पर्ने बताएका छन् । ३९.२ प्रतिशत प्रयोगकर्ताहरुले सरकारसँग लागू औषध दुरुपयोग रोकथाम र नियन्त्रणका लागि सरकारले सीमा नाकामा प्रभावकारी जाँच र निरीक्षण गर्नुपर्ने सुझाएका छन् ।

यस सर्वेक्षणको नतिजा अनुसार विगत २०६३ र २०६९ को सर्वेक्षण पश्चात् लागू औषध दुरुपयोग रोकथाम तथा नियन्त्रणका लागि सरकारले अवलम्बन गरेको रणनीति, कार्यक्रम क्रियाकलापहरुको प्रभावकारिताले नेपालको लागू औषध दुर्व्यसनको ढाँचा र परिमाणमा रहेको वार्षिक वृद्धिदर उल्लेख्य रुपमा घटेको देखाएको छ । यद्यपि यस प्रकारको निष्कर्षको लागि जिम्मेवार अन्य कारक तत्वहरु पत्ता लगाउनका लागि वैज्ञानिक रुपमा थप विश्लेषण गर्नु आवश्यक देखिन्छ ।

अतः लागू औषध प्रयोगबाट सिर्जना हुने परिणाम, लागू औषध प्रयोगकर्ताहरु र समाज दुवैका लागि हानिकारक हुने भएका कारण समाजमा जरो गाडेको लागू औषध दुरुपयोगको रोकथाम र नियन्त्रणका लागि सबैको सामूहिक प्रयास जरुरी हुन्छ । त्यसै गरी लागू औषध दुरुपयोग रोकथाम तथा नियन्त्रण गर्दै उपचार सम्बद्ध सेवा प्रवर्द्धन गर्न प्रमाणमा आधारित एवं लक्षित नीति तथा कार्यक्रमहरु र तिनको प्रभावकारी कार्यान्वयन आवश्यक पर्दछ ।

# अनुसूची

# अनुसूची – १

**आ.व.२०७६/७७ मा सम्मानननीय प्रधानमन्त्री र माननीय गृहमन्त्रीज्यू बीच भएको कार्यसम्पादन सम्झौताको कार्यान्वयन प्रगति :**

| क्र.सं. | सूचक | एकाई | आ.व. २०७६/७७ को उपलब्धि |
|---|---|---|---|
| १ | दर्ता भएका लैंगिक हिंसा लगायतका अपराध र अनुसन्धानको अनुपात | प्रतिशत | ९१.१ |
| २ | पाँच वर्षमुनिका बालबालिकाको जन्म दर्ता | प्रतिशत | ६३ |
| ३ | विपदका घटनाबाट प्रभावित परिवार संख्या | प्रति हजार | १५ |
| ४ | विपदका घटनाबाट मृत्यु हुने जनसंख्या | प्रति लाख | १.५ |
| ५ | एकिकृत राष्ट्रिय परिचय पत्र वितरण | जिल्ला | १६ |
| ६ | सुरक्षाको अनूभूति भएको जनसंख्या | प्रतिशत | अवधारणापत्र तयार भएको तर बजेट व्यवस्था नभएकोले प्रगति हुन नसकेको |
| ७ | सवै प्रदेशमा आपतकालीन भण्डार केन्द्र स्थापना | वटा | प्रदेश न.१, वाग्मती प्रदेश, गण्डकी प्रदेश, कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेश समेत ५ वटा क्षेत्रीय आपतकालीन कार्य सञ्चालन केन्द्र प्रदेश सरकारलाई हस्तान्तरण भैसकेको। प्रदेश न. २ र ५ को हकमा यस मन्त्रालयको नाममा विनियोजित बजेट अर्थ मन्त्रालय मार्फत वित्तीय हस्तान्तरण गरिएको। |
| ८ | सीपमूलक/ रोजगारमूलक तालिम प्राप्त कैदीबन्दी | संख्या | ५ स्थानमा २५० जनालाई तालिम प्रदान |
| ९ | बाल संरक्षण अनुदान प्रदान | संख्या | ९,४४,३४४ जना |

| क.सं. | सूचक | एकाई | आ.व. २०७६/७७ को उपलब्धि |
|---|---|---|---|
| १० | रोजगारी सिर्जना | जना | यस मन्त्रालय र अन्तर्गतका निकायहरु बाट प्रत्यक्ष रोजगारी सिर्जनाका क्रियाकलापहरु नभएको |
| ११ | पूंजीगत खर्च | प्रतिशत | ५९.९ |

हालसम्म बाल संरक्षण अनुदान लागु भएका १४ जिल्लाहरु : हुम्ला, जुम्ला, मुगु, डोल्पा, कालिकोट, अछाम, बझाङ, रौतहट, महोत्तरी, जाजरकोट, सर्लाही, डोटी, बाजुरा र सिराहा । बाल संरक्षण अनुदान (आगामी आ.व. ०७७/७८ मा थप हुने ११ जिल्ला) (सप्तरी, धनुषा, वारा, रसुवा, कपिलवस्तु, रुकुम (पश्चिम), सल्यान, दैलेख, बैतडी, रोल्पा, रुकुम (पूर्वी) रहेका छन् ।

# अनुसूची - २

## आ.व.२०७६/७७ मा माननीय गृहमन्त्री र गृह सचिवबीच भएको कार्यसम्पादन सम्झौताको कार्यान्वयन प्रगति:

### १. पृष्ठभूमि

मुलुकमा शान्ति, सुव्यवस्था र सुरक्षा कायम गरी जनताको जीउ, धन र स्वतन्त्रताको संरक्षण गर्नु गृह प्रशासनको मुख्य उद्देश्य हो । गृह प्रशासनलाई सबल र सक्षम बनाई जनतामा सुरक्षाको अनुभूति दिलाउन र सेवा प्रवाहलाई प्रभावकारी बनाइ सुशासन कायम गर्न गृह मन्त्रालय मातहत विभिन्न ३ वटा विभागहरु, ७७ वटा जिल्ला प्रशासन कार्यालय, विभिन्न इलाका प्रशासन कार्यालय, अध्यागमन कार्यालय, सीमा प्रशासन कार्यालय तथा सुरक्षा निकायका रुपमा नेपाल प्रहरी र सशस्त्र प्रहरी वलका केन्द्र देखि स्थानीय तहसम्म क्रियाशील विभिन्न कार्यालय तथा ईकाइहरु रहेका छन्। नेपालको संविधानमा सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, जनउत्तरदायी र सहभागितामूलक बनाउदै राज्यबाट प्राप्त हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्ने विषय उल्लेख भएको छ । निजामती सेवा ऐन, २०४९ को दफा १५(२) निजामती सेवा नियमावली, २०५० को नियम ३४ को (ख) तथा सुशासन व्यवस्थापन तथा सञ्चालन ऐन, २०६४ को बुँदा नं १९ मा सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी तथा गुणस्तरीय बनाउन सार्वजनिक निकायका पदाधिकारीसँग कार्यसम्पादन सम्झौता गर्नसक्ने प्रावधान रहेको छ । सम्माननीय प्रधामन्त्रीज्यू र माननीय गृह मन्त्रीज्यू बीच भएको संझौताको जगमा रहेर माननीय गृह मन्त्री र श्रीमान् सचिवज्यू वीच कार्यसम्पादन संझौता भएको थियो ।उल्लिखित उद्देश्य र कानूनी प्रावधानभित्र रही मिति २०७६ साल श्रावण १ गतेदेखि २०७७ असार मसान्तसम्मका लागि पहिलो पटक शुरुवातका रुपमा सम्माननीय प्रधानमन्त्रीज्यूको रोहवरमा माननीय गृहमन्त्री र गृहसचिव वीच मिति २०७६ श्रावण १५ गते कार्यसम्पादन सम्झौता भएको हो । यस अवधिमा गृह मन्त्रालयमा २ जना सचिवहरु कार्यरत रहनुभएको भएपनि समग्र रुपमा एक आर्थिक बर्षभरमा सम्पादन भएका कार्यहरुको प्रगति यहाँ प्रस्तुत गरिएको छ ।

## २. लक्ष्य तोकिएका कार्यहरुको प्रगति:

कार्यसम्पादन सम्झौतामा कूल १४ वटा बुँदाहरु रहेका छन् ।सो मध्य १० वटा लक्ष्य तोकिएका र ४ वटा लक्ष्य नतोकिएका बुँदाहरु रहेका छन् । लक्ष्य तोकिएका मध्ये चालु आर्थिक बर्ष २०७६।७७ मा भएको प्रगति देहायमा उल्लेख गरिएको छ :

**बुँदा नं. १ सामाजिक सुरक्षाका कार्यक्रमहरुलाई समन्वयात्मक रुपमा सञ्चालन गर्ने:**

| क्र.सं. | क्रियाकलाप वा कार्यहरु |
|---|---|
| १ | घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणालीको लागि सर्भर सिस्टम खरिद भएको । |
| २ | सेवा ईकाइ स्थापना भएको । |
| ३ | सामाजिक सुरक्षा कार्यक्रमको सघन अनुगमन, अनुशिक्षण भएको । |

**बुँदा नं. २ अध्यागमन प्रणालीलाई प्रविधिमैत्री बनाउने:**

| क्र.सं. | क्रियाकलाप वा कार्यहरु |
|---|---|
| १ | वायोमेट्रिक पहिचान सहितको नेपाली पोर्ट नामको सफ्टवयर विकास भएको । |
| २ | अध्यागमन सूचना प्रणालीमा सूचनाको दोस्रो तहको सुरक्षाको लागि सर्भर खरिद भई सञ्चालनमा आएको । |
| ३ | अध्यागमन सुधार कार्ययोजना २०७५ अन्तरगत अध्यागमन कार्यालय त्रि.अ.वि. मा अत्याधुनिक डेक्स र Forgery Detection Unit (FDU) स्थापना भएको । |
| ४ | अध्यागमन सुरक्षा सम्वन्धी उपकरणहरु खरिद भएको । (Fake passport Detector, Thermal Printer PRM Kiosk Machine) |
| ५ | गौतम बुद्ध अन्तराष्ट्रिय विमानस्थलमा नयाँ अध्यागमन कार्यालयको स्थापनाका लागि मन्त्रिपरिषद् बाट संगठन संरचना स्वीकृत भएको । |

**बुँदा नं. ३ आगामी चार वर्षभित्र सबै नेपालीलाई वायोमेट्रिक सूचना र पृथक पहिचान नम्वर सहितको राष्ट्रिय परिचयपत्र वितरण गर्ने गरी कार्य गर्ने ।**

| क्र.सं. | क्रियाकलाप वा कार्यहरु |
|---|---|
| १ | राष्ट्रिय परिचयपत्रको enrollment सम्बन्धी उपकरण खरिद भएको । |
| २ | नेटवर्किङ र डाटा सिल्क र सोको मर्मत Switch Firewall Router खरिद भएको । |
| ३ | राष्ट्रिय परिचयपत्रको प्रणालीको क्षमता अभिवृद्धि सम्वन्धी हार्डवयर, सफ्टवयर खरिद भएको । |
| ४ | राष्ट्रिय परिचयपत्रको लागि अनलाइन आवेदन प्रणाली निर्माण भएको । |

**बुँदा नं. ४ संविधान र कानून विपरितका कार्यमा संलग्न हुने शान्ति सुरक्षामा खलल पुऱ्याउने र सामाजिक सद्भाव विथोल्ने कुनै पनि प्रकारका आपराधिक क्रियाकलापमा संलग्न हुने जोकोहीलाई कानुनी कारवाहीको दायरामा ल्याउने:**

| क्र. सं. | क्रियाकलाप वा कार्यहरु |
|---|---|
| १ | Water Cannon खरिद भएको । |
| २ | सुरक्षासँग सम्बन्धी यन्त्र उपकरण तथा मेशीन खरिद भएको । |
| ३ | सवारी दुर्घटना न्यूनीकरण र सडक सभ्यता अभिबृद्धिका लागि १८ वटा चेतनामूलक कार्यक्रम सञ्चालन भइ १५,००० जना लाभान्वित भएको । |
| ४ | त्रिवर्षीय अपराध नियन्त्रण कार्ययोजना (CAP) को प्रभावकारी कार्यान्वयनको लागि अपराध अनुसन्धान सम्वन्धी सीप विकास तथा क्षमता अभिवृद्धि तालिम सञ्चालन भएको । |
| ५ | त्रिवर्षीय अपराध नियन्त्रण कार्ययोजना (CAP) को प्रभावकारी कार्यान्वयनको लागि प्रविधिको खरिद भएको । |
| ६ | नेपाल प्रहरीको Core Function अन्तर्गत हाम्रो एक दिने कार्यक्रममा बृद्धि गरी शान्तिसुरक्षा र अमनचयन कायम गराउने विशेष पहल गरिएको । (१२.९ प्रतिशतले वृद्धि भएको) |
| ७ | समुदाय प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत स्थानीय तह र बिद्यालय स्तरमा समेत गरी २८,९८७ वटा चेतनामूलक कार्यक्रम सञ्चालन गरिएको । कोभिड १९ सम्बन्धी ३७६ वटा कार्यक्रम सञ्चालन गरिएको । |
| ८ | ३,२८६ जना प्रहरी कर्मचारीहरुलाइ तालिम प्रदान गरिएको । |
| ९ | प्रहरी सेवामा रहेका जनशक्तिको कार्य सम्पादन एवं उत्प्रेरणा सम्बन्धी अनुसन्धान गरी भावी योजना तय भएको । |
| १० | नेपाल प्रहरीमा शौचालय तथा स्नान गृह नभएका प्रहरी इकाइहरुमा शौचालय निर्माण गर्ने कार्य सम्पन्न भएको । |
| ११ | प्रहरी जवान व्यारेकमा शुद्ध पिउने पानीका लागि Deep Boring, Water Treatment and Water purification मेसका भाँडाकुडा खरिद गरी प्रयोगमा आएको । |
| १२ | काठमाडौं उपत्यकामा महानगरीय सशस्त्र प्रहरी गण नं.२ महाराजगञ्जमा बहुउद्देश्यीय हल (Multi Purpose Hall) निर्माण कार्य शुरु भएको । |

**बुँदा नं. ५ तथ्य र वैज्ञानिक प्रमाणमा आधारित अपराध अनुसन्धान र अभियोजन प्रणाली विकास गर्ने । अनुसन्धान र अभियोजनमा संलग्न जनशक्तिको क्षमता बृद्धि गर्ने:**

| क्र.सं. | क्रियाकलाप वा कार्यहरु |
|---|---|
| १ | प्रहरी प्रधान कार्यालयमा Cyber digital विट स्थापना गर्ने कार्य सम्पन्न हुने क्रममा रहेको । |

**बुँदा नं. ६ अनियमितता, सरकारी सम्पतिको अनधिकृत प्रयोग, अपचलन तथा दोहन र अन्य जुनसुकै आपराधिक कार्यमा संलग्न कुनै पनि व्यक्ति दण्ड सजायबाट उम्किन नपाउने गरी निगरानी, अनुसन्धान र छानविन कार्यलाई सशक्त बनाउने:**

| क्र.सं. | क्रियाकलाप वा कार्यहरु |
|---|---|
| १ | मन्त्रालय तथा मातहत विभागरकार्यालयको स्वामित्वमा रहेका जग्गा तथा भवनहरुको अभिलेखीकरण भएको । |
| २ | आपराधिक कार्यमा संलग्न व्यक्तिहरुलाई कानूनी दायरामा ल्याउने कार्य निरन्तर भइरहेको । |

**बुँदा नं. ७ प्रशासनिक तथा सुरक्षा निकायहरु समन्वयात्मक रुपमा परिचालन गर्ने । सबै सुरक्षा निकायहरुलाई सबल, सक्षम र उत्तरदायी बनाइ राष्ट्रिय सुरक्षा प्रणालीलाई व्यवसायिक बनाउने:**

| क्र.सं. | क्रियाकलाप वा कार्यहरु |
|---|---|
| १ | सीमा सुरक्षा एवं सीमा अपराध र तस्करी नियन्त्रणलाई प्रभावकारी बनाउन थप ३० स्थानमा BOP हरु स्थापना भएको । |
| २ | सक्षम जनशक्ति उत्पादन गर्न २१८ वटा तालिम सञ्चालन भएको । |
| ३ | विभिन्न सुरक्षा सामाग्रीहरु खरिद भएको र भवन निर्माण कार्य शुरु भएको । |

**बुँदा नं. ८ विपद्को पूर्वतयारी, खोज, उद्धार, राहत र पुनर्स्थापनामा सबै संयन्त्रहरु परिचालन गर्ने, हिमपात, शीतलहर, बाढीपहिरो, डुबान तथा आगलागी लगायतका विपद्को अवस्थामा न्यूनतम सेवाको अभावमा अकालमा ज्यान गुमाउनुपर्ने अवस्थाको अन्त्य गर्ने:**

| क्र.सं. | क्रियाकलाप वा कार्यहरु |
|---|---|
| १ | राहत सूचना व्यवस्थापन प्रणालीलाई स्तरोन्नतिको क्रममा घट जिल्लाहरुको विस्थापितहरुको विवरण अपडेट भएको । |
| २ | जिल्ला आपतकालीन कार्यसञ्चालन केन्द्र (DEOC) लाई आवश्यक सञ्चार सामग्री खरिद भएको । (२५ जिल्ला) |

| क्र.सं. | क्रियाकलाप वा कार्यहरु |
|---|---|
| ३ | विपद् व्यवस्थापन सँग सम्बन्धित विभिन्न क्षमता विकास तालिम सञ्चालन गरी जनशक्ति विकास गरेको। दैनिक ३० जनाको QRT टोली आवश्यक विपद् उद्धार सामग्री सहित तत्काल परिचालन हुन सक्ने गरी २४र७ तयारी अवस्थामा रहेको । |
| ४ | विपद् व्यस्थापनका ११८ वटा सामाग्रीहरु खरिद भएको । |
| ५ | ट्रमा सेन्टर सञ्चालन गर्नको लागि आवश्यक उपकरण खरिद भइ प्राप्त भएको । |
| ६ | DIMS लाई प्रदेशस्तरमा मूलप्रवाहीकरण गर्नका लागि प्रदेशस्तरीय तालिम सञ्चालन भएको। (४ वटा प्रदेश) |

**बुँदा नं. ९ लागू औषध उत्पादन, ओसारपसार, बेचविखन, दुर्व्यसन र बालबालिकालाई कुलतमा फसाउन प्रोत्साहन गर्ने उपर कडा कारवाही गर्ने:**

| क्र.सं. | क्रियाकलाप वा कार्यहरु |
|---|---|
| १ | लागू औषध सम्बन्धी सर्वेक्षण, २०७६ सम्पन्न भई सो को सार्वजनिकीकरण भएको । |
| २ | गैर सरकारी संस्थाबाट सञ्चालित उपचार तथा पुनर्स्थापना केन्द्रहरु मध्ये उत्कृष्ट केन्द्र छनौटको लागि मापदण्डको मस्यौदा तयार भएको । |
| ३ | लागु औषध प्रयोगकर्ताहरुका लागि बैकल्पिक विकासको अवधारणा विकास र नीतिको मस्यौदा तयार भएको । |

**बुँदा नं. १० कारागारको सुरक्षा व्यवस्थालाई प्रविधिमैत्री बनाउने । विद्यमान भौतिक पूर्वाधारको निर्माण र सुधार गर्नेकैदी बन्दीको श्रम र सीपलाई उत्पादनशील र विकास कार्यहरुमा उपयोग गर्ने व्यवस्था मिलाउने:**

| क्र.सं. | क्रियाकलाप वा कार्यहरु |
|---|---|
| १ | १० वटा कारागार कार्यालयहरुमा walk through gate खरिद भइ जडान भएको । |
| २ | ६४ वटा कारागार मा Metal Detector राख्ने कार्य सम्पन्न भई ८ वटामा प्रक्रियामा रहेको । |
| ३ | २ स्थानमा कारागार र अदालतबीच Video Conferencing शुरुआत गरिएको । (महोत्तरी र तुल्सीपुर) |
| ४ | ६० वटा कारागारमा E-attendance शुरु गरिएको । |
| ५ | २५० जना कैदीबन्दीलाई सीपमूलक तालिम प्रदान गरिएको । |

## ३. लक्ष्य नतोकिएका कार्यहरुको प्रगति:

गृह मन्त्रालयले सम्पादन गर्ने लक्ष्य तोकिएका कार्यहरु बाहेक नियमित र निरन्तर रुपमा गरिने अन्य कार्यको प्रगति देहाय अनुसार रहेको छ:

### १. बुँदा नं. ११ सेवा प्रवाह र सुशासनसँग सम्बन्धित कार्यमा प्राथमिकता दिने:

- जिल्ला प्रशासन कार्यालयहरुबाट प्रवाह हुने सेवालाई व्यवस्थित एवं पारदर्शी बनाउन प्रमुख जिल्ला अधिकारीहरुसँग सूचकमा आधारित कार्यसम्पादन सम्झौता गरी कार्यान्वयनमा ल्याइएको छ। उक्त कार्यसम्पादन सम्झौताको कार्यान्वयन सम्बन्धमा त्रैमासिक रुपमा पृष्ठपोषणा सहितको मूल्याङ्कन र बार्षिक मूल्याङ्कनबाट जिल्लाहरुलाई ग्रेडिङ गरिएको छ । यसबाट जिल्लाहरुवीच सेवा प्रवाहमा गुणात्मक सुधारका लागि सकारात्मक एवं स्वच्छ प्रतिस्पर्धाको वातावरण तयार भएको छ। यसैगरी मन्त्रालयको कार्यसम्पादनलाई थप व्यवस्थित गर्न माननीय मन्त्री र सचिव वीच कार्यसम्पादन सम्झौता गरी कार्यान्वयनमा ल्याइएको छ। साथै सचिव र विभागीय प्रमुख महाशाखा प्रमुख हुँदै अधिकृत स्तरसम्म कार्यसम्पादनका सूचक निर्धारण गरी कार्यसम्पादन सम्झौता गरी सोही आधारमा मूल्याङ्कन गर्ने गरिएको छ ।
- नेपाल सरकारबाट घोषित बन्दाबन्दीलाई व्यवस्थित बनाउन सुरक्षा मापदण्ड तयार गरी कार्यान्वयनमा ल्याइएको छ । कोभिड १९ को संक्रमण फैलिन नदिन सरकारको निर्देशन पालना गराउन एवं अत्यावश्यक सेवा प्रवाह सुचारु गर्न २४ सै घण्टा आवश्यकता बमोजिम सुरक्षा परिचालन गरिएको छ ।
- मन्त्रालय र अन्तरगत निकायहरुको संगठन संरचनाको अध्ययन गरी समयानुकूल परिमार्जन गरी कार्यान्वयनमा ल्याइएको छ । नेपाल प्रहरीको समायोजनका लागि संगठन संरचना एवं मापदण्ड निर्धारण कार्य अन्तिम चरणमा पुगेको छ। कार्यसम्पादनमा प्रभावकारिता ल्याउन कार्य सञ्चालन कार्यविधि जारी गरिएको, Daily Diary प्रयोगमा ल्याई साप्ताहिक र मासिक पृष्ठपोषण दिने गरिएको छ। Senior Management Team र स्टाफ बैठक नियमित रुपमा गरी छलफल गर्ने गरिएको छ । क्रियाकलापहरुसँग सम्बन्धित माइलस्टोनहरु समयसीमामा सम्पादन गर्न सम्बन्धित विभाग निकाय र कार्यालयहरुलाई नियमित निर्देशन प्रदान तथा अनुगमन गरिएको छ। साथै नविनतम प्रविधिको प्रयोग गरी चिठ्ठी पत्र परिपत्र एवं निर्देशनहरु SMS System बाट पठाउने गरिएको छ ।

### २. बुँदा नं.१२ मन्त्रालय मातहतका निकायमा आवश्यक जनशक्तिको व्यवस्थापन समयमा नै गर्ने:

१. गृह मन्त्रालय र अन्तर्गत निकायहरुको कार्यक्रम, कार्यप्रकृति, कार्यबोझ तथा कार्यविश्लेषणका आधारमा नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७६।०८।०३ को निर्णयानुसार संगठन तथा व्यवस्थापन सर्वेक्षण कार्य स्वीकृत भई पाँचथर, ओखलढुंगा लगायत विभिन्न १९

जिल्लाहरुमा सहसचिव स्तरको प्रमुख जिल्ला अधिकारी पद सिर्जना गरिएको छ ।

२. राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण लगायत मन्त्रालय र मातहत निकायहरुको संगठन तथा व्यवस्थापन सर्वेक्षण कार्य सम्पन्न गरी रायका लागि नेपाल सरकार अर्थ मन्त्रालयमा पठाइएको ।

३. कार्य सम्पादन मूल्याङ्कन, प्रतिवेदन, सुपरीवेक्षण र नियन्त्रणको पद्धतिलाई निश्चित मापदण्डमा आधारित बनाई सेवा प्रवाहमा सुधार ल्याउने उद्देश्यका साथ मन्त्रालयका सबै महाशाखा तथा शाखाहरुको कार्यविवरण तथा सो कार्यान्वयनको प्रक्रिया उल्लेखित कार्यसञ्चालन कार्यविधि २०७६ तर्जुमा तथा कार्यान्वयनमा रहेको ।

४. वैदेशिक भ्रमण कार्यलाई व्यवस्थित बनाउन वैदेशिक भ्रमण व्यवस्थापन सम्बन्धी आन्तरिक कार्यविधि २०७६ तर्जुमा गरी कार्यान्वयन भैरहेको छ । वैदेशिक भ्रमण, तालिम तथा अन्य कार्यक्रमहरुमा मनोनयन भई कार्यक्रममा सहभागी हुने कर्मचारीहरुबाट अनिवार्य रुपमा भ्रमण प्रतिवेदन लिने गरिएको ।

५. कर्मचारीको व्यक्तिगत विवरणहरुलाई स्क्यान गरी विद्युतीय अभिलेख सुरक्षित राख्ने कार्यको थालनी भएको ।

६. न्याय सेवा तालिम केन्द्र बबरमहल काठमाण्डौसँगको सहकार्यमा चालु आर्थिक वर्षको स्वीकृत वाषिक विकास कार्यक्रम अनुसार २ जना सहसचिव र ३४ जना उपसचिव गरी कुल ३६ जनाका लागि कानुन तथा न्याय सम्वन्धी क्षमता विकास कार्यक्रम सञ्चालन गरिएको ।

७. गृह मन्त्रालयका विभिन्न महाशाखा शाखाहरुबाट सम्पादन गर्नुपर्ने पूर्वनिश्चित कार्यहरु र कार्यान्वयन गर्नुपर्ने समय अवधिका आधारमा तयार पारिएको स्थायी प्रकृतिका निश्चित समयमा सम्पादन गर्नुपर्ने कार्यहरु कार्यान्वयनको तालिका, २०७६ तर्जुमा गरी सोही अनुसार कार्यान्वयन भएको ।

८. मन्त्रालय र मातहतका कार्यालयमा कार्यरत कर्मचारीहरुविच सहज सम्पर्कका लागि मन्त्रालयका सबै कर्मचारीहरु, विभागीय निकायका प्रमुख, सुरक्षा निकायका जिल्लास्तर सम्मका निकायका प्रमुख, जिल्ला प्रशासन कार्यालय प्रजिअ/सप्रजिअ, कारागार कार्यालय प्रमुख लगायत गृह मन्त्रालय मातहत सबै निकायका प्रमुखहरुको मोबाईल तथा कार्यालयको सम्पर्क नम्बरलाई VCF file मा रुपान्तरण गरी मोवाईल सेटमा डाउनलोड गरी contact list मा सुरक्षित गर्न सकिने गरी व्यवस्था मिलाईएको ।

९. गृह मन्त्रालयबाट मातहत विभाग तथा जिल्ला प्रशासन कार्यालयहरुमा २०७२ देखि हालसम्म जारी गरिएका महत्वपूर्ण परिपत्रहरु संकलन गरी परिपत्रहरुको सँगालो प्रकाशन गरिएको ।

### ३. बुँदा नं.१३ मन्त्रालय र मातहतका कार्यक्रम र आयोजनाको मासिक रुपमा प्रगति समीक्षा गरी समस्या समाधान गर्ने:

सरकारको नीति तथा कार्यक्रममा परेका गृह मन्त्रालयसँग सम्बन्धित Milestone मा परेका कार्यक्रमको प्रगतिका सम्बन्धमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको अनलाइन अनुगमन प्रणालीमा मासिक रुपमा नियमित इन्ट्री गरिएको छ । त्यसैगरी मन्त्रालयमा नियमित रुपमा Senior Management Team-SMT बैठकमा समेत छलफल गरी कार्यक्रम र आयोजना कार्यान्वयनमा देखिएका समस्या समाधानका लागि आवश्यक पहल एवं समन्वय र निर्देशन दिने गरिएको छ। कोभिड-१९ महामारीका कारण बजेट कटौतीमा परेका कार्यक्रम बाहेक अन्य कार्यक्रमको मासिक प्रगति प्रतिवेदन नियमित रुपमा प्राप्त भएको छ। बन्दाबन्दीका कारण स्थलगत अनुगमन गर्न नसकिएका कार्यक्रमका सम्बन्धमा सम्बन्धित जिम्मेवार पदाधिकारीसँग फोन ईमेल मार्फत प्रगति विवरण लिइ आवश्यक सहजीकरण एवं पृष्ठपोषण दिने गरिएको छ ।

### ४. बुँदा नं.१४ आर्थिक सुशासन र मितव्ययिता कायम गर्ने:

वित्तीय अनुशासन कायम गर्नका लागि Computerized Governance System (C-GAS) लागू गरी लेखा प्रणालीमा प्रयोग भई आएका Software प्रणालीको विस्थापन गरिएको छ । केन्द्रीय आर्थिक विवरण NEPSAS अनुरुपको वित्तीय प्रतिवेदन समयमै तयार गरी सम्बन्धित निकायमा पेश गरिएको छ । नयाँ म.ले.प. फारामहरु कार्यान्वयनमा ल्याइएको छ । Electronic Fund Transfer लाई प्रोत्साहन गरी आर्थिक सहायता लगायत व्यक्तिगत तथा संस्थागत भुक्तानी बैंक खातामा जम्मा हुने व्यवस्था गरिएको छ। मन्त्रालयबाट बेरुजु फर्छ्यौटलाई उच्च प्राथमिकता दिँदै आर्थिक वर्ष २०५९।६० सम्मको कुमारी चोक तथा केन्द्रीय तहसिल कार्यालयमा लगत कायम भएको बेरुजु मध्ये ८२.७ प्रतिशत फर्छ्यौट गरिएको छ । चालु आर्थिक वर्षमा फर्छ्यौट गर्नुपर्ने कुल बेरुजु मध्ये करिव ७० प्रतिशत बेरुजु सम्परीक्षणको क्रममा रहेको छ ।

## ४. अन्य कार्यहरू:

कार्यसम्पादन सम्झौतामा प्रष्ट रुपमा किटान नगरिएका तर मन्त्रालयबाट सम्पादन गरिएका केही महत्वपूर्ण कार्यहरुको प्रगति देहाय बमोजिम रहेको छः

### क. नीतिगत तथा कानूनी सुधार र रुपान्तरण:

| क.सं. | नीतिगत सुधारका विषयहरु | उपलब्धि |
|---|---|---|
| १ | प्रहरी समायोजन ऐन, २०७६ | जारी भई लागू भएको । |
| २ | प्रहरी सुपरीवेक्षण तथा सञ्चालन मापदण्ड ऐन, २०७६ | जारी भई लागू भएको । |
| ३ | राष्टिय परिचयपत्र तथा पञ्जिकरण ऐन, २०७६ | जारी भई लागू भएको । |
| ४ | कारागार सम्बन्धी प्रचलित कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक, २०७६ | संघीय संसदमा पेश गरिएको । |
| ५ | सामाजिक सुरक्षा (पहिलो संशोधन) विधेयक, २०७६ | संघीय संसद समक्ष पेश गर्ने प्रयोजनको लागि नेपाल सरकार मन्त्रिपरिषद् मा प्रस्ताव पेश भएको । |
| ६ | नेपाल प्रहरी सम्बन्धी विधेयक, २०७६ | संघीय संसद समक्ष पेश गर्ने प्रयोजनको लागि नेपाल सरकार मन्त्रिपरिषद् मा प्रस्ताव पेश भएको । |
| ७ | अध्यागमन व्यवस्थापन सम्बन्धी विधेयक, २०७६ | संघीय संसद मा पेश गरेको । |
| ८ | संघ संस्था दर्ता सम्बन्धी विधेयक, २०७७ | संघीय संसद समक्ष पेश गर्ने प्रयोजनको लागि नेपाल सरकार मन्त्रिपरिषद् मा प्रस्ताव पेश भएको । |
| ९ | जग्गा प्राप्ति सम्बन्धी विधेयक, २०७७ | तर्जुमा सहमतिका लागि कानून न्याय तथा संसदीय मामिला मन्त्रालयमा पठाइएको । |
| १० | हातहतियार खरखजाना सम्बन्धी विधेयक, २०७७ | नेपाल सरकारको सैद्धान्तिक सहमतिका लागि मन्त्रिपरिषद् समक्ष पेश भएको । |
| ११ | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ | नेपाल सरकारबाट स्वीकृत भई लागू भएको । |

| क.सं. | नीतिगत सुधारका विषयहरु | उपलब्धि |
|---|---|---|
| १२ | एपिएफ कमाण्ड तथा स्टाफ तालिमको प्रवेश परीक्षा सम्बन्धी कार्यविधि, २०७६ | माननीय गृहमन्त्रीज्यूबाट स्वीकृत भई लागू भएको । |
| १३ | वैयक्तिक गोपनीयता नियमावली, २०७७ | स्वीकृतिका लागि नेपाल सरकार मन्त्रिपरिषद् समक्ष पेश गरेको । |
| १४ | राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण नियमावली, २०७७ | अर्थ र परराष्ट्र मन्त्रालयबाट राय सुझाव प्राप्त भई कानून मन्त्रालय पठाउने प्रक्रियामा रहेको । |
| १५ | विभूषण सम्बन्धी नियमावली, २०७६ | नेपाल सरकारबाट स्वीकृत भई लागू भएको । |
| १६ | सामाजिक सुरक्षा नियमावली, २०७६ | नेपाल सरकारबाट स्वीकृत भई लागू भएको । |
| १७ | अत्यावश्यक सेवा सञ्चालनमा प्रयोग हुने सवारी साधनका लागि जारी हुने सवारी साधन अनुमतिपत्र सम्बन्धी कार्यविधि, २०७६ | स्वीकृत भई लागू भएको । |
| १८ | बन्दाबन्दीलाई व्यवस्थित गर्ने सम्बन्धी सुरक्षा मापदण्ड, २०७७ | स्वीकृत भई लागू भएको । |

### ख. लागू औषध दुरुपयोग नियन्त्रण तर्फः

लागू औषधको अवैध कारोबारमा संलग्न ४,२५९ जना व्यक्तिहरु पक्राउ गरी आवश्यक अनुसन्धान समेत सम्पन्न गरी कूल २७१९ वटा मुद्दा दर्ता गरिएको छ । यस अवधिमा नियन्त्रित लागू औषध बुप्रेनर्पिन- ३४,९४७ थान, डाईजेपाम- ३६,६५२ थान, अन्य- १,२८,४४० थान, एम्फेटामाईन- ५३ ग्राम, कोरेक्स- ८९,५०४ थान बरामद् गरिएको छ ।

### ग. कोभिड १९ संक्रमण रोकथाम तथा बन्दाबन्दी व्यवस्थापन तर्फः

- कोभिड १९ को नियन्त्रण सम्बन्धी कार्यमा मन्त्रालयको समग्र टिम, अन्तर्गत विभागहरु, नेपाल प्रहरी र सशस्त्र प्रहरी वलका सुरक्षाकर्मीहरु र स्थानीय प्रशासनलाई सशक्त रुपमा परिचालन गरिएको,
- प्रत्येक जिल्लामा प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा जिल्ला स्तरीय क्राइसिस मेनेज्मेन्ट सेन्टर (CMC), कमाण्ड पोष्ट, अत्यावश्यक वस्तु सहज आपूर्ति अनुगमन समिति र सहायक

प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा क्वारेन्टिन व्यवस्थापन समिति गठन गरी परिचालन गरिएको,

- कोभिड-१९ को जोखिम न्यूनीकरण, प्रतिकार्यका लागि पूर्वतयारी र प्रतिकार्यको समन्वय र सहजीकरण गर्न गृह मन्त्रालय अन्तर्गत चौविसै घण्टा खुल्ला रहने गरी राष्ट्रिय आपतकालीन कार्यसञ्चालन केन्द्र र जिल्ला आपतकालीन कार्यसञ्चालन केन्द्रहरुलाई सक्रिय गराइ आवश्यक जनशक्ति परिचालन गरिएको,
- गृह मन्त्रालय र अन्तर्गतबाट सम्पादित समग्र कार्यहरुको समन्वयको लागि मन्त्रालयको कन्ट्रोल रुमलाई चौविसै घण्टा सक्रिय तुल्याइएको,
- भारत लगायत तेस्रो मुलकमा अलपत्र परेका नागरिकलाई स्वदेश फर्काउन समन्वय र सहजीकरण गरिएको छिमेकी मुलुक भारतका मुख्य नाका तथा सीमाना जोडिएका २७ जिल्लामा कोभिड १९ सम्भावित संक्रमण, फैलावट र त्यसबाट निम्तिन सक्ने विपद व्यवस्थापनका सम्बन्धमा उक्त जिल्लासँग सीमा जोडिएका Counterpart पदाधिकारीसँग समन्वय बैठक गरी आवागमनलाई  नियमन र निगरानी बढाइएको,
- छिमेकी मित्रराष्ट्र चीनसँग जोडिएका मुख्य नाका रसुवागढी र तातोपानीमा उच्च सर्तकता अपनाई अन्तर्राष्ट्रिय मापदण्ड अनुरूप स्वास्थ्य कक्ष स्थापना गरी यात्रुको स्वास्थ्य निगरानी तथा परीक्षण गर्ने कार्यमा स्थानीय प्रशासनबाट आवश्यक समन्वय भएको,
- राष्ट्रिय विपद प्रतिकार्य कार्यढाँचामा व्यवस्था भएका सबै एघार वटै क्लष्टरहरुलाई Activate गरी क्षेत्रगत रुपमा देशभर पूर्व तयारीमा सघन रुपमा परिचालन गरिएको,
- कोभिड-१९ को संक्रमण फैलिनुपूर्व मिति २०७६ फाल्गुण २३ गते नै दैनिक रूपमा आवश्यक पर्ने अत्यावश्यक सामाग्रीको आपूर्ति व्यवस्थापनमा सहजीकरण गर्ने साथै महङ्गी तथा कालोबजारीको नियन्त्रण गर्न बजार अनुगमन गर्ने कार्यलाई स्थानीय प्रशासनबाट तीव्रता दिइएको,
- लकडाउनको अवधिमा सीमा क्षेत्रमा तस्करी नियन्त्रण, कालोबजारी गर्ने व्यक्तिलाई पक्राउ गरी कारवाही गरिएको छ । मूल्य बढाइ कालोबजारी गर्ने उद्योगहरु उपर मुद्धा दर्ता गरी कारवाही भैरहेको,
- विभिन्न मुलुकहरुले Chartered Flights मार्फत आफ्ना नागरिकहरु स्वदेश फिर्ता लाने कार्यमा आवश्यक सहजीकरण गरिएको ।

## ५. कार्यसम्पादनको क्रममा आइपरेका समस्याहरू:

नागरिकको अपेक्षा बमोजिम समाजमा शान्ति सुव्यवस्था एवं अमन चयन कायम गर्नु चुनौतिपूर्ण कार्य हो । तथापी यस मन्त्रालयको कार्यजिम्मेवारी भित्रका कार्यसम्पादन गर्न उपलब्ध जनशक्ति एवं श्रोत साधनको महत्तम परिचालन गरी आवश्यक भूमिका निर्वाह हुँदै आएको छ । कार्यसम्पादनको सिलसिलामा आइपरेका समस्याहरुको विवेकपूर्ण तरिकाले समाधान गर्दै सरोकारवालासँग आवश्यक सहजीकरण एवं समन्वय गरिएको छ । समग्र सार्वजनिक प्रशासनमा अन्तर्निहित एवं भोग्नु परेका मुख्य समस्या तथा चुनौतिहरु नै गृह प्रशासनबाट पनि भोग्नु परेको छ। आगामी दिनमा ती समस्या र चुनौतीहरुको पहिचान गरी समाधानका व्यवहारिक समाधान पहिल्याउन सकिएमा कार्यसम्पादनमा थप चुस्तता र सहजता आउने मात्र नभई सेवा प्रवाहमा सुधार भई सरकार प्रति नागरिकको विश्वास अभिवृद्धिमा थप टेवा पुग्ने अपेक्षा गरिएको छ। कार्यसम्पादनको क्रममा अनुभव गरिएका केही समस्या र चुनौतिहरुलाई यहाँ प्रस्तुत गरिएको छ :

- विद्यमान कानूनी व्यवस्थाको पालनामा समय समयमा आइपर्ने विविध अवरोध तथा असहयोग ।
- सुरक्षा निकायको संस्थागत क्षमता विकासका लागि आवश्यक पर्ने वित्तीय स्रोतको कमी ।
- विपद् पछिको खोज उद्धारमा आवश्यक यन्त्र उपकरण र दक्ष जनशक्तिको कमी ।
- खुला सीमानाका कारण हुन सक्ने सिमापार तस्करी एवं अपराध नियन्त्रणका लागि आवश्यक संयन्त्र परिचालन र द्विपक्षीय सूचना आदान प्रदानमा समस्या ।
- सेवा प्रवाह र नियमन प्रक्रियामा अत्याधुनिक प्रविधिको उपयोग गर्न नसकिनु ।
- गृह मन्त्रालयसँग सम्बन्धित सवै ऐनहरु संशोधनको प्रक्रियामा लैजान नसकिनु आदि जस्ता समस्या एवं चुनौती रहेका छन् ।

## ६. भावी कार्यदिशाः

गृह प्रशासन सरकारको देखिने रुप हो । त्यसैले शान्ति सुव्यवस्था, अमन चयन, कानून कार्यान्वयन एवं सरकारको नीति निर्देशनहरुको प्रभावकारी रुपमा कार्यान्वयन मार्फत हरेक गाउँ बस्तीमा उपस्थिति जनाउने गृह प्रशासन स्वच्छ, निष्पक्ष, छरितो एवं जिम्मेवार हुन जरुरी हुन्छ । त्यसका लागि मन्त्रालय देखि स्थानीय स्तरमा रहेका कार्यालय तथा ईकाइहरुसम्म सञ्चार तथा प्रतिवेदनको उचित व्यवस्था मिलाउनु पर्दछ । एउटा असल व्यक्तिले धेरै फरक पार्दछ । त्यसैले चाहे निजामती होस् या प्रहरी तर्फ कार्यालय प्रमुख तोक्दा नेतृत्व क्षमता, निर्णय क्षमता, आर्थिक अनुशासन, समन्वय सीप र विगतको ट्र्याक हिस्ट्री समेत हेरेर उचित व्यक्ति, सहि जिमेवारी (Right Man in Right Place) गर्दा नतिजा राम्रो आउँछ ।यी माथिका विषयका अतिरिक्त अबको सुधार देहायका स्तम्भमा केन्द्रित हुनु जरुरी छ :

१. सुरक्षा पहिलो (Security First) भन्ने मान्यताका साथ सुरक्षा चासोलाई सम्बद्ध क्षेत्रगत नीति, कार्यक्रम र बजेटमा मूल प्रवाहीकरण गर्ने,

२. सुरक्षा निकायको संस्थागत एवं व्यक्तिगत रुपमा विषयगत क्षमता विकास गरी व्यवसायिक तुल्याउने,

३. गृह प्रशासनको आन्तरिक शुद्धीकरणमा कठोर नीति (Reward and Punishment) अवलम्वन गर्ने, सम्भव भएसम्म कर्मचारी आचारसंहिता बनाइ लागु गर्ने,

४. कानूनको प्रभावकारी कार्यान्वयन मार्फत सामाजिक विकृति र विसँगतिलाई निर्मम प्रहार गर्ने,

५. जिल्लाबाट नागरिकता प्रदान गर्दा र संस्था दर्ता गर्दा हुन सक्ने अनियमिततालाई रोक्न प्रमुख जिल्ला अधिकारीहरुलाई जिम्मेवार बनाउने,

६. नेपालको भूराजनीतिक परिवेशलाई समेत मध्यनजर गरी नागरिकता, गैर कानूनी आप्रवासन, लागू औषध ओसारपसार, साना हतियार तस्करी, मानव तस्करी एवं वेचविखन, हुण्डी कारोवार लगायतका सँगठित अपराध नियन्त्रणको लागि आवश्यक पहल गर्ने ।

७. विश्वव्यापीकरणले निम्त्याएका चुनौतिको संबोधन गर्न, नयाँ प्रविधिको आत्मसात गर्न, परिवर्तन सँगै परिवर्तन हुन, सरकारको शासकीय स्वरुपमा आएको परिवर्तन अनुरुप पाइला चाल्न, समसामयिक  नीतिगत र संरचनागत बन्दोबस्त गरी कार्य संस्कार र कार्य व्यवहारमा रुपान्तरण गर्ने ।

## ७. निश्कर्ष

समाजमा भरपर्दो शान्ति सुरक्षा र अमनचयन विकासको पूर्वशर्त हो। नागरिकका दैनन्दिनका गतिविधिहरु विना डर त्रास स्वस्फूर्त रुपमा अगाडि बढेको अवस्थामा मात्र सुरक्षा अनुभूति भरपर्दो भएको ठानिन्छ। त्यति मात्र होइन सामाजिक विकृति भेदभाव र कुरीतिको अन्त्य गरी असल शासनको अनुभूति हुने गरी कानूनी व्यवस्था कायम गराउनुका साथै समाजमा पछाडि परेका वर्गलाई अभिभावकत्व एवं संरक्षण दिनु पनि राज्यको दायित्व हो ।

नेपाल सरकारले समृद्ध नेपाल र सुखी नेपालीको नारा अगाडि सारेको छ। उक्त नाराले बोकेको राष्ट्रिय लक्ष्य हासिल गर्न समग्र सुरक्षा प्रणाली र गृह प्रशासन सुधार नै आगामी कार्यदिशा हो । नागरिकको अपेक्षा बमोजिम विकास कार्यमा तीव्रता ल्याई नागरिक मैत्री सेवा प्रवाह गर्न सकिएन भने सरकारको समग्र शासकीय क्षमतामा प्रश्न चिन्ह उठ्न सक्दछ ।तसर्थ सुरक्षा प्रभावकारिता र अपराध रोकथाम एवं नियन्त्रणको कार्यजिम्मेवारीलाई उपयुक्त ढंगले व्यवस्थापन गर्नु पर्दछ। यस मानेमा गृह प्रशासनको जोड नियामक र उपचारात्मक दुवै पक्षमा सन्तुलन गर्ने ढंगले कार्यसम्पादन गर्न दत्तचित्त हुन जरुरी छ ।

# अनुसूची - ३

## आ.व.२०७६/७७ मा कार्यसम्पादन सम्झौताको कार्यान्वयन स्थिति:

मुलुकमा शान्ति, सुरक्षा, सुव्यवस्था, अमनचयन र स्थिरता कायम गर्नु गृह प्रशासनको मूलभूत कार्य हो ।शान्ति सुरक्षा कायम गर्नुको अलावा अपराध अनुसन्धान, लागू औषध निषेध तथा मदिरा नियन्त्रण, लैगिंक हिंसा न्यूनीकरण, विपद् व्यवस्थापन, सुशासन प्रत्याभूति, मानव अधिकारको संरक्षण लगायत कानुनको प्रभावकारी कार्यान्वयन गरी कानुनी राज्यको वहाल गर्नु पनि गृह मन्त्रालयको कार्यक्षेत्र भित्र पर्दछ। नेपाल सरकारको कार्य विभाजन नियमावली अनुसार अन्य कुनै पनि निकायलाई नतोकिएको कार्यको जिम्मेवारी पनि यस मन्त्रालय अन्तर्गत नै पर्दछ । गृह मन्त्रालयले वहन गर्नु पर्ने सबै जिम्मेवारीहरुलाई प्रत्येक जिल्लामा खटिएका प्रमुख जिल्ला अधिकारीहरु मार्फत पुरा गरी सरकारको नागरिक प्रतिको दायित्व निर्वाह गर्नु पर्दछ । देशको सार्वजनिक सेवालाई सक्षम, सुदृढ, सेवामूलक र उत्तरदायी बनाउँदै पारदर्शिताको माध्यमबाट गृह मन्त्रालयको कार्य सम्पादनमा संलग्न रहने अधिकारीहरुसँग कार्य सम्पादन सम्झौता गरी वस्तुपरक रुपमा मूल्याङ्कन गर्नको लागि निजामती सेवा ऐन, २०४९ को दफा १५.२, नि.से.नि. २०५० को नियम ३४ को (ख) तथा सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा १९ मा कार्य सम्पादन सम्झौता गर्न सकिने प्रावधान रहेको छ। सोही बमोजिम गृह मन्त्रालयका सचिव र मन्त्रालयका महाशाखा प्रमुख एवं मातहत विभागीय प्रमुख तथा सबै जिल्लाका प्रमुख जिल्ला अधिकारीहरु विच कार्य सम्झौताका सूचकहरु तोकि कार्यसम्पादन गर्ने गराउने गरी कार्य सम्पादन सम्झौता गरी कार्य गर्ने गराउने नवीन परम्पराको थालनी भएको छ। यसबाट सम्वद्ध अधिकारीहरुबाट मातहतसँग कार्यसम्पादन संझौता भई गृह प्रशासनको काम बढी जिम्मेवार पूर्ण र नतिजामूखि जनमुखि बन्दै गएको आभास भएको छ ।

कार्यसम्पादनलाई थप प्रभावकारी बनाउन मन्त्रालयका योजना, अनुगमन तथा मूल्याङ्कन शाखा प्रमुखको संयोजकत्वमा समिति गठन भई सुरक्षा निकायका प्रमुख, महाशाखा प्रमुख, विभागीय प्रमुख, सबै प्रमुख जिल्ला अधिकारीहरु, मन्त्रालयका शाखा प्रमुख तथा अधिकृत कर्मचारीहरुको कार्यसम्पादन सम्झौताको मूल्याङ्कन गरी मन्त्रालयका सचिव समक्ष प्रतिवेदन पेश गरियो । विश्वव्यापी कोभिड १९ को महामारीका कारण आ.व. २०७६/७७ मा प्रथम आठ महिनाका आधारमा वार्षिक मूल्याङ्कन गरिएको थियो । सुरक्षा निकाय प्रमुखहरु, महाशाखा प्रमुखहरु, विभागीय प्रमुखहरु तथा शाखा प्रमुख एवं अधिकृत कर्मचारीहरुको समग्र कामको मूल्याङ्कन गरियो । प्रमुख जिल्ला अधिकारीहरुको हकमा कार्यसम्पादन सम्झौतामा अंकभार समेत उल्लेख भएकोमा सोही बमोजिम मूल्याङ्कन गरी अति उत्कृष्ट,

उत्कृष्ट, उत्तम, मध्यम तथा न्यून समूहमा जिल्ला विभाजन गर्दा न्यून समूहमा कुनै पनि जिल्ला नपर्नुले कार्यसम्पादनमा भइरहेको सुधारलाई जनाउँछ । उक्त मूल्याङ्कनमा अति उत्कृष्ट (A+) समूहमा निम्न तीन जिल्ला प्रशासन कार्यालय पर्न सफल भएका छन् :

१. जिल्ला प्रशासन कार्यालय, अर्घाखाँची

२. जिल्ला प्रशासन कार्यालय, चितवन

३. जिल्ला प्रशासन कार्यालय, दाङ ।

# अनुसूची - ४

## वि.सं. २०४७ देखि हालसम्मका गृह मन्त्रीज्यूहरुको नामावली र कार्यकाल

| क्र.स. | नाम | कार्यकाल |
|---|---|---|
| १ | योग प्रसाद उपाध्याय | २०४७/०१/०६ - २०४८/०२/१४ |
| २ | शेर बहादुर देउवा | २०४८/०२/१५ - २०५१/०८/१३ |
| ३ | के.पी. शर्मा ओली | २०५१/०८/१४ - २०५२/०६/०५ |
| ४ | खुम बहादुर खड्का | २०५२/०६/०५ - २०५३/११/२८, |
| | | २०५४/०८/१८ - २०५५/०१/०७ |
| | | २०५८/०४/११ - २०५९/०६/१८ |
| ५ | वामदेव गौतम | २०५३/११/२९ - २०५४/०६/२६ |
| | | २०६५/०५/१५ - २०६६/०२/०८ |
| | | २०७०/१०/२९ - २०७२/०६/२५ |
| ६ | बुद्धिमान तामाङ | २०५४/०६/२७ - २०५४/०८/१७ |
| ७ | गोविन्दराज जोशी | २०५५/०१/०८ - २०५६/०३/१५ |
| ८ | पूर्ण बहादुर खड्का | २०५६।०३।१६ - २०५६।१२।०७ |
| ९ | रामचन्द्र पौडेल | २०५६।१२।०८ - २०५८।०४।१० |
| १० | धर्म बहादुर थापा | २०५९। ०६। २५ - २०६०।०२ |
| ११ | कमल थापा | २०६०।०२- २०६०।१२ |
| | | २०६२।०८।०४ - २०६३।०१।११ |
| १२ | दान बहादुर शाही | २०६१।०१।२० - २०६२।०८।०३ |
| १३ | कृष्ण प्रसाद सिटौला | २०६३।०१।१२ - २०६५।०५।०५ |
| १४ | भीम बहादुर रावल | २०६६।०३।०३ - २०६७।१०।२२ |
| १५ | कृष्णबहादुर महरा | २०६८।०१।२० - २०६८।०४।१५ |
| १६ | नारायणकाजी श्रेष्ठ | २०६८।०४।१६ - २०६८।०५।०३ |
| १७ | विजय कुमार गच्छदार | २०६८।०५।१२ - २०६९।११।३० |
| १८ | माधव प्रसाद घिमिरे | २०६९।१२।०४ - २०७०।१०।२७ |
| १९ | शक्ति बहादुर बस्नेत | २०७२/०७/०१-२०७३/०४/२० |
| २० | विमलेन्द्र निधी | २०७३/०४/२०-२०७४/०२/२४ |
| २१ | जनार्दन शर्मा | २०७४/०३/१२-२०७४/०६/३१ |
| २२ | राम बहादुर थापा बादल | २०७४/११/१४- हालसम्म |

# अनुसूची - ५

## वि.सं. २००७ देखि हालसम्मका गृह सचिवज्यूहरुको नामावली र कार्यकाल

| क्र.स. | नाम | कार्यकाल |
|---|---|---|
| १ | गुञ्जमान सिंह | २००७ साल |
| २ | मेघ नरसिंह प्रधान | २००९ साल |
| ३ | यदुनाथ खनाल | २०१२।१०।१३ |
| ४ | लक्ष्मी नाथ गौतम | २०१३।-२०१५/०२ |
| ५ | जीवनाथ लोहनी | २०१५।०२।१९ - २०१६।०४ |
| ६ | प्रेमनरसिंह प्रधान | २०१६।०४- २०१७।१० |
| ७ | छेत्रविक्रम राणा | २०१७।१० - २०२०।१२ |
| ८ | विष्णुमणी आचार्य | २०२०।१२- २०२३।०४ |
| ९ | छेत्रविक्रम राणा | २०२३।०५ - २०२४।०२ |
| १० | सुन्दर प्रसाद शाह | २०२४।०२- २०२९।१२ |
| ११ | शेरबहादुर शाही | २०३०।०१-२०३५।१२ |
| १२ | सूर्यप्रसाद श्रेष्ठ | २०३६।०१-२०३६।०४ |
| १३ | कर्णध्वज अधिकारी | २०३६।०५-२०३८।०५ |
| १४ | विष्णुप्रताप शाह | २०३८।०५-२०३९।०६ |
| १५ | वीरबहादुर शाही | २०३९।०६ -२०४५।०७।३० |
| १६ | भक्त बहादुर कोईराला | २०४५।०८।०१ -२०४७।१०।१९ |
| १७ | रामचन्द्र शर्मा पौडेल | २०४७।१०।२० -२०४८।०६।०३ |
| १८ | योगेन्द्रनाथ ओझा | २०४८।०६।०४- २०४९।०७।२१ |
| १९ | भोजराज पोखरेल | २०४९।०७।२२-२०५१।११।०७ |
| २० | रेबतीरमण पोखरेल | २०५१।११।१८ -२०५२।०७।०२ |
| २१ | पदम प्रसाद पोखरेल | २०५२।०७।१३ -२०५३।११।०२ |
| २२ | खेमराज रेग्मी | २०५३।११।१० -२०५३।१२।०६ |
| २३ | रेबतीरमण पोखरेल | २०५३।१२।०७- २०५४।१०।०२ |
| २४ | शरद कुमार भट्टराई | २०५४।१०।०२ -२०५५।०१।१४ |

| क्र.स. | नाम | कार्यकाल |
|---|---|---|
| २५ | पदम प्रसाद पोखरेल | २०५५।०१।१५ -२०५७।०७।०१ |
| २६ | श्रीकान्त रेग्मी | २०५७।०७।०२ -२०५८।०७।२१ |
| २७ | केशवराज राजभण्डारी | २०५८।०७।२१-२०५८।१२।१९ |
| २८ | बिजयराज भट्टराई | २०५८।१२।२२- २०५९।०३।०७ |
| २९ | टिकादत्त निरौला | २०५९।०३।०७ - २०६०।०४।२६ |
| ३० | अनन्तराज शर्मा पाण्डे | २०६०।०४।२७ -२०६१।०६।१४ |
| ३१ | चण्डीप्रसाद श्रेष्ठ | २०६१।०६।१४ - २०६२।०७।१० |
| ३२ | वालकृष्ण प्रसाई | २०६२।०७।१४- २०६३।०१।२४ |
| ३३ | उमेश प्रसाद मैनाली | २०६३।०१।२४ - २०६५।०५।२३ |
| ३४ | डा. गोविन्द प्रसाद कसुम | २०६५।०५।२४- २०६८।०२।०१ |
| ३५ | लिलामणी पौडेल | २०६८।०२।०२- २०६८।०६।०१ |
| ३६ | सुशिलजंग बहादुर राणा | २०६८।०६।०२- २०६९।०४।१७ |
| ३७ | नविन कुमार घिमिरे | २०६९।०४।२८ - २०७०।०५।२८ |
| ३८ | जनार्दन नेपाल | २०७०।०५।३० -२०७१।०१।०२ |
| २९ | सूर्य प्रसाद सिलवाल | २०७१।०१।०३ - २०७२।०८।०६ |
| ४० | नारायण गोपाल मलेगो | २०७२।०८।०६ -२०७३।०५।१९ |
| ४१ | लोकदर्शन रेग्मी | २०७३।०५।१९- २०७४।०७।०७ |
| ४२ | मोहनकृष्ण सापकोटा | २०७४।०८।०७-२०७४।१२।२५ |
| ४३ | प्रेमकुमार राई | २०७४।१२।२५ - २०७६/१०/१९ |
| ४४ | महेश्वर न्यौपाने | २०७६/१०/२० देखि हालसम्म |

# अनुसूची – ६

## विविध क्रियाकलापको फोटो ग्यालरी



सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओली ज्यूबाट अनलाईन प्रविधि मार्फत अध्यागमन कार्यालय त्रि.अ.वि मा नेपाली पोर्ट नामक अध्यागमन सूचना प्रणालीको उद्‌घाटन




१९ औं सशस्त्र प्रहरी दिवस २०७६ को पावन अवसरमा उपस्थित विशिष्ठ अतिथिज्यूहरू ।



माननीय गृह मन्त्रीज्यू र श्रीमान सचिवज्यूवाट सीतापुल प्रहरी चौकी, दार्चुलाको निरीक्षण



श्रीमान् सचिवज्यूबाट प्रहरी अधिकृतहरूलाई निर्देशन हुँदै ।




वायोमेट्रिक सहितको अध्यागमन डेक्स




प्रदेश स्तरीय सुरक्षा गोष्ठि जनकपुर



सूचना प्रविधि सम्बन्धी तालिम सुर्खेत




जिल्ला प्रशासन कार्यालयमा सचालित स्तनपान कक्ष



अतिरिक्त क्रियाकलापमा सहभागी कैदीबन्दीहरू ।



ब्युटीसियन तालिममा सहभागी महिला कैदीबन्दीहरू ।




सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सम्बन्धी अभिमुखीकरण कार्यक्रम ।



राष्ट्रिय परिचयपत्र व्यवस्थापन सम्बन्धी स्टेशन स्थापना ।



सिमावर्ती इलाकामा हुन सक्ने गैर कानुनी गतिविधिहरूलाई नियनत्रण गर्न साइकल गस्ति गर्दै ।



उत्तरी सिमावर्ती ईलाकामा सशस्त्र प्रहरी वल नेपालको पैदल गस्ति ।



सिन्धुपाल्चोकको जम्बुमा गएको पहिरोमा परी बेपत्ता भएका नागरिकहरूको खोजी कार्यमा परिचालित सशस्त्र प्रहरी बल नेपालका राष्ट्रसेवकहरू ।



डोटीको शिखर नगरपालिका स्थित सेति नदिको बिचमा फसेका व्यक्तिको जिवितै उद्धार पश्चात सुरक्षित स्थानमा लैजादै ।



दार्चुलाको छाङ्रुमा बाटो मर्मत गर्दै सशस्त्र प्रहरी बल नेपालका राष्ट्रसेवकहरू ।



जाजरकोटमा बाढी पहिरोबाट अवरूद्ध सडक खुलाउँदै नेपाल प्रहरी ।



रूकुममा पहिरोले घर बगाउँदा खोज उद्धार गरिदैं ।



सप्तरी वर्षाको कारण डुवान क्षेत्रमा प्रहरीद्वारा उद्धार गरिदै ।



सिराहा नदि कटान नियन्त्रण गर्दै नेपाल प्रहरी ।



समुदाय-प्रहरी साझेदारी अन्तर्गत विद्यालयका भाई-बहिनीहरूलाई सडक सुरक्षा सम्बन्धी अन्तर्किया गर्नुहुँदै प्रहरी उपरीक्षक ।



समुदाय-प्रहरी साझेदारी अन्तर्गतलागु औषध नियन्त्रण बिरूद्धको प्रभातफेरी कार्यक्रममा उपस्थित प्रहरी कर्मचारीहरू ।


समुदाय-प्रहरी साझेदारी अन्तर्गत बिराटनगरको मस्जीदमा अध्ययनरत मुश्लिम समुदायका बिद्यार्थीहरू सँग अर्न्तक्रिया ।

नेपाल सरकार

**गृह मन्त्रालय**

सिंहदरवार, काठमाडौं